


# दिगो विकास लक्ष्य (SDGs)

# स्थानीयकरण कार्ययोजना

## २०८३/८४-८७/८८

"दिगो विकासका लक्ष्यहरू: स्थानीय तहको सक्रियता, समावेशी विकासको सुनिश्चितता"





गौमुल गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

घटमुना, बाजुरा, सुदूरपश्चिम प्रदेश, नेपाल

टेलीफोन नं.: 9848492727

ईमेल: ito.gaumulmun@gmail.com

वेबसाइट: https://gaumulmun.gov.np

## अध्यक्षको तर्फबाट

गौमुल गाउँपालिका, बाजुरा जिल्लाको एक दुर्गम, हिमाली स्थानीय तह हो जसले सीमित स्रोत, दुर्गम भौगोलिक अवस्था, सेवा प्रवाहमा कठिनाइ, शिक्षा र स्वास्थ्य जस्ता आधारभूत सेवामा पहुँचको अभाव न्यून पूर्वाधार विकासका कारण आर्थिक, सामाजिक विकासका सूचकहरुमा पछाडि परेको स्थिति छ । समावेशी, समतामूलक र दिगो विकासलाई सुनिश्चित गर्दै आर्थिक, सामाजिक, सांस्कृतिक र पर्यावरणीय पक्षमा सन्तुलित समृद्धिको मार्ग तय गर्न दिगो वकासका लक्ष्यमा नेपालले गरेको प्रतिवद्धतालाई पूर्णता प्राप्त गर्न दिगो विकास लक्ष्य स्थानीयकरण कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्नु आवस्यक छ ।

संयुक्त राष्ट्रसङ्घको आह्वानमा विश्वको समतामूलक विकास र समृद्दिका लागि सुरू भएको सहस्राव्दी विकास लक्ष्यको परणाम र त्यसैको जगमा टेकेर पुन आह्वान गरिएको दिगो विकास लक्ष्यहरू (२०१६-२०३०) लाई कार्यान्वयन गर्न नेपाल सरकार पनि प्रतिवद्ध छ । सो कार्यान्वयनको लागि संघीय सरकारले तयार गरेको मार्गचित्रले तय गरेका राष्ट्रिय तहमा हासिल गर्नुपर्ने लक्ष्य र उद्देश्यहरुको परिपूर्तिका लागि स्थानीय तहको भूमिका निकै महत्वपूर्ण हुन्छ, जसको लागि हरेक स्थानीय सरकारले दिगो विकास लक्ष्यलाई स्थानीयकरण गरी स्थानीय परिवेश, भौगोलिक अवस्था, आर्थिक अवस्था, सामाजिक अवस्था, सांस्कृतिक स्थिति समेतलाई ध्यानमा राखेर नीति, योजना, कार्यक्रम निर्माण गरिनुपर्छ ।

गौमुल गाउँपालिका दिगो विकास लक्ष्य कार्यन्वयन गर्न प्रतिबद्ध रहेको छ । यसको लागि दिगो विकास लक्ष्य स्थानीयकरण कार्ययोजना २०८३।८४-८७।८८ तयार गरेको छ ।यसको अक्षरस कार्यन्वयन गरी अगाडी वढाईने छ ।विकासको प्रतिफलबाट गाउँपालिकामा कोहि पनि पछाडी नपरून भन्ने भन्ने मूल मान्यता अनुरूप नै दिगो विकास लक्ष्यहरूको स्थानीयकरण गर्ने योजना तयार गर्ने प्रयास गाउँपालिकाले गरेको छ ।यस योजनाको कार्यन्वयनले गाउँपालिकामा रहेका सीमान्तकृत र विकासमा पछाडी परेका समुदायको जीवनस्तर सुधार माथि उठ्ने छ भन्ने विश्वास छ ।

यस योजना निर्माण गर्ने क्रममा निरन्तर लागि पर्ने सबै जनप्रतिनिधि ज्यु तथा कर्मचारीहरुमा हार्दिक धन्यवाद व्यक्त गर्दछु ।यस कार्ययोजना निर्माणमा समन्वयकारी भूमिका खेली सहयोग गर्ने सामाजिक विकास मञ्च, सुदूरपश्चिम लाई पनि धन्यवाद ।दिगो विकास लक्ष्यको स्थानीयकरण गर्नु गाउँपालिकाको कार्यालयको मात्र जिम्मेवारी नभई सम्पूर्ण गाउँपालिका वासी, गाउँपालिका भित्र रहेका विभिन्न पेशा व्यवसाय गर्ने निजी तथा व्यवसायिक निकाय, प्रागिक क्षेत्रका सवै सरोकारवाला, विकास साझेदारहरूको पनि त्यत्तिकै अहम भूमिका रहन्छ । तसर्थ जसरी योजना निर्माण प्रक्रियामा सबै पक्षको रचनात्मक र सृजनात्मक सहयोग रह्यो त्यसरी नै कार्यान्वयनका लागि पनि सबैको साथ र सहयोग रहने छ भने अपेक्षा छ ।

हरि वहादुर रोकाया<br>
**अध्यक्ष**

## उपाध्यक्षको तर्फबाट

शान्ति र समृद्धिका लागि सहकार्य गर्ने विश्व समुदायको अठोट वमोजिम सन् २०१५, सेप्टेम्बरको ऐतिहासिक राष्ट्रसङ्घीय साधारण सभाबाट घोषणा गरिएको कार्ययोजना हो ।नेपाल सरकारले समेत दिगो विकास लक्ष्यको विश्वव्यापी एजेण्डालाई आत्मसाथ गरी लक्ष्य प्राप्तिकको प्रतिवद्धता गरेको छ । गौमुलको भू-प्राकृतिक विशेषता र मौलिक सांस्कृतिक परम्पराहरूले गर्दा दिगो विकासको लक्ष्य प्राप्तिको लागि आफ्नै अनुकुलको कार्ययोजना निर्माण गरी अगाडी वढ्नु आवस्यक देखिन्छ ।यस्ता अवस्थाहरूले स्थानीय जनताको जीवनस्तर सुधार,सेवामा पहुँच वृद्धि तथा सशक्तीकरणलाई प्राथमिकतामा राखि दिगो विकास लक्ष्य स्थानीयकरण कार्ययोजना निर्माण गर्नु आवस्य छ ।

गौमुल गाउँपालिकाको दिगो विकास लक्ष्यको स्थानीयकरण कार्ययोजना दिगो विकासका लक्ष्यहरूलाई स्थानीय तहमा कार्यन्वयन गर्नको लागि तयार पारिएको योजना हो ।यसले आर्थिक विकास, सामाजिक न्याय, र पर्यावरणीय दिगोपनालाई सन्तुलन राख्दै, हाम्रा स्थानीय स्रोत र क्षमतालाई अधिकतम उपयोग गर्दै दिगो विकास लक्ष्य प्राप्त गर्न सहयोग गर्नेछ ।यो कार्ययोजना कार्यन्वयनका लागि हामी सबैको सहभागिता र सहयोग अपरिहार्य छ ।यस दस्तावेजमा गाउँपालिका समस्या, वर्तमान अवस्था, अव चाल्नुपर्ने कदम, प्राथमिकता, अपेक्षित उपलब्धि र सूचक सहित तयार गरिएको छ ।आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वातावरणीय विकास व्यवस्थापन, संस्थागत विकास र सुशासन क्षेत्रका लक्ष्य निर्धारण गरी प्राप्तिको कार्यक्रम वानईएको छ । यसले नागरिक जीवन उकास्न र समृद्धि ल्याउन सहयोग पुग्नेछ ।नागरिक समाज, निजी क्षेत्र, सहकारी संस्था, र समुदायवीच समन्वय र साझेदारीलाई प्रोत्साहन गरेका छौं।

राष्ट्रिय योजना आयोगले तय गरेको दिगो विकास लक्ष्य स्थानीयकरण स्रोत पुस्तिका आधारमा गौमुल गाउँपालिकामा दिगो विकास लक्ष्य स्थानीकरण कार्य योजना तयार गरी मानव, पृथ्वी र समृद्धिको लागि एक समान, न्यायपूर्ण, र सुरक्षित समाज निर्माण गर्ने लक्ष्य निर्माण गरिएको छ ।यसले आर्थिक, सामाजिक, पर्यावरणीय, संस्थागत विकासमा सहयोग पुग्नेछ । यस कार्यमा सहयोग गर्ने सम्पूर्ण जनप्रतिनिधि र कर्मचारीलाई हार्दिक धन्यवाद ।

**सिता रोकाया (थापा)**
**उपाध्यक्ष**

## प्रमुख प्रशासकीय अधिकृतको तर्फबाट

शान्ति र समृद्धिका लागि सहकार्य गर्ने विश्व समुदायको अठोट वमोजिम संयुक्त राष्ट्र संघका सम्पूर्ण सदस्य राष्ट्रको सामूहिक प्रयास र प्रतिबद्धताका आधारमा सन् २०१५ मा घषणा गरिएको  कार्ययोजना दिगो विकास लक्ष्य हो ।सदस्य राष्ट्रले यी लक्ष्यलाई आन्तरिकीकरण वा स्थानीयकरण गर्नु भनेको अन्तराष्ट्रिय स्तरमा सहमत भएका विकासका एजेण्डालाई सरकारमा जिम्मेवार वनाउनु हो । स्थानीय तहले यी योननालाई आफ्नो आवधिक योजना, वार्षिक योजना नीति तथा कार्यक्रममा समेत समेटिर आन्तरिकरण तथा स्थानीकरण गर्नु पर्छ ।आयवृद्धि , गुणस्तरीय मानव पूँजी निर्माण, आर्थिक जोखिमको न्यूनीकरण गर्दै वि.सं. २०७९ अति कम विकसित देशबाट विकाशील देशमा स्तरोन्नति गर्ने र वि.सं. २०८७ सम्म दिगो विकास लक्ष्य हासिल गर्दै उच्च मध्यम आयस्तर भएको मुलुकमा स्तरोन्नति हुने गरि लक्ष्य लिइएको छ ।

स्थानीय तह नागरिकसँग दैनिक रूपमा साक्षत्कार हुने भएकोले सथानीय आवश्यकता र प्राथमिकताको बढी जानकार हुनछन् ।यसका साथै सेवा प्रावाह र स्थानीय पूर्वाधार विकास लागायतका जिम्मेवारी स्थानीय तहको भएकोले स्थानीयकरणको वढी जेम्मेवारी स्थानीय तहको रहेको छ । गौमुल गाउँपालिका, बाजुरा जिल्लाको एक दुर्गम, हिमाली स्थानीय तह हो जसले सीमित स्रोत, दुर्गम भौगोलिक अवस्था, सेवा प्रवाहमा कठिनाइ, शिक्षा र स्वास्थ्य जस्ता आधारभूत सेवामा पहुँचको अभाव न्यून पूर्वाधार विकासका कारण आर्थिक-सामाजिक विकासका सूचकहरुमा पछाडि परेको स्थिति छ । समावेशी, समतामूलक र दिगो विकासलाई सुनिश्चित गर्दै आर्थिक, सामाजिक, सांस्कृतिक र पर्यावरणीय पक्षमा सन्तुलित समृद्धिको मार्ग तय गर्न दिगो विकसा लक्ष्य स्थानीकरण गर्नु आवश्यक छ ।

दिगो विकास लक्ष्य स्थानीयकरणको लागि गौमुल गाउँपालिका दिगो विकास लक्ष्य अनुकुल हुने गरी गाउँपालिकाको आवधिक योजना निर्माण, दिगो विकास लक्ष्य स्थानीयकरणमा मध्यकालिन खर्च संरचना, वार्षिक वजेट तथा कार्यक्रम तर्जुमा, दिगो विकास लक्ष्य प्राप्तिको लागि चालु तथा पूँजीगत खर्चको व्यवस्थापन, दिगो विकास लक्ष्य कार्यान्वयनको अनुगमन तथा मुल्याङ्कन दिगो विकास लक्ष्य प्राप्तिको लागि समन्वय, सहकार्य र साझेदारीको आवस्यकता पर्छ ।

**जगदिस प्रसाद भट्ट**
प्रमुख प्रशासकीय अधिकृत

## Contents

परिच्छेद-१ प्रारम्भिक ..... 7

१.१ पृष्ठभूमि ..... 7

१.२ दिगो विकास लक्ष्यको अवधारणा ..... 10

१.३ दिगो विकासका लक्ष्य कार्यान्वयनको अवस्था ..... 13

१.४ दिगो विकासका लक्ष्य र गौमुल गाउँपालिकाको आवधिक योजना २०८२।८३-८६।८७ ..... 13

१.५ दिगो विकासका लक्ष्यहरूको कार्यन्वयनमा स्थानीय तहको भूमिका ..... 18

१.६ दिगो विकास लक्ष्यसँग सम्बन्धित सूचकको अवस्था ..... 19

परिच्छेद-२ गौमुल गाउँपालिका दिगो विकस लक्ष्यको क्षेत्रगत विश्लेषण ..... 21

२.१ सामाजिक विकाससँग जोडिएका समस्या तथा अवसरहरू ..... 21

२.२ पूर्वाधार विकाससँग जोडिएका समस्या तथा अवसरहरू ..... 22

२.३ आर्थिक विकाससँग जोडिएका समस्या तथा अवसरहरू ..... 26

२.४ संस्थागत विकास र सुशासन ..... 29

समस्याहरू ..... 29

परिच्छेद-३ आर्थिक विकास ..... 31

३.१ दिगो विकास लक्ष्य-१ (SDG1) सवै क्षेत्रबाट सबै प्रकारका गरिबी अन्त्य गर्ने । ..... 31

३.२ दिगो विकास लक्ष्य-२(SDG2) भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा उन्नत पोषण सुनिश्चत गर्ने र दिगो कृषि प्रबर्द्धन गर्ने । ..... 33

३.३ दिगो विकास लक्ष्य ८ (SDG 8): दिगो, समावेशी आर्थिक वृद्धि, पूर्ण र उत्पादनशील रोजगार र मर्यादित कामको प्रवर्द्धन ..... 37

३.४ दिगो विकास लक्ष्य १० (SDG10) मुलुकभित्र तथा मुलुकहरूबीचको असमानता घटाउने ..... 39

परिच्छेद-४ सामाजिक विकास ..... 42

४.१ दिगो विकास लक्ष्य ३ (SDG 3): सबै उमेर समूहका व्यक्तिहरूको स्वस्थ जीवन सुनिश्चित गर्ने र कल्याण प्रवर्द्धन गर्ने ..... 42

४.२ दिगो विकास लक्ष्य-४ (SDG4) समावेशी तथा समातामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र सवैका लागि जीवन पर्यन्त सिकाईका अवसर प्रवर्धन गर्ने । ..... 45

४.३ दिगो विकास लक्ष्य ५ (SDG 5): लैङ्गिक समानता हासिल गर्ने र सबै महिला, किशोरी र बालिकालाई सशक्त बनाउने ........ 48

४.४ दिगो विकास लक्ष्य ६ (SDG6 ): सवैका लागि स्वच्छ खानेपानी र सरसफाइको उपलब्धताका साथै यसको दिगो व्यवस्थापनमा सुनिश्चित गर्ने ।........ 51

४.६.१ विषय प्रवेश........ 51

परिच्छेद-५ पूर्वाधार विकास........ 54

५.१ दिगो विकास लक्ष्य ७ (SDG 7): सबैका लागि किफायती, भरपर्दो, दिगो र आधुनिक ऊर्जामा पहुँच सुनिश्चित गर्ने........ 54

५.२ दिगो विकास लक्ष्य ९ (SDG9) उत्थानशील पूर्वाधार, समावेशी र दिगो औद्योगीकरण, तथा नवप्रवर्तन (Innovation) को प्रवर्द्धन........ 55

५.३ दिगो विकास लक्ष्य ११ (SDG11) सहर तथा मानव वसोबासलाई समावेशी, सुरक्षित, उत्थानशील र दिगो वनाउने........ 58

परिच्छेद-६ वातावरणीय व्यवस्थापन........ 61

६.१ दिगो विकास लक्ष्य १२ (SDG12) दिगो उपभोग र उत्पादन प्रणाली सुनिश्चित गर्ने........ 61

६.२ दिगो विकास लक्ष्य १३ (SDG13) जलवायु परिवर्तन र यसको प्रभाव नियन्त्रण गर्न तत्काल पहल थाल्ने ।........ 63

६.३ दिगो विकास लक्ष्य १४ (SDG14) दिगो विकासको लागि महासागर, समुद्र र समुद्री साधन स्रोतहरूको संरक्षण र दिगो प्रयोग गर्ने ।........ 65

६.४ दिगो विकास लक्ष्य १५ (SDG15) पारस्थितिकीय प्रणालीको संरक्षण, पुनर्स्थापना र दिगो उपयोगको प्रबर्द्धन गर्ने, वनको दिगो व्यवस्थापन गर्ने, मरूभूमीकरण र भूक्षय रोक्ने तथा जैविक विविधताको संरक्षण गर्ने ।........ 67

परिच्छेद-७ संस्थागत विकास र सुशासन........ 70

७.१ दिगो विकास लक्ष्य १६ (SDG16) दिगो विकासका लागि शान्तिपूर्ण र समावेशी समाजको प्रवर्द्धन गर्ने, सवैको न्यायमा पहुँच प्रदान गर्ने, सवै तहमा प्रभावकारी जवाफदेही र समावेशी संस्था निर्माण गर्ने ।........ 70

७.२ दिगो विकास लक्ष्य १७ (SDG17) दिगो विकासको लागि विश्वव्यापी साझेदारी सशक्त वनाउने र कार्यान्वयनको लागि स्रोत साधन सुदृढ गर्ने........ 72

परिच्छेद-८ अनुगमन तथा मूल्याङ्कन........ 76

अनुसूची -१ ........................................................................................................................................77
अनुसूची २: सन्दर्भ सामाग्रीहरू...........................................................................................................................82

# परिच्छेद-१
# प्रारम्भिक

## १.१ पृष्ठभूमि

वर्तमान विश्व विकासका साझा अभियान र साझा कार्ययोजनाको साथ अघि बढिरहेको छ । दिगो विकास लक्ष्य यस्तै साझा प्रयास र प्रतिबद्धताको अबधारणा हो। दिगो विकासको अवधारणाले प्राकृतिक स्रोत, साधन, वातावरण, जनसङ्ख्या, र विकास गितिविधिवीचको उचित एवं सन्तुलित तालमेलमा जोड दिने गर्दछ । आर्थिक सामाजिक र वातावरणीय विकासवीचको सन्तुलन माग गर्दछ । गौमुल गाउँपालिका सामाजिक र वातावरणीय विकास बहन गर्न सक्ने, वातावरणीय र आर्थिक विकास सम्भावनायुक्त तथा सामाजिक र आर्थिक विकास समतामूलक हुनु आवस्यक छ । आधारभूत आवस्यकताको परिपूर्ति र विद्यमान स्रोतको उचित प्रयोग दिगो विकासका मुख्यतया दुई आधारभूत सिद्धान्त हुन ।

गौमुल गाउँपालिका नेपालको सुदुरपश्चिम प्रदेशमा अवस्थित हिमाली जिल्ला बाजुराका ९ स्थानीय तहहरु मध्ये एक हो । बाजुरा जिल्ला सदरमुकाम मार्तडी देखि उत्तर पश्चिममा अवस्थित यो पालिकाको पूर्वमा बुढिनन्दा नगरपालिका, पश्चिममा बझाङ्ग जिल्ला, हिमाली गाउपालिका र दक्षिणमा बडिमालिका नगरपालिका र छेडेदह गाउँपालिका रहेकाछन् । यो गाउपालिका समुद्री सतह देखि १३६० मिटर देखि ५४४० मि. सम्म फैलिएको छ । यस गाउँपालिकाको अधिकाँश भूभाग उच्च पहाडी र हिमाली क्षेत्र भित्र पर्दछ। गौमुल गाउँपालिकाको क्षेत्रफल ३१४.६६ वर्ग किलो मिटर रहेको छ । यस गाउँपालिकाको अधिकाँश क्षेत्र भिरालो तथा चट्टानी भुभागमा रहेको छ । यस गाउँपालिकामा वनजङ्गलले ३७ प्रतिशत भूभाग ओगटेको छ । घाँसे भूभाग २३.९२ प्रतिशत, वुट्यान १९ प्रतिशत, र बाँझो उजाड भूभागले पनि १२.६२ प्रतिशत ओगटेको छ । गौमुल गाउँपालिकाको हावापानी समशीतोष्ण देखि चिसो सम्म रहेकोछ जहाँ जाडोमा हिमपात, गर्मीमा मध्यम तापमान र वर्षातमा अत्यधिक वर्षा हुने गर्दछ।

गौमुल गाउँपालिकाको जनसंख्या अनुसारको नक्सा




पानीको स्रोतमा खोला तथा अन्य धाराहरू प्रमुख छन् जसले खानेपानी र सिँचाइमा सहयोग पुऱ्याइरहेकाछन् । यहाँको वन क्षेत्रले जडीबुटी, काठ र घाँस जस्ता स्रोत प्रदान गर्दै जैविक विविधता र आर्थिक उपार्जनमा योगदान दिएकोछ। पहिरो, हिमपात, चट्याङ् र बाढि कटानजस्ता प्राकृतिक विपद्हरूको जोखिम उच्च छ।

प्रसानिक संरचना अनुसार गाउँपालिकाको केन्द्र घट्मुनामा रहेको छ भने हरेक वडा केन्द्रमा वडा कार्यालयहरु निर्माण गरिएका छन भने वडास्तरबाट उपलब्ध हुनु पर्ने सेवाहरु विकेन्द्रित प्रणाली अनुसार वडा कार्यालयबाट नै प्रवाह भैरहेका छन । गाउँपालिका केन्द्रमा विभिन्न विभागीय संरचनाहरु कायम भै स्थानीय तहमा नै आवश्यक कर्मचारीहरु कार्यरत छन ।

## प्राकृतिक तथा साँस्कृतिक सम्पदा

गौमुल गाउँपालिकाको कुल क्षेत्रफल ३१४.६६ वर्ग कि.मि. मध्ये ११५९८ हे. क्षेत्रफल वनजङ्गल, १४१.८९ हे. क्षेत्रफल बलौटे जमिन,७४९०.२३ हे. घाँसे क्षेत्र,६१६८.५२ हे. वुट्यान तथा झाडी,३९५३.८७ हे.बाँझो तथा उजाड भुमि र १९५३.८६ हे. खेतीयोग्य जमिनले ओगटेकोछ । कृषियोग्य जमिनमा खेतीयोग्य र बाँझो दुवै प्रकारको जमिन रहेको यस गाउँपालिकामा आम मानिसहरुलाई व्यवसायिक कृषि तथा जडीबुटि व्यवसायमा संलग्न गराउन सकिएको खण्डमा गाउँपालिका समृद्धिको लागि प्राकृतिक सम्पदाले योगदान दिन सक्ने प्रशस्त सम्भावनाहरु रहेका छन् । सांस्कृतिक सम्पदाहरूमा देउडा यहाँको सबै भन्दा लोकप्रिय संस्कृति हो । युवा देखि वृद्धवृद्धा सम्मले कुनै पनि साना देखि ठूला चाडपर्व लगायतका अवसरहरूमा देउडा मार्फत सांस्कृतिक प्रतिपर्धा गरि रामाइलो गर्ने प्रचलन रहेको छ । यसका साथै पालिका भित्र लाग्ने विभिन्न मेला जात्राहरु पनि साँस्कृतिक सम्पदाको रुपमा परिचित छन् ।

यस गाउँपालिकाको सामाजिक रितिरिवाज र चाड पर्वमा वडा दशै,तिहार,भुवा पर्व,माघी संक्रान्ति,विशु संक्रन्ति,गौरा पर्व,र देउडा आदि रहेका छन् । यस गाउँपालिकामा पुरुषहरुले दौरा,सुरुवाल,कोट,टोपी र महिलाहरुले गुन्यू,चोलो,पोते आदि भेषभुषाका रुपमा लगाउने गर्दछन् । यस गाउँपालिकामा मुख्यरुपमा धलपुरा, ब्रममाई,कैलाश,भगवति,मष्टो,घटाल आदि धार्मिक देविदेवता तथा मठमन्दिरहरुको पुजाआजा गर्ने गरिन्छ। गौमुल, रातिमाटा, डडुल्ले, कालाविल, थुम, बुगालेख, धानथोला, छोरेलेख, खारचुथील्ला, सिममाटा, जेठिवहुरानी हिमाल, बुढिगंगा नदि आदि जस्ता ऐतिहासिक तथा पर्यटकीय स्थानहरु रहेकाछन् ।

## जनसांख्यिक अवस्था

नेपालको राष्ट्रिय जनगणना २०७८ अनुसार यस गौमुल गाउँपालिकामा जम्मा घरधुरी संख्या १७१६ रहेका छन भने जम्मा जनसंख्या ८९१३ रहेको छ । उक्त जम्मा जनसंख्यामा ४६०९ जना अर्थात ५२ प्रतिशत महिला र ४३०४ जना अर्थात ४८ प्रतिशत पुरुष रहेकाछन् । वडा अनुसारको तथ्याङ्क विश्लेषण गर्दा यस अनुसार रहेको छ :

तालिका १ वडागत घरधुरी र जनसंख्या विवरण

| वडास्तरको जनसंख्या | घरधुरी | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| वडा नं १ | २३९ | ६६२ | ७४६ | १४०८ |
| वडा नं २ | ३२९ | ७९८ | ८८५ | १६८३ |
| वडा नं ३ | २८९ | ६२७ | ६९४ | १३२१ |
| वडा नं ४ | ३१३ | ८३९ | ८९० | १७२९ |
| वडा नं ५ | २३१ | ६२७ | ६५९ | १२८६ |
| वडा नं ६ | ३१५ | ७५१ | ७३५ | १४८६ |
| **जम्मा** | **१७१६** | **४३०४** | **४६०९** | **८९१३** |

स्रोतः राष्ट्रिय जनगणना २०७८

## १.२ दिगो विकास लक्ष्यको अवधारणा

विकासको साधन र साध्य दुवै मानव विकास हो ।दिगो विकासले मानव केन्द्रित विकासमा जोड दिइएको छ ।पृथ्वीको धान्न सक्ने क्षमताको सीमा भित्र रहेर मानिसको जीवनमा समृद्धि हासिल गर्न र समाजमा शान्ति कायम गर्न विश्व समुदायले अवलम्बन गरेको विकासको विश्वव्यापी खाका नै दिगो विकसाका लक्ष्य हुन् ।दिगो विकासका लक्ष्यका देहायका पाँच वटा स्तम्भ रहेका छन ।

**5Ps**

(क) पृथ्वीः (SDG Goal No. 12, 13, 14, 15) पृथ्वीमा रहेका प्राकृतिक स्रोत साधन र वातावरण भावी पुस्ताको लागि संरक्षण गर्ने ।

(ख) मानवः (SDG Goal No. 1, 2, 3, 4, 5) सबै प्रकारका गरिबी र भोकमरी अन्त्य गर्ने र मर्यादित एवं समानता कायम गर्ने ।

(ग) समृद्धिः (SDG Goal No. 6, 7, 8, 9, 10, 11) प्रकृतिसँग सामान्जस्यता कायम गरी समुन्नत र समृद्ध जीवन कायम गर्ने ।

(घ) शान्तिः (SDG Goal No. 16) शान्तिपूर्ण, समन्यायिक र समावेश समाजको निर्माण गर्ने ।

(ङ) साझेदारीः (SDG Goal No. 17) सशक्त विश्वव्यापी साझेदारीद्वारा दिगो विकासका कार्यसूचीहरूको कार्यन्वयन गर्ने ।

समग्र मानव विकासको लागि आर्थिक विकास र भौतिक पूर्वाधारको विकास पनि उत्तिकै महत्वपूर्ण हुन्छन। तर यी क्षेत्र मानव विकासका साध्य नभई साधन मात्र हुन ।दिगो विकासका लक्ष्यले साध्य प्राप्तिको लागि साधनको प्रभावकारी प्रयोगमा जोड दिएको छ ।दिगो एवं न्यायोचित विकासको दर्शनले पूर्वाधार विकास मात्र विकास नभनी दिगो प्रगतिको लागि दिगो विकासको कार्यसूचीहरूको आवस्यकता महसुस गर्दछ ।यी आवस्यकता अन्तरगत मूख्य रूपमा आर्थिक विकास, नवीन खोजी, रोजगारको अवसरहरू तथा जीविकोपार्जनहरू पर्दछन ।यसको अलवा दिगो विकासका लागि विभिन्न चुनौतिहरूको न्युनीकरण गर्न आवश्यक पर्दछ ।यस्ता चुनौति अन्तर्गत वातावरण परिवर्तन, वन विनास, मरूभूमिकरण, जमिनको क्षयीकरण तथा जैविक विविधताको हानिनोक्सानी जस्ता विषय पर्दछन ।

दिगो विकासको १७ ओटा लक्ष्य १६९ ओटा परिमाणात्मक गन्तव्य र २३२ ओटा सूचक रहेका छन। राष्ट्रिय योजना आयोगले नेपालको वस्तुगत यथार्थलाई समेट्ने गरी २४७ वटा सूचक थप गरी ४७९ सूचको निर्धारण गरिएको छ ।

**तालिकाः२ दिगो विकासका लक्ष्यहरू**

| क्र.सं. | लक्ष्य | संकेत |
|---|---|---|
| १ | सबै क्षेत्रबाट सबै प्रकारका गरिबी अन्त्य गर्ने । | |
| २ | भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा उन्नत पोषण सुनिश्चत गर्ने र दिगो कृषि प्रबर्द्धन गर्ने । | |
| ३ | सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवन सुनिश्चित गर्दै समृद्ध जीवनस्तर प्रवर्द्धन गर्ने । | |
| ४ | समावेशी तथा समातामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र सवैका लागि जीवन पर्यन्त सिकाईका अवसर प्रवर्धन गर्ने । | |
| ५ | लैंगिक समानता हासिल गर्ने र सवै महिला, किशोरी र बालिकालाई सशक्त बनाउने | |
| ६ | सवैका लागि स्वच्छ खानेपानी र सरसफाइको उपलब्धताका साथै यसको दिगो व्यवस्थापनमा सुनिश्चित गर्ने । | |

| | | |
|---|---|---|
| ७ | किफायती, विश्वसनीय, दिगो, र आधुनिक उर्जामा सबैका लागि पहुँच सुनिश्चित गर्ने । | 7 AFFORDABLE AND CLEAN ENERGY |
| ८ | भरपर्दो, समावेशी र दिगो आर्थिक वृद्धि तथा सबैका लागि पूर्ण र उत्पादनशील रोजगारी र मर्यादित कामको प्रवर्द्धन गर्ने । | 8 DECENT WORK AND ECONOMIC GROWTH |
| ९ | उत्थानशील पूर्वाधारको निर्माण, समावेशी र दिगो औद्योगीकरणको प्रबर्द्धन र नविन खोजलाई प्रोत्साहान गर्ने । | 9 INDUSTRY, INNOVATION AND INFRASTRUCTURE |
| १० | मुलुकभित्र तथा मुलुकहरूबीचको असमानता घटाउने | 10 REDUCED INEQUALITIES |
| ११ | सहर तथा मानव वस्तीहरू समावेशी, सुरक्षित, उत्थानशील र दिगो बनाउने | 11 SUSTAINABLE CITIES AND COMMUNITIES |
| १२ | दिगो उपभोग र उत्पादन प्रणाली सुनिश्चित गर्ने । | 12 RESPONSIBLE CONSUMPTION AND PRODUCTION |
| १३ | जनवायु परिवर्तन र यसको प्रभाव नियन्त्रण गर्न तत्काल पहल थाल्ने । | 13 CLIMATE ACTION |
| १४ | दिगो विकासको लागि महासागर, समुद्र र समुद्री साधन स्रोतहरूको संरक्षण र दिगो प्रयोग गर्ने । | 14 LIFE BELOW WATER |
| | | |
| १५ | पारस्थितिकीय प्रणालीको संरक्षण, पुनर्स्थापना र दिगो उपयोगको प्रबर्द्धन गर्ने, वनको दिगो व्यवस्थापन गर्ने, मरूभूमीकरण र भूक्षय रोक्ने तथा जैविक विविधताको संरक्षण गर्ने । | 15 LIFE ON LAND |
| १६ | दिगो विकासका लागि शान्तिपूर्ण र समावेशी समाजको प्रवर्द्धन गर्ने, सवैको न्यायमा पहुँच प्रदान गर्ने, सवै तहमा प्रभावकारी जवाफदेही र समावेशी संस्था निर्माण गर्ने । | 16 PEACE, JUSTICE AND STRONG INSTITUTIONS |
| १७ | दिगो विकासको लागि विश्वव्यापी साझेदारी सशक्त वनाउने र कार्यान्वयनको लागि स्रोत साधन सुदृढ गर्ने | 17 PARTNERSHIPS FOR THE GOALS |

## १.३ दिगो विकासका लक्ष्य कार्यान्वयनको अवस्था

मानवअधिकार अन्तरगत नागरिक अधिकार, राजनैतिक अधिकार, सामाजिक अधिकार, आर्थिक अधिकार कार्यान्वयन गर्ने दस्तावेजको रूपमा दिगो विकासका लक्ष्य रहेका छन । अर्को शव्दमा भन्नुपर्दा मानव अधिकारले आधारभुत आवस्यकताका विषय र गुणस्तरीय जीवनका विषयवस्तु समेटेको छ । सन। २०३० सम्म देशलाई मध्यम आय भएको मुलुकमा परिणत गर्ने लक्ष्य लिइएको छ । संविधानको धारा ५० उपधारा ३ निर्देशक सिद्धान्तमा सार्वजनिक, सहकारी र निजी क्षेत्रको सहभागितामा आर्थिक वृद्धि र दिगो आर्थिक विकास गर्ने उल्लेख गरिएको छ ।

धारा ५१ (च) विकास सम्बन्धी नीतिमा समावेशी आर्थिक विकासको लागि क्षित्रिय विकास योजना अन्तरगत दिगो सामाजिक आर्थिक विकासका रणनीतिक कार्ययोजना तयार गरी समन्वयात्मक तवरले कार्यक्रम विकास गर्नुपर्ने व्यवस्था उल्लेख गरिएको छ ।

## १.४ दिगो विकासका लक्ष्य र गौमुल गाउँपालिकाको आवधिक योजना २०८२।८३-८६।८७

| क्र.सं. | लक्ष्य | संकेत | गौमुल गाउँपालिकाको आवधिक विकास योजनाको रणनीति |
|---|---|---|---|
| १ | सवै क्षेत्रबाट सबै प्रकारका गरिबी अन्त्य गर्ने । |  | • पर्यटन, संस्कृति तथा सम्पदाको प्रवर्द्धन तथा वजारीकरण गरिनेछ ।<br>• साना तथा मझौला उद्योग र व्यपार व्यवसायको स्थापना तथा विस्तार गरिनेछ ।<br>• श्रम रोजगारी र सामाजिक सुरक्षालाई प्रवर्द्धन गरिनेछ ।<br>• सहकारी संस्थाहरू सुदृढ गरी आर्थिक विकासमा सक्रिय वनाईनेछ । |
| २ | भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा उन्नत पोषण सुनिश्चत गर्ने र दिगो कृषि प्रबर्द्धन गर्ने । |  | • कृषि तथा पशुपालन क्षेत्रमा आधुनिक प्रविधिको प्रयोग गरी उत्पादनशीलता वृद्धि गर्ने ।<br>• सिँचाइ पुर्वाधारको विस्तार र सुधार गर्न । |

| | | | |
|---|---|---|---|
| ३ | सवै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवन सुनिश्चित गर्दै समृद्ध जीवनस्तर प्रवर्द्धन गर्ने । | | • स्वास्थ्य सेवाको पहुँच र गुणस्तर अभिवृद्धि गर्ने<br>• मातृ, नवजात, वालवालिका र किसोरी स्वास्थ्य सुधार गर्ने<br>• पोषण सुधार तथा कुपोषण न्यूनीकरणका लागि एकिकृत कार्यक्रम विकास गर्ने ।<br>• रोग रोकथाम र स्वास्थ्य शिक्षा प्रवर्द्धन गर्ने<br>• स्वास्थ्य वीमा तथा आपतकालिन सेवा सुदृढ गर्ने । |
| ४ | समावेशी तथा समातामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र सवैका लागि जीवन पर्यन्त सिकाईका अवसर प्रवर्धन गर्ने । | | • विद्यालयको पूर्वाधार र शैक्षिक पहुँच सुदृढीकरण गर्ने ।<br>• गुणस्तरीय सिकाई र शिक्षक क्षमता अभिवृद्धि गर्ने ।<br>• प्रविधिमैत्री र नवप्रवर्थनयुक्त शिक्षण सिकाई प्रवर्द्धन गर्ने<br>• समावेशी शिक्षा र विद्यार्थी समग्र विकास प्रवर्द्धन गर्ने ।<br>• विज्ञान, प्रविधि र सीप विकाससँग जोडिएको व्यवहारिक शिक्षा प्रवर्द्धन गर्ने । |
| ५ | लैंगिक समानता हासिल गर्ने र सवै महिला, किशोरी र बालिकालाई सशक्त बनाउने | | • लैङ्गिक समानता र वालअधिकार प्रवर्द्धन गर्ने ।<br>• लक्षित वर्गको शिक्षा र आर्थिक सशक्तिकरण प्रवर्द्धन गर्ने ।<br>• पहुँचयुक्त पूर्वाधार र सामाजिक सुरक्षाको सुदृढीकरण गर्ने । |
| ६ | सवैका लागि स्वच्छ खानेपानी र सरसफाइको उपलब्धताका साथै यसको दिगो व्यवस्थापनमा सुनिश्चित गर्ने । | | • सुरक्षीत र भरपर्दो खानेपानी सेवा विस्तार गर्ने<br>• सरसफाई तथा ढल व्यवस्थापन प्रणाली सुधार गर्ने<br>• स्वास्थ्य र स्वच्छता सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने<br>• खानेपानी तथा सरसफाई सेवाको दिगो व्यवस्थापन सुनिश्चित गर्ने । |

| | | | |
|---|---|---|---|
| ७ | किफायती, विश्वसनीय, दिगो, र आधुनिक उर्जामा सबैका लागि पहुँच सुनिश्चित गर्ने । | | • जलस्रोतको संरक्षण र बहुउपयोग प्रणाली विकास गर्ने<br>• वैकल्पिक तथा नवीकरणीय ऊर्जाको प्रवर्द्धन गर्ने<br>• स्थानीय स्रोत र जनशक्तिको उपयोग गरी ऊर्जा आत्मनिर्भरता हासिल गर्ने |
| ८ | भरपर्दो, समावेशी र दिगो आर्थिक वृद्धि तथा सबैका लागि पूर्ण र उत्पादनशील रोजगारी र मर्यादित कामको प्रवर्द्धन गर्ने । | | • स्थानीय स्रोत र सीपको उपयोग गर्दै स्वरोजगार तथा साना उद्यम विकास कार्यक्रम सञ्चालन गर्ने,<br>• व्यवसायिक तालिम, उद्यमशीलता विकास र सीपमूलक शिक्षामार्फत उत्पादनशील श्रम बजार तयार गर्ने,<br>• वैदेशिक रोजगारमा निर्भरता घटाई स्थानीय स्तरमा दिगो रोजगारी सिर्जनाका कार्यक्रमहरू विस्तार गर्ने,<br>• असंगठित क्षेत्रका श्रमिकहरूको दर्ता, सुरक्षा र अधिकार सुनिश्चित गर्न नीतिगत सुधार तथा कार्यक्रम सञ्चालन गर्ने,<br>• सामाजिक सुरक्षा योजना (वृद्धभत्ता, अपांगता भत्ता, श्रमिक बीमा आदि) को पहुँच, प्रभावकारिता र समावेशिता सुदृढ गर्ने, |
| ९ | उत्थानशील पूर्वाधारको निर्माण, समावेशी र दिगो औद्योगीकरणको प्रबर्द्धन र नविन खोजलाई प्रोत्साहान गर्ने । | | • सुरक्षित र भूकम्प प्रतिरोधी संरचनाको विकास गर्ने ।<br>• पूर्वाधार योजनामा दिगोपन र वातावरणीय संवेदनशीलता समावेश गर्न<br>• सबै वडामा यातायात र सञ्चार पहुँच विस्तार गर्ने<br>• स्रोत परिचालन र साझेदारी मार्फत पूर्वाधार विकास गर्ने |

| | | | |
|---|---|---|---|
| | | | • निर्माण कार्यमा गुणस्तर र पारदर्शिता सुनिश्चित गर्ने<br>• यातायात पूर्वाधार निर्माणमा विपद् प्रतिरोधी उपाय अपनाउने |
| १० | मुलुकभित्र तथा मुलुकहरूबीचको असमानता घटाउने | | • लैङ्गिक समानता र वालअधिकार प्रवर्द्धन गर्ने ।<br>• लक्षित वर्गको शिक्षा र आर्थिक सशक्तिकरण प्रवर्द्धन गर्ने । |
| ११ | उत्थानशील पूर्वाधार, समावेशी र दिगो औद्योगीकरण, तथा नवप्रवर्तन (Innovation) को प्रवर्द्धन | | • सुरक्षित र भूकम्प प्रतिरोधी संरचनाको विकास गर्ने ।<br>• पूर्वाधार योजनामा दिगोपन र वातावरणीय संवेदनशीलता समावेश गर्न<br>• सबै वडामा यातायात र सञ्चार पहुँच विस्तार गर्ने<br>• स्रोत परिचालन र साझेदारी विकास गर्ने |
| १२ | दिगो उपभोग र उत्पादन प्रणाली सुनिश्चित गर्ने । | | • सिँचाइ सुविधा विस्तार तथा सुधार गर्दै उत्पादनमा विविधीकरण ल्याउने,<br>• उन्नत बीउ, मल तथा कृषि यन्त्रहरूको पहुँच वृद्धि गर्ने,<br>• पशुपालन क्षेत्रलाई वैज्ञानिक तथा व्यवस्थित बनाउने,<br>• बजारीकरण, भण्डारण र प्रशोधन संरचना विकास गर्ने,<br>• कृषि सहकारी तथा निजी क्षेत्रको सहकार्य प्रवर्द्धन गर्ने,<br>• जलवायु परिवर्तन प्रतिरोधी प्रविधिको प्रयोग विस्तार गर्ने, |

| | | | |
|---|---|---|---|
| १३ | जलवायु परिवर्तन र यसको प्रभाव नियन्त्रण गर्न तत्काल पहल थाल्ने । | | • स्थानीय जैविक प्रजातिहरूको संरक्षण तथा प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• बृक्षारोपण, जडिबुटी संरक्षण तथा स्थानीय प्रजाति प्रवर्द्धनका लागि विशेष अभियान सञ्चालन गरिनेछ ।<br>• जैविक विविधता संरक्षणमा आधारित वातावरणीय शिक्षा र जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ । |
| १४ | दिगो विकासको लागि महासागर, समुद्र र समुद्री साधन स्रोतहरूको संरक्षण र दिगो प्रयोग गर्ने । | | |
| १५ | पारस्थितिकीय प्रणालीको संरक्षण, पुनर्स्थापना र दिगो उपयोगको प्रबर्द्धन गर्ने, वनको दिगो व्यवस्थापन गर्ने, मरूभूमीकरण र भूक्षय रोक्ने तथा जैविक विविधताको संरक्षण गर्ने । | | • सामुदायिक वन व्यवस्थापन सुदृढीकरण गर्ने<br>• जैविक विविधता संरक्षण र प्रवर्द्धन गर्ने<br>• वन तथा वातावरणीय सेवा व्यवस्थापन सुदृढ गर्ने<br>जोखिमयुक्त क्षेत्रहरूमा ग्यावियन पर्खाल, तटबन्ध र ढुंगे पर्खाल निर्माण गरिनेछ ।<br>• पहिरो रोकथामका लागि बृक्षारोपण तथा वन क्षेत्र विस्तार कार्यक्रम सञ्चालन गरिनेछ ।<br>भूक्षय उच्च जोखिम भएका क्षेत्रहरूमा जैविक प्रविधि र जैविक संरक्षण उपायहरू अपनाइनेछ । |
| १६ | दिगो विकासका लागि शान्तिपूर्ण र समावेशी समाजको प्रवर्द्धन गर्ने, सवैको न्यायमा पहुँच प्रदान गर्ने, सवै तहमा प्रभावकारी | | |

| | | | |
|---|---|---|---|
| | जवाफदेही र समावेशी संस्था निर्माण गर्ने । | | |
| १७ | दिगो विकासको लागि विश्वव्यापी साझेदारी सशक्त वनाउने र कार्यान्वयनको लागि स्रोत साधन सुदृढ गर्ने | | |

## १.५ दिगो विकासका लक्ष्यहरूको कार्यन्वयनमा स्थानीय तहको भूमिका

विश्व भरिका सवै मुलुकको साझा विकासको रोडम्यापको रुपमा दिगो विकासका लक्ष्यको निर्धारण गरिएको छ । आधारभूत आवस्यकता र गुणस्तरीय जीवन सम्बन्धी विषय वस्तुलाई दिगो विकासका लक्ष्यले समेटेको छ । स्थानीय तह जनताको सवैभन्दा नजिकबाट सेवा दिने सरकार हो । अग्रपंक्तिमा उभिएर जनताका आधारभूत आवस्यकता र गुणस्तरीय जीवनको लागि स्थानीय सरकारको भूमिका महत्वपूर्ण रहन्छ । जनताका दैनिक सरोकार र उनीहरूलाई राज्यले प्रदान गर्नुपर्ने सार्वजनिक सेवा, प्राथमिक तथा माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य, सामाजिक सुरक्षा, रोजगार, स्थानीय तहका भौतिक तथा अन्य पूर्वाधार विकास, स्थानीय सुरक्षा, स्थानीय तहको सांस्कृतिक विकास, खानेपानी, सरसफाई, कृषिको विकास जस्ता विषयहरू सवै स्थानीय तहको जिम्मेवारी अन्तरगत पर्छन । यसैगरी सामाजिक समावेशीकरणसँग जोडिएका महिला, बालबालिका, दलित, जनजाती, आदिवासी, मधेशी, योनिक तथा लैंगिक अल्प संख्यक, जेष्ठ नागरिक, युवा, अपाङ्गता भएका व्यक्ति सवैका सवालहरूलाई स्थानीय त1हमा संबोधन गर्ने जिम्मेवारी स्थानीय तहको नै हो ।

स्थानीय तहका लागि संविधानको अनुसूची ८ ले दिएका अधिकारहरूसँग दिगो विकास लक्ष्यहरूको अन्तरसम्बन्ध स्थानीय तहलाई संविधानले दिएका अधिकार र जिम्मेवारीहरू प्रत्यक्ष र परोक्ष रूपमा दिगो विकासका विभिन्न लक्षहरूसँग सम्बनध राख्छन भन्ने कुरा तलको तालिकामा उल्लेक गरिएक छ ।

| क्र.सं. | विकासका मुख्य क्षेत्रहरू | संविधानको अनुसूची ८ मा उल्लेखित स्थानीय तहका अधिकारहरू | अनुसूची ८ का अधिाकारसँग मेल खाने दिगो विकास लक्षयहरू |
|---|---|---|---|
| १ | आर्थिक विकास | १०. स्थानीय वजार व्यवस्थापन, ११. ग्रामिण सडक, कृषी सडक तथा सिचाई १५. कृषि तथा पशुपालन, १८. कृषि उत्पादन व्यवस्थापन, संचालन र नियन्त्रण प्रशारको व्यवस्था सहकारी संस्था | १. सवै प्रकारको गरिवीको अन्त्य गर्ने २. भोकमरीको अन्त्य गर्ने, १०. मुलुक भित्र असमानता हटाउने ८. मर्यादित काम तथा आर्थिक विकास |

| | | | |
|---|---|---|---|
| २ | सामाजिक विकास | ८. आधारभूत र माध्यमिक शिक्षा, ९. आधारभूत स्वास्थ्य, सरसफाई, ढल निकास, १९. खानेपानी, २२.भाषा संस्कृति र ललितकलाको संरक्षण र विकास, १६. ज्येष्ठ नागरिक, अपाङ्गता भका व्यक्ति र अशक्तहरू, १७. बेरोजगरको तथ्याङ्क संकलन | ४. सवैको लागि समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा, ३. सवै उमेर समूहका व्यक्तिका लागि स्वस्थ्य जीवन, ६. सवैका लागि स्वच्छ पानी र सरसफाईको उपलब्धता ५. लैंगिक समानता हासिल गर्ने । |
| ३ | पूर्वाधार विकास | ७. स्थानीय स्तरका विकास आयोजना र परियोजनाहरू ११. स्थानीय सडक १४. घरजग्गा धनीपूर्जा बितरण १९. साना जलबिद्युत आयोजना, बैकल्पिक उर्जा | उत्थानशील पूर्वाधार, समावेशी र दिगो औद्योगीकरण, खोज ११. समावेशी, सुरक्षित, उत्थानशील र दिगो सहर तथा मानव बसोबास ७. धान्न सक्ने तथा सफा उर्जा |
| ४ | वातावरण व्यवस्थापन | वातावरण संरक्षण र जैविक विविधता २१. जलाधार, सिमसार, वन्य जन्तु, खानि तथा खनिज पदार्थ ९. सरसफाइ (फोहरमैला व्यवस्थापन) २०. विपद व्यवस्थापन | १२. दिगो उपभोग र उत्पादन प्रणाली १३. जलवायु परिवर्तन र यसको प्रभाव नियन्त्रण १४. जलजन्तुको संरक्षण १५. स्थलीय जीव जन्तुको संरक्षण |
| ५ | संस्थागत विकास , सुशासन | १२. गाउँसभा, नगरसभा, जिल्लासभा, स्थानीय अदालत, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन, ४. स्थानीय कर ५. स्थानीय सेवाको व्यवसथापन ६. स्थानीय अभिलेख व्यवस्थापन ३. एफ.एम. रेडियो संचालन, १ नगर प्रहरी | १६. दिगो विकासको लागि शान्तिपूर्ण र समावेशी समाजको प्रवर्धन गर्ने १७. लक्ष्य हासिलका लागि साझेदारी |

## १.६ दिगो विकास लक्ष्यसँग सम्बन्धित सूचकको अवस्था

| क्रसं | सूचक | एकाइ | आधार वर्षको अवस्था | | | आव २०८६/०८७ को अपेक्षा | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | नेपाल | सुदुरपश्चिम | गौमुल | नेपाल | सुदुरपश्चिम | गौमुल |
| १ | माव विकास सुचकाङ्क | इन्डेक्स | ०.६०१ | | ०.६ | ०.६५ | | ०.६०२ |
| २ | औसत आयु | वर्ष | ७१.३ | | ७२ | ७३ | | ७३ |
| ३ | प्रति व्यक्ति आय | युएस डलर | १४५६ | | १२०० | २४१३ | | १९०० |
| ४ | साक्षरता दर (५ वर्ष भन्दा माथि) | प्रतिशत | ७६.२ | | ७४.२ | ९५ | | ९५ |
| ५ | वेरोजगारी दर | प्रतिशत | ११.४ | | १५ | ५ | | ७ |
| ६ | गरिबीको रेखामुनि रहेको जनसंख्या | प्रतिशत | २०.३ | | ३० | १२ | | १५ |

| क्रसं | सूचक | एकाइ | आधार वर्षको अवस्था | | | आव २०८६/०८७ को अपेक्षा | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | नेपाल | सुदुरपश्चिम | गौमुल | नेपाल | सुदुरपश्चिम | गौमुल |
| ७ | ३० मिनेटको दूरीमा स्वास्थ्य संस्थामा पहुँच भएको परिवार | प्रतिशत | ७७ | | ७५ | ९० | | ८५ |
| ८ | उच्च मध्यमस्तरको खानेपानीमा पहुँच भएको परिवार | प्रतिशत | २५.८ | | ३० | ४५ | | ५० |
| ९ | प्रमुख खाद्यान्न बालीको उत्पादन | मे.ट./हेक्टर | ३.३ | | २ | ३.७ | | ३.५ |
| १० | बैंक तथा वित्तिय संस्थामा पहुँच पुगेको परिवार | प्रतिशत | ६३ | | ४० | ८५ | | ७० |
| १४ | पर्यटकको औषत बसाइ अवधि | दिन | १३.१ | | २ | १५ | | १० |
| १५ | विद्युतमा पहुँच घरपरिवार | संख्या | ९६.७ | | ९८ | १०० | | १०० |
| १६ | प्रति व्यक्ति विद्युत उपभोग | किलोवाट/घण्टा | ३८० | | २५० | ७०० | | ४०० |
| १९ | इन्टरनेटमा पहुँच पुगेको जनसंख्या | प्रतिशत | ६९.२ | | २० | ९० | | ५० |
| २५ | मातृमृत्यूदर प्रति लाख जिवित जन्ममा | जना | १५१ | | १५१ | ८५ | | ९५ |
| २६ | ५ वर्ष मुनि बालमृत्यूदर प्रति हजार जिवित जन्ममा | जना | ३३ | | ३३ | २२ | | २५ |
| २७ | पूर्ण खोप पाउने बालबालिका | प्रतिशत | ८० | | ७५ | ९५ | | ९५ |
| २८ | स्वास्थ्य विमामा आवद्ध जनसंख्या | प्रतिशत | २१ | | १५ | ७० | | ७० |
| २९ | प्रारम्भिक बाल विकासको अनुभव सहित कक्षा १ मा भर्ना हुने बालबालिका | प्रतिशत | ७६.९ | | ७० | १०० | | १०० |
| ३० | आधारभूत तह कक्षा १-८ पूरा गर्ने बालबालिका | प्रतिशत | ७७.१ | | ७० | १०० | | १०० |
| ३१ | शिक्षण सिकाइमा इन्टरनेटको पहुँच भएका शैक्षिक संस्था | प्रतिशत | ३५.५ | | १५ | १०० | | १०० |
| ३२ | वार्षिक सीप परिक्षण र प्रमाणिकरण | संख्या हजारमा | ६० | | ४० | १०० | | ९० |

स्रोत: गौमुल गाउँपालिकाको आवधिक योजना २०८२/०८३ - २०८६/०८७

# परिच्छेद-२

# गौमुल गाउँपालिका दिगो विकस लक्ष्यको क्षेत्रगत विश्लेषण

## २.१ सामाजिक विकाससँग जोडिएका समस्या तथा अवसरहरू

**शिक्षाः**

**समस्याहरु**

पछिल्लो समयमा सामुदायिक विद्धालयमा बिद्धार्थी संख्या घट्दै जानु मुख्य समस्या हो । । डिजिटल पहुँच सीमित छ र प्रविधिमैत्री शिक्षण पद्धति स्थायी रूपमा लागू हुन सकेको छैन । आर्थिक अभावका कारण बालबालिकाको नियमित विद्यालय जाने दर अझै न्यून छ । बालमैत्री र समावेशी शिक्षामा अझ सशक्त तरिकाले लागू गर्नु पर्ने देखिन्छ।

**अवसरहरूः**

विद्यालयहरूमा भूकम्प प्रतिरोधी भवन निर्माण, डिजिटल पहुँच विस्तार र स्थानीय पाठ्यक्रम तयार भई लागू भइरहेकोले गाउँपालिका समावेशी र गुणस्तरीय शिक्षा प्रणाली निर्माणको बाटोमा छ । सूचना प्रविधिमा आधारित शिक्षण प्रविधिको विस्तारले सिकाइ वातावरणलाई आधुनिक बनाउन मद्दत गर्न सक्छ । बालमैत्री विद्यालय अवधारणाले बालबालिकाको सम्पूर्ण विकासमा टेवा पुऱ्याउने सम्भावना छ । कृषि, स्वास्थ्य, प्रविधि र वातावरणसँग सम्बन्धित स्थानीय नवप्रवर्तन कार्यक्रमहरू विकास गरी व्यवहारिक शिक्षा प्रवर्द्धन गर्न सकिन्छ । शिक्षक सीप विकास र प्रविधि अनुकूल शिक्षणले सिकाइ नतिजामा दिगो सुधार ल्याउन सक्ने आधार बलियो बनाउन पालिकाले एकीकृत शिक्षा विकासको अवधारणा लागू गर्न सक्ने वातावरण छ ।

**स्वास्थ्यः**

समस्याहरूः

आर्थिक अभावले गर्दा विपन्न वर्गले गुणस्तरीय स्वास्थ्य सेवा लिन सकिरहेका छैनन् । बालबालिका र महिलामा कुपोषण समस्या कायमै छ । रोग रोकथामभन्दा उपचारमा बढी ध्यान दिइएको छ ।जनस्वास्थ्य शिक्षाको पहुँच कम भएकोले संक्रमण र रोग फैलिन सहज बनेको छ ।

**अवसरहरूः**

यस गाउँपालिका स्वास्थ्य तथा पोषण क्षेत्र सुधारका लागि धेरै सम्भावनाहरू छन् । गाउँपालिकामा १० शैयाको अस्पताल स्थापना भइसकेको र थप स्वास्थ्य इकाइहरूको विकास भइरहेको छ । केन्द्रमा एक्स-रे, सिआर मेशिन र आयुर्वेदिक सेवा जडान भएकाले प्रविधियुक्त सेवा विस्तार सम्भव छ । स्वास्थ्यकर्मीहरूको क्षमता अभिवृद्धि गरेर सेवा गुणस्तर सुधार्न सकिन्छ । प्रदेश र संघीय सरकारसँग समन्वय गरी विशेष कार्यक्रम सञ्चालन गर्ने सम्भावना छ । बाह्य साझेदार संस्था (जस्तै INF नेपाल) सँगको सहकार्यबाट स्वास्थ्य सेवा

विस्तार गर्न सकिन्छ । स्वास्थ्य विमा कार्यक्रमलाई अनिवार्य बनाएर सबै नागरिकलाई सुरक्षित बनाउने दीर्घकालीन सम्भावना देखिन्छ ।

### लैङ्गिक समानता तथा समाजिक समावेशीकरणः

**समस्याहरूः**

शिक्षा, स्वास्थ्य लगायतका सेवामा महिलाको पहुँच कमजोर हुनु, महिला लक्षित कार्यक्रमको कमी, हुनु, महिला, अपाङ्गता भएका व्यक्ति तथा बालमैत्री पूर्वाधारको कमी, हुनु, ज्येष्ठ नागरिकको हेरचाहमा कमी हुदै जानु, जातिय विभेद, महिला हिंसा रोकिन नसक्नु, महिला तथा तेस्रोलिङ्गी माथि विभिन्न खालका विभेद कायमै हुनु, अपाङ्गता भएका व्यक्ति एवं ज्येष्ठ नागरिकका समस्या संवोधन हुन नसक्नु, नेतृत्व तहमा महिलाको सहभागिता कम हुनु, , नेतृत्व क्षमता विकासको कमी हुनु, खण्डीकृत तथ्याङ्कको अभाव हुनु आदि प्रमुख समस्याका रूपमा रहेका छन् । लैङ्गिक विभेद, बालविवाह, महिला हिंसा र सामाजिक कुरीति अझै विद्यमान छन् ।

**अवसरहरूः**

यस गाउँपालिकामा महिला, बालबालिका तथा लक्षित वर्गको सशक्तिकरणका लागि दीर्घकालीन सम्भावना देखिन्छ । महिलाको सहभागिता बढाउने, बालबालिकालाई शिक्षामा समेट्ने, र लक्षित वर्गलाई सेवा प्रवाहमा जोड्ने प्रयत्नहरू व्यापक हुँदै गएका छन् । संघीय र प्रदेश सरकारका कार्यक्रमहरूसँग सहकार्य गरी सामाजिक सुरक्षा, स्वास्थ्य सेवा, तथा सीप विकासमा सुधार ल्याउन सकिने सम्भावना छ । विद्यालय र समुदायस्तरमा लैङ्गिक समानता तथा बाल अधिकार प्रवर्द्धन गर्ने पहलहरूलाई सुदृढ पार्न सकिन्छ । अपाङ्गता भएका व्यक्तिहरूलाई पहुँचयुक्त पूर्वाधार र सेवा सुविधा सुनिश्चित गर्दै समावेशी विकासतर्फ उन्मुख हुन सकिन्छ ।

## २.२ पूर्वाधार विकाससँग जोडिएका समस्या तथा अवसरहरू

### सडक पुल र यातायातः

**समस्याहरूः**

सडक तथा पुल निर्माणमा प्रमुख समस्या भूगोलको विकटता र विपद् जोखिम हो । बाढी, पहिरो जस्ता प्राकृतिक प्रकोपहरूले यातायात पूर्वाधारलाई बारम्बार क्षति पुऱ्याउँदै आएका छन् । सीमित बजेट, निर्माण सामग्रीको ढुवानी कठिनाइ, तथा प्राविधिक दक्ष जनशक्ति अभावले पूर्वाधार विस्तारमा अवरोध सिर्जना गरेको छ । मौसमी सडकहरूको अवस्था कमजोर हुँदा वर्षायाममा आवागमन अवरुद्ध हुने समस्या कायम छ । दीगो तथा मौसम प्रतिरोधी संरचना निर्माण गर्न थप स्रोत परिचालन र प्रविधि प्रयोग आवश्यक रहेको छ । समयमै स्तरोन्नति, नियमित मर्मतसम्भार र वातावरणीय दृष्टिकोणबाट टिकाउ योजना कार्यान्वयन गर्नु मुख्य चुनौती हो ।

**अवसरहरूः**

गाउँपालिकाको यातायात पूर्वाधार विकासमा संघीय, प्रदेश र साझेदार निकायहरूको सहकार्यद्वारा स्रोत परिचालन गरी प्रमुख सडक सञ्जाल विस्तार गर्दै घना बस्ती सम्म बाह्रै महिना सञ्चालनमा आउने सडक सञ्जाल विस्तार गर्न सकिएको खण्डमा यसले पालिका समृद्धिका लागि अतुलनीय योगदान पुऱ्याउने देखिन्छ । पर्यटन, कृषि बजार र सेवाप्रवाहमा सुधार ल्याउन सडक तथा पुलको गुणस्तर वृद्धिले महत्वपूर्ण योगदान पुऱ्याउने सम्भावना त्यतिकै कायम छ । नयाँ प्रविधि तथा वातावरणमैत्री प्रविधिको प्रयोग गरेर सडक र पुललाई टिकाउ बनाउन सकिनेछ । आन्तरिक तथा बाह्य लगानी आकर्षित गरी यातायात पूर्वाधारलाई आर्थिक स्रोतको रूपमा विकास गर्न सकिन्छ । स्थायी, सबै मौसममा सञ्चालनयोग्य सडक सञ्जाल विकासले समृद्ध गाउँपालिका निर्माणमा बलियो आधार तयार पार्नेछ ।

**भवन तथा आवासः**

**समस्याहरूः**

गौमुल गाउँपालिकामा बस्ती, आवास, भवन तथा सार्वजनिक संरचना विकास गर्दा धेरै समस्याहरू छन् । प्रमुख समस्याहरूमा विकट भौगोलिक अवस्थाका कारण यातायात सुविधा अभाव, निर्माण सामग्री ढुवानीमा कठिनाइ र पर्याप्त बजेट अभाव प्रमुख हुन । पुराना भवनहरू भूकम्प प्रतिरोधी नभएकाले जोखिम उच्च छ । गुणस्तरीय निर्माण कार्यमा प्राविधिक जनशक्ति र प्रविधिको कमीले प्रभाव पारेको छ । सार्वजनिक भवनहरूको नियमित मर्मत सम्भारको अभाव र अनुगमन प्रणाली कमजोर रहेको छ । बढ्दो जनसंख्याका कारण सुरक्षित र व्यवस्थित बस्ती व्यवस्थापन जटिल बन्दै गएको छ ।

**अवसरहरूः**

। नयाँ प्रविधिको प्रयोग, हरित भवन अवधारणाको अपनत्व र स्थानीय स्रोत साधनको उपयोगले लागतसमेत कम गर्न सकिन्छ । साथै, जनताको सहभागिता र सघन अनुगमन प्रणाली विकास गरेर संरचनात्मक विकासलाई दिगो बनाउन सकिन्छ । सुरक्षित बस्ती र आवास निर्माणबाट विपद् प्रतिरोधी समुदाय निर्माण गर्ने सम्भावना प्रष्ट देखिएको छ । हालसम्म विकास गरेको भौतिक पूर्वाधारको जग एक ठूलो अवसर हो । भूकम्प प्रतिरोधी आवास प्रवर्द्धन, स्मार्ट बस्ती योजना, तथा हरित भवन प्रविधिको प्रयोगद्वारा वातावरणीय जिम्मेवारी समेत पूरा गर्न सकिन्छ। डिजिटल सेवा पहुँच र सडक विस्तारले पर्यटन, कृषि बजार पहुँचजस्ता क्षेत्रमा पनि प्रत्यक्ष फाइदा पुर्याउने अवसर छ । दीर्घकालीन दृष्टिकोण सहित पूर्वाधार सुदृढीकरणले समृद्ध गाउँपालिका निर्माण सम्भव छ ।

## सिचाई तथा नदिः

**समस्याहरूः**

कृषि योग्य सबै जमिनमा सिंचाइ सुविधा पुग्न नसक्नु, नदीजन्य प्रकोप बढ्दै जानु, सिंचाइ योजनामा नयाँ प्रविधिको प्रयोग न्यून हुनु। खेतीयोग्य जमिनका लागि प्रयाप्त सिँचाइ संरचनाको विकास नहुनु , अधिकांश खेतीपाती मौसमी वर्षामा निर्भर छन् र वर्षा बाहेकका समयमा बाली उत्पादनमा असहजता हुने गर्दछ । परम्परागत सिँचाइका विकल्पहरुले आवश्यकता अनुसारको सिँचाइ पुऱ्याउन सकिरहेको छैन । आवश्यकताको आधारमा प्रशस्त जलस्रोत व्यवस्थापन सहितको सिँचाइ आयोजनाहरु निर्माण गर्न जरुरी देखिन्छ । बजेट अभाव, प्राविधिक स्रोत र दक्ष जनशक्ति नहुँदा दीर्घकालीन योजना कार्यान्वयनमा पनि समस्या देखिएको छ ।

**अवसरहरूः**

सिँचाइ क्षेत्रमा उपलब्ध जलस्रोतहरूको प्रभावकारी उपयोग चुनौतीपूर्ण देखिन्छ । वर्षैंभरि सिँचाइ सुविधा प्रदान गर्ने दीर्घकालीन योजना निर्माण र कार्यान्वयन कठिन छ । प्रविधिमा आधारित सिँचाइ प्रणाली (लिफ्ट सिँचाइ, ड्रिप, स्प्रिंकलर जस्ता) विस्तार गर्न स्रोत र प्रविधिको अभाव छ । जलवायु परिवर्तनका असरहरू, भू—गर्भीय संरचनाको जटिलता, तथा समुदायको सीमित आर्थिक साधनले पूर्वाधार विस्तारमा अवरोध सिर्जना गरेका छन् । किसानलाई नयाँ प्रविधिमा आकर्षित गर्नु अर्को मुख्य चुनौती हो ।

## विद्युत तथा वैकल्पिक उर्जा सम्बद्ध समस्याहरूः

यस गाउँपालिकामा विद्युत् आपूर्तिमा नियमितता नहुनु बेलाबेलामा लोडसेडिंगका साथै पावर कम भैरहनु,, आर्थिक क्रियाकलापमा विद्युतलाई जोड्न नसक्नु, ऊर्जाको लागि अझै पनि दाउराको प्रयोगले स्थानीय वनहरुमा दबाब बढ्दै जानु आदि प्रमुख समस्या हुन्। विद्युत् सेवा विस्तार भए पनि विद्युत् आपूर्ति स्थायित्व र गुणस्तरको समस्या विद्यमान छ। साना जलविद्युत् आयोजनाहरू नियमित मर्मत अभाव र प्रविधिगत कमजोरीका कारण अवरुद्ध भइरहन्छन् सोलार जस्ता वैकल्पिक ऊर्जाको पहुँच पनि सीमित छ। पूर्वाधार निर्माणमा स्रोत अभाव, स्थानीय जनशक्ति अभाव र लामो प्रक्रिया जस्ता समस्याहरू देखिएका छन्। खानेपानी तथा सिँचाइको प्रयोजनका लागि जलस्रोतको उपयोगमा समन्वय अभाव देखिनु पनि एक चुनौती हो।

**अवसरहरूः**

गाउँपालिकामा थुप्रै लघु खोला तथा झरनाहरू रहेका छन् जसको उपयोगबाट साना जलविद्युत् आयोजना सञ्चालन गर्न सकिने प्रचुर सम्भावना छ । वैकल्पिक ऊर्जा, विशेषतः सोलार, Improved Cooking Stove, र बायोग्यास प्रवर्द्धन मार्फत उज्यालो र स्वच्छ ऊर्जा पहुँच विस्तार गर्न सकिन्छ ।ऊर्जा आत्मनिर्भर गाउँपालिका निर्माण गर्ने अवसरले गाउँलाई दीर्घकालीन समृद्धितर्फ डोऱ्याउन सक्छ । सरकारको 'ऊर्जा अधिकार सबैका लागि÷ नीति, सौर्य तथा वैकल्पिक ऊर्जामा बढ्दो अन्तर्राष्ट्रिय लगानी, र दातृ संस्थाहरूको सहयोगले पर्याप्त ऊर्जा कार्यक्रम

सञ्चालन गर्न सकिने अवस्था छ । स्थानीय युवालाई तालिम दिएर मर्मत र सञ्चालन व्यवस्थापन गर्न सकिन्छ । निजी क्षेत्रसँगको सहकार्यद्वारा माइक्रो-हाइड्रो र सोलार ग्रिड सञ्जाल विस्तार गर्न सकिनेछ । जलस्रोत संरक्षणसँग जोडिएको ऊर्जा विकासले वातावरणीय सन्तुलन कायम राख्नसक्ने र ग्रामीण क्षेत्रको जीवनस्तर सुधार गर्न ठोस अवसर प्रदान गर्नेछ ।

### खानेपानी तथा सरसफाई सम्बद्ध समस्याहरूः

पालिकाको सबै परिवारमा स्वच्छ खानेपानी वितरण गर्न नसक्नु, सञ्चालित खानेपानी योजनाहरूको नियमित मर्मत सम्भार पद्धतिको विकास नहुनु, नागरिकको व्यापक योगदान र सहभागिता जुटाउनु, सरसफाइ सम्बन्धी जनचेतनाको कमी हुनु महत्वपूर्ण समस्या विद्यमान छन् । सबै वडामा समान रुपमा सुरक्षित खानेपानी सेवा विस्तार हुन सकेको छैन । धेरै ठाउँमा खानेपानी धारा, स्रोत र वितरण प्रणालीको मर्मत सम्भार आवश्यक छ । जलस्रोतमा प्रदूषण र सुक्खा मौसममा पानीको कमी हुनु अर्को समस्या बनेको छ । ढल व्यवस्थापनको उचित संयन्त्र अभाव छ जसले वातावरणीय तथा स्वास्थ्यजन्य जोखिम बढाएको छ । विद्यालय र सार्वजनिक स्थानहरूमा स्वच्छता पूर्वाधार अझै विस्तार गर्नु पर्ने देखिन्छ । स्रोत तथा बजेट अभावका कारण दीगो खानेपानी प्रणाली स्थापना चुनौतीपूर्ण बन्दै गएको छ । समुदायस्तरमा खानेपानी तथा सरसफाइसम्बन्धी सचेतनामा तिव्र विकास गर्नु पर्ने देखिन्छ ।

### अवसरहरूः

गाउँपालिकाको "एक घर, एक धारा" अभियानले सबै बस्तीमा खानेपानी पहुँच विस्तारको मार्ग खोलेको छ । जलस्रोत संरक्षण र बृक्षारोपण कार्यक्रमहरू मार्फत दीगो पानी आपूर्ति सम्भव देखिन्छ । सामुदायिक सहभागिता र सरसफाइ चेतनामूलक कार्यक्रमहरूले स्वच्छता संस्कार विस्तार गर्न सक्ने आधार बलियो हुँदैछ । विद्यालय र सार्वजनिक स्थानहरूमा पानी र सरसफाइ सुधारका पहलले बालबालिका र समुदायको स्वास्थ्यमा सकारात्मक प्रभाव पार्ने सम्भावना छ । साथै, बाह्य विकास साझेदारहरूसँगको सहकार्यले पूर्वाधार सुधार र दीर्घकालीन सेवा स्थायित्वमा टेवा पुर्याउने अपेक्षा गरिएको छ । गौमुलका लागि खानेपानी तथा सरसफाइ क्षेत्रको विकास गर्न थुप्रै अवसरहरू छन् । संघीय तथा प्रदेश सरकारका नीति तथा कार्यक्रमहरूसँग समन्वय गर्दै खानेपानी परियोजनाहरूमा आर्थिक तथा प्राविधिक सहयोग प्राप्त गर्ने अवसर छ । सामुदायिक स्वामित्वको धारणा विकास गरी दीगो सेवा प्रवाह सुनिश्चित गर्न सकिन्छ ।

## २.३ आर्थिक विकाससँग जोडिएका समस्या तथा अवसरहरू

### कृषि तथा पशुपालन

**समस्याहरूः**

गाउँपालिकामा कृषि तथा पशुपन्छी क्षेत्रले स्थानीय अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुर्‍याउन सक्ने प्रशस्त सम्भावना हुँदाहुदै पनि यो क्षेत्र विभिन्न समस्याबाट ग्रसित छ । उन्नत बीउ, प्रविधि र सिँचाइ सुविधाको अभाव, उत्पादनशील जमिनको सदुपयोगमा कमी, जंगली जनावरद्वारा अन्न बालीमा क्षति, जलवायु परिवर्तनका असर। निर्वाहमुखी कृषि प्रणाली हुनु, सिंचाइको सुविधा कम हुनु, कृषि प्राविधिकको कमी हुनु, कृषि उपज संकलन केन्द्रको अभाव हुनु, कृषि उपजको खरिद विक्रीमा सीमित व्यापारी रहनु, स्थानीय हवा, पानी र माटो सुहाउँदो कृषि र पशुपालनको प्रयाप्त विकास हुन नसक्नु, कृषि मूल्य श्रृखलामा जोडन नसकिनु, प्रयाप्तरुपमा व्यावसायिक पशुपालन हुन नसक्नु, भूउपयोग प्रणाली लागू हुन नसक्नु, अन्तर निकाय समन्वयको कमी हुनु आदि रहेका छन्।

**अवसरहरूः**

गौमुलमा कृषि तथा पशुपालन क्षेत्र विस्तारको उच्च सम्भावना देखिन्छ । रैथाने बाली विकासका लागि स्थानीय कृषकहरुलाई उन्नत जातका बीउविजन तथा पशुपन्छी प्रजातिहरूको प्रवर्द्धन, बहुवर्षीय बाली तथा जडीबुटी खेती, आधुनिक सिँचाइ प्रविधिको उपयोग, मौसमी तथा बाह्रैमासे तरकारी उत्पादन, सामूहिक कृषि अभ्यास तथा गोठ सुधार कार्यक्रम मार्फत उत्पादन र आम्दानी वृद्धिको सम्भावना विद्यमान छ ।

### पर्यटन तथा संस्कृति

**समस्याहरूः**

पर्यटन पूर्वाधारको विकास हुन नसक्नु, पर्यटन विकास सम्बन्धी गुरुयोजना नहुनु, पर्यटकीय उपजको पहिचान एवं बजारीकरण हुन नसक्नु, पर्यटकहरूलाई आवश्यक पर्ने होटल लगायतका सेवा सुविधा उपलब्ध नहुनु, स्थानीयस्तरमा उपलब्ध विशिष्ट कला संस्कृतिको प्रचार प्रसार हुन नसक्नु यस क्षेत्रका प्रमुख समस्या हुन प्रचारप्रसार अभाव, पहुँच मार्गको अविकसित अवस्था र ऐतिहासिक तथा प्राकृतिक सम्पदाहरूको संरक्षण र प्रवर्द्धनमा अपेक्षित उपलब्धिमुलक कार्यहरु गर्न सकिएको छैन । स्थानीय स्तरमा पर्यटन सम्बन्धी दक्ष जनशक्ति र व्यवस्थापन क्षमताको समेत कमी देखिन्छ ।

**अवसरहरू:**

यस गाउँपालिकामा अन्वेषण हुन बाँकी धेरै प्राकृतिक स्थलहरू, मौलिक संस्कृति र ऐतिहासिक सम्पदाहरू पर्यटन विकासका ठूला सम्भावना हुन् । धार्मिक स्थल, हिमाली पदमार्ग, होमस्टे तथा स्थानीय चाडपर्वहरूलाई प्रवर्द्धन गर्दै आन्तरिक र बाह्य पर्यटक आकर्षण गर्न सकिन्छ । पर्यटनले गाउँको समग्र आर्थिक विकासमा टेवा दिन सक्छ ।

गाउँपालिकाले पहुँच मार्ग विस्तार, होमस्टे प्रवर्द्धन, तथा प्राकृतिक स्रोत संरक्षणका कार्यक्रम अघि बढाइरहेको छ । संघीय र प्रदेश सरकार तथा निजी क्षेत्रबाट पर्यटन पूर्वाधारमा लगानी भित्र्याउने अवसर छ । चाडपर्व व्यवस्थापन, पर्यटन प्रशिक्षण तथा बजार प्रवर्द्धन कार्यक्रमद्वारा गाउँपालिकालाई प्रमुख हिमाली गन्तव्यका रूपमा विकास गर्ने अवसर बलियो छ ।

**उद्योग, व्यापार र व्यवसाय**

**समस्याहरू:**

संघीय ऐनसँग प्रदेश कानून बाझिएकाले स्थानीय तहको अधिकार संकुचन हुनु, नागरिकमा उद्यमशीलताको कमी, वैदेशिक रोजगारी प्रतिको आकर्षणले औद्योगिक व्यावसायिक गतिविधि न्यूनता, औद्योगिक पूर्वाधारको अभाव, उद्योग खोल्न आबश्यक पुँजी र प्रविधिको अभाव हुनु, निजी क्षेत्रसँग दीर्घकालीन लगानी गरी प्रतिफल लिने धैर्यता नहुनु, स्थानीय उत्पादनको लागत महँगो पर्नु, विप्रेषणलाई औद्योगिक लगानीमा परिचालन गर्न नसकिनु, परम्परागत रूपमा मात्र व्यापार र व्यवसाय सञ्चालन गर्नु, सेवामूलक व्यवसायको महत्व कम बुझ्नु यस क्षेत्रको प्रमुख समस्याको रूपमा रहेका छन्।

**अवसरहरू:**

रैथाने बाली सहितको कृषि उपज, जडिबुटी तथा पशुपालनजन्य उत्पादनको प्रशोधन र बजारिकरणको क्षेत्रमा मझौला उद्योग स्थापना गर्न सकिने ठूलो सम्भावना छ । लघु तथा घरेलु उद्योगको सम्भाव्यता अध्ययन गरि स्थानीय युवाहरुलाई सार्वजनिक-निजी साझेदारिता मार्फत उद्योगहरु स्थापना गर्न सकिने अवस्था छ । पर्यटनसँग सम्बन्धित उद्योग जस्तै होमस्टे, हस्तकला तथा मौलिक उत्पादन व्यवसाय विस्तारको पनि सम्भावना छ । साना जलविद्युत् आयोजना तथा सौर्य ऊर्जाको विकासले उद्योग सञ्चालनमा ऊर्जा आपूर्तिको समस्या समाधान गर्न सक्छ । युवालाई स्वरोजगारमुखी बनाउन सीपमूलक तालिम र व्यवसायिक शिक्षाको अवसर सृजना गर्न सकिन्छ ।

उद्योग तथा व्यापार प्रवर्द्धनका लागि गाउँपालिकाले नीति तथा बजेटमा प्राथमिकता दिदै आएको छ,जुन एक महत्वपूर्ण अवसर पनि हो । संघीय, प्रदेश र स्थानीय सरकार तथा गैरसरकारी निकायहरूबाट सहकार्य र अनुदानमार्फत लघु उद्योग प्रवर्द्धन गर्न सकिने अवस्था छ । कृषि उत्पादनमा विविधीकरण हुँदै गएकाले कृषि तथा पशुपन्छी केन्द्रित उद्योग स्थापना गर्न प्रशस्त अवसारहरु छन । यातायात र सञ्चार पूर्वाधार विस्तार हुँदै

गएकोले बाह्य बजार पहुँच वृद्धि हुँदै गएको छ । सहकारी संस्थाहरूले साना व्यवसायलाई वित्तीय पहुँच विस्तारमा सहयोग गर्न सक्ने र वैदेशिक रोजगारीबाट फर्किएका युवालाई उद्यमशीलता कार्यक्रममा समेट्ने अवसर समेत बढ्दो छ ।

## (घ) वातावरणीय व्यवस्थापन सँग जोडिएका समस्या तथा अवसरहरू

### वन, वातावरण

**समस्याहरूः**

इन्धनको लागि दाउरामा अत्यधिक निर्भरता हुनु, सार्वजनिक जग्गामा वन तथा वृक्षरोपण नहुनु, दाउराको बढ्दो प्रयोग, विकास प्रक्रिया सञ्चालन आदि विविध कारणले वन क्षेत्रको अतिक्रमण हुँदै जानु, जंगलमा अत्यधिक आगलागीबाट महत्वपूर्ण वनस्पति र वन्यजन्तु र चराचुरुङ्गीको विनाश हुनु, चोरी सिकारीका कारणले महत्वपूर्ण मृग तथा चराचुरुङ्गीको संख्या घट्दै जानु, वन प्राविधिक कर्मचारीको न्यून उपस्थिति हुनु, वन पैदावार चोरी निकासी बढ्नु, सरोकारवाला निकाय र वन कार्यालय बीच समन्वयको कमी, वातावरणीय चेतनाको कमी, विकास र वातावरण बीच उचित सन्तुलन मिलाउन नसकिनु आदि यस क्षेत्रका समस्या हुन् ।

**अवसरहरूः**

गाउँपालिकाको फराकिलो वन क्षेत्र, विविध भू-संरक्षण र जलस्रोतले जैविक विविधता संरक्षण तथा प्रवर्द्धनको ठूलो सम्भावना बोकेको छ । सामुदायिक वन उपभोक्ता समूहहरूलाई सुदृढ बनाएर संरक्षण तथा वनजन्य आयआर्जन विस्तार गर्न सकिन्छ । स्थानीय वनस्पति, जडिबुटी र अन्य जैविक उत्पादनहरूको व्यावसायिक प्रबर्द्धनमार्फत जीविकोपार्जनका अवसर सिर्जना गर्न सकिन्छ । जलवायु अनुकूलन परियोजनाहरू, बृक्षारोपण अभियानहरू र जैविक विविधता संरक्षण साझेदारी कार्यक्रमहरू संचालन गरेर वातावरणीय सन्तुलन कायम राख्न सकिन्छ । संघीय तथा प्रदेश सरकार, र विकास साझेदारहरूको सहयोगले थप सम्भावना सुदृढ हुन्छ ।

### जलवायु परिवर्तन र विपद् व्यवस्थापन

**समस्याहरूः**

स्थानीय जलवायु परिवर्तन अनुकूलन कार्य योजना लागू गर्न प्राविधिक जनशक्ति र आर्थिक स्रोतको कमी हुनु, जीविकोपार्जनका लागि प्राकृतिक स्रोतहरू र सिंचाईको लागी वर्षातको पानीमा अधिक निर्भर रहनु, जलवायु परिवर्तनको कारण अतिबृष्टि हुनु र खडेरी पर्नु, मौसम पूर्वानुमानसम्बन्धी सूचनामा नागरिकको सहज पहुँच हुन नसक्नु, पुर्वसूचना प्रणाली स्थापना हुन नसक्नु, बाढी, कटान तथा पटान, खडेरी, हावाहुरी, असिना, चट्याङ, जंगली जनावरको आक्रमण, सर्पदंश जस्ता प्रकोपहरूले स्थानीय स्तरमा प्रत्यक्ष रूपमा असर परेको महसुस हुनु, वातावरण संरक्षण, जंगलमा आगलागि, चट्याङ आदिका घटनामा वृद्धि हुनु, खहरे खोला भएको कारणले कटान

तथा भूक्षयको जोखिम रहनु, स्थानीय वातावरण समितिको क्षमता कमजोर रहनु बर्षेनी प्राकृतिक तथा गैरप्राकृतिक विपद्ले जीउधनका साथै, सार्वजनिक निजी सम्पत्ति, भौतिक संरचनाहरू समेत प्रभावित हुनु आदि यस क्षेत्रका प्रमुख समस्या हुन् ।

**अवसरहरूः**

गाउँपालिकाको फराकिलो वन क्षेत्र, विविध भू-संरक्षण र जलस्रोतले जैविक विविधता संरक्षण तथा प्रवर्द्धनको ठूलो सम्भावना बोकेको छ । सामुदायिक वन उपभोक्ता समूहहरूलाई सुदृढ बनाएर संरक्षण तथा वनजन्य आयआर्जन विस्तार गर्न सकिन्छ । स्थानीय वनस्पति, जडिबुटी र अन्य जैविक उत्पादनहरूको व्यावसायिक प्रबर्द्धनमार्फत जीविकोपार्जनका अवसर सिर्जना गर्न सकिन्छ । जलवायु अनुकूलन परियोजनाहरू, बृक्षारोपण अभियानहरू र जैविक विविधता संरक्षण साझेदारी कार्यक्रमहरू संचालन गरेर वातावरणीय सन्तुलन कायम राख्न सकिन्छ । संघीय तथा प्रदेश सरकार, र विकास साझेदारहरूको सहयोगले थप सम्भावना सुदृढ हुन्छ। जनस्तरमा वातावरणीय चेतना फैलाउने कार्यक्रम, विद्यालयमा व्यवहारिक फोहर व्यवस्थापन सिकाइ, र सामुदायिक संलग्नतामा आधारित व्यवस्थापन प्रणाली विकास गर्न सकिन्छ । जैविक र अजैविक फोहर वर्गीकरण, कम्पोष्ट उत्पादन, र पुनःप्रयोगका अभ्यासहरू गाउँमै प्रोत्साहित गर्न सकिने अवस्था छ । वातावरणमैत्री नीति, संघीय र प्रदेश सरकारको सहयोग र डिजिटल सूचना प्रविधिको प्रयोगबाट वातावरण संरक्षणसँगै फोहर व्यवस्थापन सुदृढ गर्न सकिने सम्भावना प्रष्ट छ ।

फोहरमैला व्यवस्थापनलाई वातावरण संरक्षण, स्वच्छता र सामुदायिक स्वास्थ्यसँग एकीकृत गर्दै समग्र सुधार गर्नु आवश्यक छ । विद्यालय, युवा र महिला समूहलाई समावेशी रूपमा संलग्न गराई स्थानीय रूपमा फोहर वर्गीकरण, पुनःप्रयोग र कम्पोस्टिङ प्रवर्द्धन गर्न सकिनेछ । संघीय तथा प्रदेश सरकारका हरित विकास, स्वच्छ गाउँ, र जलवायु अनुकूलन नीति तथा बजेटसँग यस विषयलाई जोड्न सकिन्छ । पुनः प्रयोगयोग्य फोहरलाई सिर्जनात्मक उद्यममा रूपान्तरण गरी ग्रामीण अर्थतन्त्रसँग जोड्ने अवसर छ । यसले दीर्घकालीन वातावरणीय सुरक्षा, रोजगार सिर्जना, र सामुदायिक स्वामित्व विकास गर्न सक्नेछ

## २.४ संस्थागत विकास र सुशासन

### समस्याहरू

गाउँपालिकाले संस्थागत विकास र सुशासन प्रवर्द्धनमा उल्लेखनीय प्रयास गरे पनि विभिन्न समस्याहरू विद्यमान छन् । कर्मचारी संख्या तथा प्राविधिक दक्षता अपुग हुनु, प्रविधिको पूर्ण उपयोग हुन नसक्नु र दस्तावेज व्यवस्थापन प्रणाली प्रभावकारी नहुनु मुख्य समस्या हुन् । सेवा प्रवाहमा एकरूपता र समयपालनाको कमी, बजेट व्यवस्थापन

तथा कार्यान्वयनमा ढिलाइ र नागरिक जनगुनासो समाधानमा कमजोरी देखिन्छ । सूचनाको नियमित अद्यावधिक र पहुँचमा समस्या हुनुका साथै पारदर्शी अनुगमन तथा मूल्याङ्कन प्रणाली पूर्णरूपमा स्थापना हुन नसकेको अवस्था छ ।

स्थानीय शासन प्रणालीलाई पूर्णतः प्रभावकारी र नागरिक केन्द्रित बनाउन दीर्घकालीन संस्थागत सुधार गर्नु छ । मानव स्रोत विकास, डिजिटल सेवा सञ्चालनमा स्थायित्व ल्याउने र प्रविधि तथा नवप्रवर्तनलाई स्थानीय तहमा संस्थागत गर्नु आवश्यक छ । सेवा प्रवाहमा समयबद्धता, पारदर्शिता र जवाफदेहिता कायम राख्न कठिनाइ रहेको छ । सार्वजनिक सुनुवाइ, सामाजिक उत्तरदायित्व तथा सामुदायिक सहभागितामा आधारित सुशासन प्रवर्द्धनका कार्यहरूलाई निरन्तरता दिनु, संघीय र प्रदेश सरकारसँग समन्वय गरी नीति कार्यान्वयनमा एकरूपता समस्याको रुपमा रहेका छन ।

**अवसरहरूः**

गाउँपालिकामा प्रविधिमैत्री सेवा प्रवाह, स्थानीय नेतृत्व विकास र संस्थागत सुदृढीकरणका क्षेत्रमा उल्लेखनीय सम्भावना रहेको छ। संघीय तथा प्रदेश सरकारका सहकार्य कार्यक्रम, सूचना प्रविधिमा बढ्दो पहुँच, र स्थानीयस्तरको सक्रियता विकासले संस्थागत सुधारलाई बल प्रदान गर्न सक्छ । डिजिटल प्रशासन तथा डिजिटल सुशासन र मोबाइल एप्स प्रवर्द्धन मार्फत सेवामा सुलभता र पारदर्शिता कायम गर्न सकिने देखिन्छ । सुशासन प्रवर्द्धनका लागि स्थानीय नागरिक समाज, संघ—संस्था र विकास साझेदारहरूसँग सहकार्य गर्दै निर्णय प्रक्रियामा सहभागिता बढाउन सकिने देखिन्छ । संस्थागत क्षमता वृद्धिमार्फत दीर्घकालीन समावेशी र उत्तरदायी शासन प्रणाली विकास सम्भव छ ।

प्रविधिको विकास, डिजिटल नेपाल नीति र संघीय शासन संरचनाले स्थानीय तहमा संस्थागत सुधार र सुशासन प्रवर्द्धनका लागि नयाँ अवसरहरू सिर्जना गरेका छन् । बजेट तथा स्रोत व्यवस्थापनमा पारदर्शिता र प्रभावकारिता वृद्धि गर्न सूचना प्रविधिको व्यापक उपयोग सम्भव छ । सेवा प्रवाहमा समयबद्धता, नागरिक सहभागिता र अनलाइन सेवा प्रणाली स्थापनामार्फत स्थानीय सरकारलाई थप जनमैत्री बनाउन सकिन्छ । कर्मचारी क्षमता अभिवृद्धि, अनुगमन तथा मूल्याङ्कन प्रणाली सुधार र जनगुनासो व्यवस्थापन प्रणाली विस्तार गरेर विश्वसनीय शासन प्रणाली निर्माण गर्न सकिनेछ । अन्तर तह समन्वय र साझेदारीबाट संस्थागत विकासका पहलहरूलाई दिगो बनाउन सकिन्छ ।

# परिच्छेद-३
# आर्थिक विकास

## (दिगो विकास लक्ष्य १, २, ८ र १०)

## ३.१ दिगो विकास लक्ष्य-१ (SDG1) सवै क्षेत्रबाट सबै प्रकारका गरिबी अन्त्य गर्ने ।

### ३.१.१ विषय प्रवेस

गौमुल गाउँपालिकामा कृषियोग्य जमिनको अवस्था, गौमुलबासीहरुको प्रमुख पेशा तथा स्थानीय समुदायको आर्थिक अवस्थाको विश्लेषण गर्दा कृषि, पशुपन्छी पालन तथा खाद्य सुरक्षालाई गौमुल गाउँपालिकाले सामाजिक आर्थिक उन्नतिको प्रमुख आधारका रुपमा लिनु पर्ने देखिन्छ । स्थानीय विकासमूलक गतिविधिहरूमा संलग्न भएर होस वा भारत लगायत पालिका बाहिर मौसमी रोजगारीको माध्यमबाट होस आम समुदायले कमाएको आम्दानीले वार्षिक रुपमा परिवारलाई चाहिने खाद्यान्न खरिद गर्ने प्रचलन व्यापक छ जस्मा समुदायले कमाएको रकम बाहिरबाट आयातित बस्तुमा खर्च गर्ने गरेको देखिन्छ ।

**तालिकाः३ गौमुल गाउँपालिकाको आर्थिक काम गरेको अवधिको आधारमा जनसंख्याको विवरण**

| क्र.सं. | शिर्षक | प्रतिशत |
|---|---|---|
| १ | कुनै पनि आर्थिक काम नगरेको | २८.१ |
| २ | ३ महिना भन्दा कम आर्थिक काम गरेको | १२.२ |
| ३ | ३-६ महिना आर्थिक काम गरेको | २०.९ |
| ४ | ६ महिना भन्दा बढी आर्थिक काम गरेको | ३९.२ |

स्रोतः राष्ट्रिय जनगणना २०७८

आर्थिक रूपमा निष्क्रिय हुनुको कारण विद्यार्थी भएकोले ४२,७ प्रतिशत, घरायसी काम भएकोले २७.४ प्रतिशत, बृद्ध भएर ५.७ प्रतिशत, सामाजिक कार्य भएर ०.६ प्रतिशत अपाङ्गता भएर १.४ प्रतिशत, पेन्सन ०.९प्रतिशत र अन्य १४.८ प्रतिशत रहेका देखिन्छ

### ३.१.२ लागि पालिकाले चाल्नु पर्ने कदमहरूः

- पालिकाले गरिवी निवारणको लक्ष्य सहित प्रतिवद्धता गर्ने ।
- गरिवी र बेरोजगार तथा गरिब घरधुरीको सर्वेक्षण गरी प्रोफाईल तयार गर्ने ।
- शिक्षा, स्वास्थ्य, कृषि, सरसफाई जस्ता गरिवी निवारण सम्बन्धी सार्वजनिक सेवामा समावेशी पहुँच सुनिश्चित गर्ने ।
- साना तथा मझौला उद्योग र पर्यटन क्षेत्रको प्रवर्द्धन गर्ने ।सीप विकास तलिम मार्फत आय आर्जन विकास सर्ने ।

- वैदेशिक रोजगारबाट फर्केका कामदारलाई उनिहरूको ज्ञान, सीप र क्षमताको आधारमा उपयुक्त अवसर प्रदान गरी आफ्नो पालिका भित्र काम गर्ने वातावरण वनाउने ।

### ३.१.३ लक्ष्य १ अन्तरगतका प्राथमिकताहरू

१) गौमुल गाउँपालिकामा गरिवी अवस्थामा रहेका नागरिकको पहिचान गर्ने ।

२) सिमान्तिकृत अवस्थामा रहेका नागरिकको आर्थिक सशक्तिकरण गर्ने

## दिगो विकास लक्ष्य १ को लागि गौमुल गाउँपालिकाको कार्ययोजना

| स्थानीय सूचक | योजना (कार्यहरू) | अपेक्षित उपलब्धी | पालिकाको जिम्मेवार शाखा /इकाई | उपलब्धी सूचक |
|---|---|---|---|---|
| १. गौमुल गाउँपालिकामा राष्ट्रिय मापदण्ड अनुसार गरिबीको रेखामुनि रहेका जनसंख्याको अनुपात (उमेर, जात, लिंग, अवस्था, भौगोलिक अवस्था अनुसार) | १. घरधुरी सर्वेक्षणमार्फत गरिब घर सपरिवारको पहिचान र वर्गीकरण (दलित, आदिवासी जनजाति, महिला प्रमुख घर, अपांगता, दुर्गम टोल आदि)। | - गरिब जनसंख्याको संख्या घट्ने | - महिला विकास शाखा | - वार्षिक रूपमा गरिबी रेखामुनिको जनसंख्या १.५—३% ले घटेको हुने । |
| | २. लक्षित सामाजिक सुरक्षा कार्यक्रम विस्तार (पोषण, शैक्षिक छात्रवृत्ति, स्वास्थ्य बीमा, नगद राहत)। | - आधारभूत सेवामा पहुँच वृद्धि | - योजना शाखा र आर्थिक विकास शाखा | - ५०% भन्दा बढी लक्षित वर्ग सामाजिक सुरक्षा सेवामा समावेश भएको हुने । |
| | ३. कृषि तथा सिपमूलक तालिम, उद्यम प्रोत्साहन कार्यक्रम। | - रोजगारी र आम्दानीको अवसर सृजना | - कृषि शाखा र उद्यम विकास शाखा | - न्यूनतम ५०० घरधुरी सिप विकास वा कृषि आधारित आम्दानी कार्यक्रममा सहभागी भएको हुने । |
| | ४. युवालाई स्थानीय रोजगारी सिर्जना कार्यक्रम। | - रोजगारी र आम्दानीको अवसर सृजना | - रोजगार सेवा केन्द्र र उद्यम विकास शाखा | - वेरोजगारीको दर अपेक्षित रूपमा घटेको हुनेछ । |

| | | | | |
|---|---|---|---|---|
| | ५. अध्ययन मार्फत गरिवी तथा सीमान्तकृत अबस्थामा रहेका नागरिकहरूका लागि रोजगारी र आयआर्जनका संभावनाहरुको खोजी गर्ने । | सीमान्तकृत अवस्थामा रहेका नागरिकहरूको आर्थिक सशक्तीकरणका उपायहरू पहिचान हुनेछन् । | रोजगार सेवा केन्द्र र उद्यम विकास शाखा | गाउँपालिका भित्रको रोजगारी र आयआर्जनका संभावनाहरूको विश्लेषण गरिएको प्रतिवेदन |
| | ६. गरिव तथा सिमान्तकृत समुदाय लक्षित आर्थिक सशक्तीकरण कार्यक्रम संचालन गर्ने — सीप विकास, रिण सहयोग, बिउ पूँजी, उद्यमशिलता विकास तालिम, रोजगारीमा प्राथमिकता लगायतका कार्यक्रम संचालन गर्ने । | गरिब तथा सीमान्तकृत समुदायका नागरिकहरुले रोजगारी तथा आय आर्जनका अवसरहरू प्राप्त गर्नेछ र आय आर्जनमा संलग्न हुनेछ । | महिला विकास शाखा र आर्थिक प्रशासन शाखा | -गरिवी न्यूनीकरण लक्षित कार्यक्म समावेश भएको बार्षिक नीति तथा कार्यक्रम ।<br>-संचालित गरिब तथा सीमान्तकृत लक्षित आर्थिक सशक्तिकरण कार्यक्रम ।<br>-आर्थिक रूपमा सशक्तिकरण भएका युवा, गरिव, विपन्न र सीमान्तकृत समुदायका नागरिकहरूको संख्या |

## ३.२ दिगो विकास लक्ष्य-२(SDG2) भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा उन्नत पोषण सुनिश्चत गर्ने र दिगो कृषि प्रबर्द्धन गर्ने ।

### ३.२.१ विषय प्रवेश

गौमुल गाउँपालिकामा खेतीयोग्य जमिन २५०० हेक्टर रहेको छ जसमा बाह्रै महिना सिंचाईं हुने जमिन ४०० हेक्टर मात्र रहेको छ। आकाशे वर्षाको भरमा सिँचाइ हुने खेतीयोग्य जमिन २१०० हेक्टर रहेको छ। यसका अतिरिक्त पूर्णरुपमा सिँचाइ विना खेतीपाती गरिने पाखोबारी २१०० हेक्टर रहेको छ । तर खेतीयोग्य जमिन तर विविध कारणले खेतीपाती नगरिएको बाँझो जमिन १५०० हेक्टर रहेको छ । गाउँपालिकामा वार्षिकरुपमा कोदो, फापर लगायतको रैथाने अन्नबाली ३४० मे.ट., धान २०० मे.ट., मकै ३४० मे.ट., गहुँ ४०० मे.ट., तरकारी २०० मे.ट., दालबाली, २०० मे.ट., मसलाबाली, १० मे.ट., फलफूल २० मे.ट. उत्पादन हुने गरेको छ भने उक्त उत्पादनको ८० प्रतिशत उपभोग्य वस्तु उत्पादनकर्ताले नै उपभोग गर्ने

गर्दछन् । अधिकांश कृषकहरुले परम्परागत तरिकाले कृषि पेशा अङ्गालिरहेका छन भने भर्खर मात्र युवा उद्यमीहरु व्यवसायिक कृषि पेशा प्रति आकर्षिक हुदै गएको अवस्था छ ।

त्यसरी नै यस गाउँपालिकामा वर्षेनी १००००० लिटर दूध उत्पादन हुने गर्दछ । गौमुलबासीले वार्षिकरुपमा औषतमा रु ८० लाख बराबरको कुखुरा, भेडा, च्याङ्ग्रा, खसी बोका पालन गरि आफूले खाने तथा विक्रि वितरण गर्ने गरेका छन् । खाद्य सुरक्षाको अवस्था हेर्दा गौमुलमा आफ्नो वार्षिक आम्दानी तथा उत्पादनले ३ महिना भन्दा कम समय खान पुग्ने घरपरिवारको संख्या १० प्रतिशत छ भने ६ महिना सम्म खाना पुग्ने घरपरिवारको संख्या ६० प्रतिशत देखिन्छ । आफ्नो आम्दानी र उत्पादनले वर्षमा ९ महिना सम्म मात्र खान पुग्ने घरपरिवारको संख्या २० प्रतिशत मात्र रहेको देखिन्छ । वर्षभरी खान पुग्ने घरपरिवारको संख्या १० प्रतिशत मात्र रहेको देखिन्छ । आफ्नो परिवारका लागि खान तथा लुगाफाटो व्यवस्थापन गर्न कठिन गर्ने गरिबीको रेखामुनी रहेको घरपरिवारको संख्या ६० प्रतिशत रहेको देखिन्छ ।

**तालिकाः ४ वडा अनुसार कृषि र गैर कृषि क्षेत्रमा रोजगारी**

| वडा नं. | कृषि क्षेत्रको रोजगारी | गैर कृषि क्षेत्रको रोजगारी |
|---|---|---|
| १ | ८१ | ११ |
| २ | ८६.३ | १३.७ |
| ३ | ९०.८ | ९.२ |
| ४ | ८४.२ | १५.८ |
| ५ | ५७.१ | ४१.७ |
| ६ | ८२.१ | १७.१ |

स्रोतः राष्ट्रिय जनगणना २०७८

### ३.२.२ लक्ष्य नं. २ को लागि पालिकाले चाल्नु पर्ने कदमहरूः

- आफ्नो पालिकाको कृषि तथा पशुपालनलाई व्यवस्थित गर्नको लागि आवस्यक नीति,ऐन, नियमावली तयार गरी कार्यन्वयन गर्ने ।
- कृषि सडक तथा साना सिँचाई आयोजनाको निर्माण तथा सुधार गर्ने ।
- भूउपयोग मापदण्ड, र भूउपयोग योजना निर्माण गरी कार्यन्वयन गर्ने ।
- उच्च मूल्यका कृषि उत्पादन सम्बन्धी प्रविधि तथा वस्तुको वितरण तथा वजारीकरण गर्ने ।
- पशु विकास कार्यक्रम (पशु नक्ष सुधार तथा व्यवस्थापन, पशु बिमा तथा रिणको सहीजीकरण, पशुपन्छीजन्ज सेवा, पशु स्वास्थ्य सेवाको व्यवस्थापन) गर्ने ।
- गाउँपालिका भित्रका खाद्य असुरक्षा तथा कुपोषणको पहिचान गरी लक्षित कार्यक्रम सञ्चालन गर्ने ।

३.२.३ लक्ष्य २ अन्तरगतका प्राथमिकताहरू

- गौमुल गाउँपालिकामा गरिव र भोकमरीको अवस्थामा रहेका नागरिकको लागि स्वास्थ्य पोषण तथा खाद्य सुरक्षा को व्यवस्था गर्ने ।
- गरिव, विपन्न र विस्थापित नागरिकको खाद्य सुरक्षाको लागि उचित आर्थिक प्याकेज व्यवस्था गर्ने ।

## दिगो विकास लक्ष्य २ को लागि गौमुल गाउँपालिकाको कार्ययोजना

| स्थानीय सूचक | योजना (कार्यहरू) | अपेक्षित उपलब्धी | पालिकाको जिम्मेवार शाखा /इकाई | उपलब्धी सूचक |
|---|---|---|---|---|
| १. भोकमरीको अवस्था (उमेर, जात, लिंग, भौगोलिक अवस्थाअनुसार) | गाउँपालिका भित्र रहेका बेवारिसे, असहाय, भोकै रहनु पर्ने, टुहुरा वालबालिका लगायत सिमान्तकृत वालबालिकाको पहिचान र कारणको अध्ययन गर्ने । | बेवारिसे, असहाय, सडक बाबालिकाहरूको अवस्था पहिचान भई कार्यक्रम निर्माणमा सहज हुनेछ । | शिक्षा, युवा तथा खेलकुद शाखा र प्रशासन शाखा | असहाय, बेवारिसे र भोकै रहनुपर्ने अवस्थाका नागरिकको विस्तृत तथ्याङ्क |
| | - पोषणयुक्त खाद्य वितरण कार्यक्रम (गर्भवती, सुत्केरी, शिशु, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति) | - कमजोर वर्गमा भोकमरी घटाउने | - स्वास्थ्य शाखा | - कुपोषण दरमा वार्षिक २% ले कमी |
| | - विद्यालय खाजा कार्यक्रमलाई सुदृढीकरण गर्ने | - पोषण स्तरमा सुधार | - शिक्षा शाखा | - विद्यालयमा खाजा प्राप्त गर्ने विद्यार्थि प्रतिशत |
| २. विपन्न र विस्थापित को खाद्य सुरक्षा अवस्था | - सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत खाद्य भत्ता | - आपतकालीन खाद्य संकटमा न्यूनतम सुरक्षा सुनिश्चित | - वडा कार्यालयहरू | - खाद्य भत्ता प्राप्त गर्नेको संख्या |
| | - खाद्य बैंक वा संकट राहत कोषको स्थापना | | - विपद् व्यवस्थापन समिति | - खाद्य बैंक संचालन संख्या |
| ३.कृषि उत्पादनमा आत्मनिर्भर | - कृषि यान्त्रिकीकरण, बीउबिजन वितरण | - आत्मनिर्भर उत्पादन | - कृषि शाखा | - उत्पादन वृद्धिदर |
| | - सिंचाइ सुविधा विस्तार | - कृषक आम्दानीमा वृद्धि | - पूर्वाधार शाखा | - बजारसम्म कृषि वस्तु पुर्याउने कृषकको संख्या |

| | | | | |
|---|---|---|---|---|
| ता र वजारीकरण | - कृषि सहकारी मार्फत उत्पादन संकलन र बजारीकरण | जग्गाको चक्लावन्दी गरी सामुहिक कृषि खेति हुने । | -योजना शाखा | व्यवसायिक कृषि खेति द्वारा उत्पादन र उत्पादकत्व वृद्धि हुने । |
| | - स्थानीय उत्पादनलाई डिजिटल प्लेटफर्म मार्फत प्रवर्द्धन | स्थानीय कृषि उत्पादनको प्रचार प्रसार हुने | सूचना प्रविधि शाखा | पालिका वाहिरको वजारमा पालिकाको उत्पादनको पहुँच भएको हुने । |
| ४. उन्नत पशुपालन र मत्स्य पालन प्रवर्द्धन | - तालिम, बीउजात घाँस उत्पादन सहायता | - दुग्ध तथा मासु उत्पादनमा वृद्धि | -पशु सेवा शाखा | - दुध तथा मासु उत्पादनको परिमाण |
| | -पशु स्वास्थ्य शिविर तथा बीमा | - कृषकको आयमा वृद्धि हुने । | -कृषि शाखा | - पशु बीमा गरिएका पशुको संख्या |
| | -पोखरी माछापालन प्रवर्द्धन | व्यवसायिक मत्स्य पालन भएको हुने | पशु विकास शाखा | स्थानीय मत्स्य उत्पादनको वजारमा पहुँच |
| ५. महिला तथा दलित कृषकलाई विशेष प्राथमिकता | -लक्षित साना कृषक समूह गठन | - समावेशी कृषि विकास | - महिला तथा बालबालिका शाखा | समावेशी कृषि प्रणाली मार्फत कृषको जीवनस्तरमा सुधार आउने छ । |
| | - महिला कृषकको क्षमता अभिवृद्धि | - विपन्न वर्गमा उत्पादन र आम्दानीमा वृद्धि | -कृषि शाखा | महिला कृषकको उत्पादन र उत्मादकत्वमा वृद्धि आउनेछ । |
| | -अनुदानमा आधुनिक कृषि औजार वितरण | कृषिमा यन्त्रीकरण र वजारीकरण हुनेछ । | कृषि शाखा | कृषिमा यन्त्रिकरण आधुनीकरण भई उत्पादनमा वृद्धि भएको हुनेछ । |

## ३.२.४ विशेष प्राथमिकता समूहहरूः

- भोकमरीको उच्च जोखिममा रहेका बालबालिका
- गर्भवती, सुत्केरी महिला
- पहिरो-सुख्खा प्रभावित क्षेत्रका परिवार
- दलित, आदिवासी जनजाति, भूमिहीन कृषक

## ३.३ दिगो विकास लक्ष्य ८ (SDG 8): दिगो, समावेशी आर्थिक वृद्धि, पूर्ण र उत्पादनशील रोजगार र मर्यादित कामको प्रवर्द्धन

### ३.३.१ विषय प्रवेश

गौमुल गाउँपालिकाको समग्र आर्थिक अवस्था विश्लेषण गर्दा यस क्षेत्रको अर्थतन्त्र अझै परम्परागत तथा कृषिमा आधारित प्रकृतिको रहेको देखिन्छ । यहाँको ठूलो जनसंख्या कृषि, पशुपालन, वन स्रोत र प्राकृतिक सम्पदामा निर्भर रहेको छ । खेतीपातीमा आधुनिक प्रविधिको न्यून प्रयोग, उब्जाउ योग्य जमिनको सीमितता, सिंचाइको अभाव, बजार पहुँचको कमजोर अवस्था तथा प्राविधिक जनशक्तिको अभावले गर्दा कृषि उत्पादनमा पर्याप्त वृद्धि हुन सकेको छैन । तर कृषि क्षेत्रसँगै पर्यटन, उद्योग, साना व्यापार, सिंचाइ र श्रम रोजगारीमा देखिएको सम्भावनाले आगामी वर्षहरूमा समावेशी र दिगो आर्थिक विकास सम्भव बनाउने आधार तयार पारेको छ ।

### ३.३.२ लक्ष्य नं. ८ को लागि पालिकाले चाल्नु पर्ने कदमहरूः

- आफ्नो क्षेत्राधिकार भित्रका सहकारीको गठन, सञ्चालन, तथा विघटन सम्बन्धी नीति, ऐन, कानूनको निर्माण एवं कार्यन्वयन गर्ने ।
- व्यापार व्यवसाय तथा आवतजावत को पहुँच विस्तार हुने गरी स्थानीय सडक तथा पूर्वाधार योजना निर्माण गर्ने ।
- पालिका भित्रका प्रसिद्ध पर्यटकीय क्षेत्रको प्रचार प्रसार तथा प्रवर्द्धन गर्ने ।
- श्रम वजारमा महिलाको पहुँचलाई प्रवर्द्धन गर्ने ।

### ३.३.३ लक्ष्य ८ अन्तरगतका प्राथमिकताहरू

- स्थानीय रोजगारीको सिर्जना र प्रवर्द्धन गर्ने ।
- साना, घरेलु तथा लघु उद्यमशीलताको प्रोत्साहन गर्ने ।
- वैदेशिक रोजगार सुरक्षित, व्यवस्थित र पुनः एकीकरणमा केन्द्रित रणनीति कार्यन्वयन गर्ने ।
- कृषि, पर्यटन तथा सेवा क्षेत्रमार्फत उत्पादनशील रोजगारीको विस्तार गर्ने ।

## दिगो विकास लक्ष्य-८ को लागि गौमुल गाउँपालिकाको कार्ययोजना

| स्थानीय सूचकहरू | योजना (कार्यहरू) | अपेक्षित उपलब्धी | पालिकाको जिम्मेवार शाखा /इकाई | उपलब्धी सूचक |
|---|---|---|---|---|
| १. स्थानीय रोजगारीको सिर्जना र प्रवर्द्धन | - सार्वजनिक निर्माण (सडक, भवन, खानेपानी) मा स्थानीय श्रमिकको प्राथमिकता | - स्थानीय स्तरमै रोजगारी सिर्जना | पूर्वाधार शाखा, योजना शाखा | - रोजगारी प्राप्त व्यक्तिको संख्या |
| | - युवा लक्षित रोजगारी मेलाहरू आयोजना | - बेरोजगारी दरमा कमी | | - स्थानीय श्रमिकको संलग्नता प्रतिशत |
| २. साना, घरेलु तथा लघु उद्यमशीलताको प्रोत्साहन | - स्वरोजगार कार्यक्रम (तालिम, अनुदान, सहुलियत ऋण) | - स्वरोजगार सिर्जना | उद्योग तथा व्यवसाय प्रवर्द्धन इकाई, आर्थिक प्रशासन शाखा | - नवप्रारम्भ उद्यमको संख्या |
| | - महिला तथा युवा उद्यमशीलता प्रवर्द्धन | - स्वरोजगार उद्यमको संख्या वृद्धि | | - तालिम लिएका र उद्यम सुरु गरेका लाभग्राहीको संख्या |
| ३. वैदेशिक रोजगारको सुरक्षित र व्यवस्थित प्रणाली | - वैदेशिक रोजगार अभिमुखीकरण तालिम | - वैदेशिक रोजगारमा जानेहरूको दक्षता वृद्धि | रोजगार सेवा केन्द्र | - अभिमुखिकृत श्रमिक संख्या |
| | - पुनरागमन श्रमिकको सीप प्रयोगमा आधारित परियोजना | - फिर्ता श्रमिकको सामाजिक पुनःएकीकरण | | - फिर्ता श्रमिकले सुरु गरेका उद्यम |
| ४. कृषि, पर्यटन तथा सेवा क्षेत्रको रोजगारीमा जोड | - कृषि पकेट क्षेत्रमा रोजगार अभिवृद्धि | - कृषि र पर्यटनमा रोजगारीको अवसर वृद्धि | कृषि शाखा, पर्यटन प्रवर्द्धन इकाई | - कृषि/पर्यटन रोजगारीमा आबद्ध जनशक्ति |
| | - सामुदायिक होमस्टे, गाइड तालिम, स्थानीय संस्कृतिको पर्यटन उत्पादनमा विकास | - ग्रामीण युवा रोजगारीको पहुँचमा | | - व्यवसायीक होमस्टे र सेवा प्रदायक संख्या |

## ३.४ दिगो विकास लक्ष्य १० (SDG10) मुलुकभित्र तथा मुलुकहरूबीचको असमानता घटाउने

### ३.४.१ विषय प्रवेश

महिला, बालबालिका र लक्षित वर्गको हक, अवसर र सशक्तिकरणलाई विकासको मूल प्रवाहमा समेट्न गौमुल गाउँपालिकाले विशेष प्राथमिकता दिएको छ । महिलाहरूका लागि क्षमता विकास तालिम, सहकारीमार्फत आर्थिक सशक्तिकरण, सुरक्षित मातृत्व सेवा प्रवर्द्धन जस्ता कार्यक्रमहरू सञ्चालन भएका छन् । अपाङ्गता भएका व्यक्तिहरूको तथ्याङ्क संकलन, परिचयपत्र वितरण र सामाजिक सुरक्षा भत्ता उपलब्ध गराइएको छ । बालविवाह न्यूनीकरण, बाल अधिकार संरक्षण, र बालमैत्री वातावरण निर्माणका लागि विद्यालय र समुदायस्तरमा जनचेतना कार्यक्रम सञ्चालन गरिएको छ । लक्षित वर्गका बालबालिकालाई छात्रवृत्ति, स्वास्थ्य सेवा र पोषणसम्बन्धी सेवा पहुँचमा सुधार ल्याउने प्रयास भइरहेको छ । दलित तथा विपन्न समुदायलाई आवास, शिक्षा, स्वास्थ्य तथा सीप विकास कार्यक्रममार्फत जीवनस्तर उकास्ने अभियान अघि बढाइएको छ । त्यसरी नै गाउँपालिकाले जेष्ठ नागरिक सुरक्षा कार्यक्रम अन्तर्गत सामाजिक सुरक्षा भत्ताको वितरण तथा जाडो मौसममा न्यानो कपडा वितरण जस्ता कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ ।

**तालिका नं. ५ गौमुल गाउँपालिकामा वडा अनुसार अपाङ्गता विवरण**

| वडा | १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|---|
| प्रतिशत | २.१ | १.८ | ३.८ | १.६ | १.७ | २.१ |

स्रोतः राष्ट्रिय जनगणना २०७८

### ३.४.२ लक्ष्य नं. १० को लागि पालिकाले चाल्नु पर्ने कदमहरूः

- आफ्नो पालिकाभित्रका महिला केटाकेटी, गरिब तथा अन्य सुविधाबाट वञ्चित समूहमा विद्यमान असमानता हटाउन तथा सामाजिक सुरक्षाको प्रावधानको ऐन, नीति, कानून, सिद्धान्त, योजना तथा नियमन तयार तथा कार्यान्वयन गर्ने ।
- स्थानीय तहले सेवा लिने वा खरिद गर्ने लगायत सबै काममा समतामूलक तथा समावेशी तरिका अपनाउनेवारे सुनिश्चित गर्ने ।
- सार्वजनिक शिक्षा, स्वास्थ्यसेवा, पानी तथा सरसफाइमा पहुँच, फोहरमैला, रोजगारीको कारयक्रमहरू आदि जस्ता सार्वजनिक सेवाहरुमा समान पहुँच सुनिश्चित गर्ने ।

### ३.४.३ लक्ष्य १० अन्तरगतका प्राथमिकताहरू

१. वञ्चितिमा परेका लिङ्ग, वर्ग र समुदायको सशक्तीकरण र समान अवसरको प्रवर्द्धन गर्ने।

२. सामाजिक सुरक्षा र समावेशी सेवा प्रवाहमा पहुँच विस्तार गर्ने।

३. लैङ्गिक उत्तरदायी बजेट र नीतिहरूको कार्यान्वयन सुनिश्चित गर्ने।

४. अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक र अल्पसंख्यक वर्गहरूको अधिकार संरक्षण र सशक्तिकरण गर्ने।

## दिगो विकास लक्ष्य-१० को लागि गौमुल गाउँपालिकाको कार्ययोजना

| स्थानीय सूचकहरू | योजना (कार्यहरू) | अपेक्षित उपलब्धि | पालिकाको जिम्मेवार शाखा /इकाई | उपलब्धि सूचक |
|---|---|---|---|---|
| १. वञ्चित वर्गको सशक्तिकरण र समान अवसर प्रवर्द्धन | १. वञ्चित वर्गका लागि क्षमता अभिवृद्धि तालिमहरू सञ्चालन गर्ने।<br>२. शिक्षा, स्वास्थ्य र रोजगारमा समान पहुँच सुनिश्चित गर्ने कार्यक्रम लागू गर्ने। | वञ्चित वर्गमा सामाजिक सहभागिता र आर्थिक अवसरमा वृद्धि। | महिला विकास शाखा, शिक्षा शाखा, प्रशासन शाखा | तालिम लिएका व्यक्तिहरूको संख्या, रोजगार प्राप्तिको तथ्यांक |
| २. सामाजिक सुरक्षा र समावेशी सेवा प्रवाह | १. सामाजिक सुरक्षा भत्ता प्राप्तिहरूको नियमित अनुगमन र विस्तार गर्ने।<br>२. अपाङ्गता भएका र ज्येष्ठ नागरिकका लागि विशेष सेवा केन्द्र स्थापना गर्ने। | सामाजिक सुरक्षा भत्ता लाभार्थीहरूको संख्या वृद्धि, सेवाको गुणस्तरमा सुधार। | सामाजिक सुरक्षा शाखा, स्वास्थ्य शाखा | भत्ता वितरणको रिपोर्ट, सेवा केन्द्रको उपयोगकर्ता संख्या |
| ३. लैङ्गिक उत्तरदायी | १. लैङ्गिक समानता सुनिश्चित गर्न बजेट तथा नीति तयार गरी कार्यान्वयन गर्ने। | सबै योजनामा लैङ्गिक | योजना तथा बजेट शाखा, | लैङ्गिक बजेटको अनुपात, नीति कार्यान्वयनको रिपोर्ट |

| | | | | |
|---|---|---|---|---|
| बजेट र नीति कार्यान्वयन | २. स्थानीय तहका सबै योजनामा लैङ्गिक प्रभाव मूल्यांकन गर्ने। | समावेशीकरण सुनिश्चित। | महिला बाल विकास शाखा | |
| ४. अपाङ्गता, ज्येष्ठ नागरिक र अल्पसंख्यक अधिकार संरक्षण | १. अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकको लागि पहुँचमैत्री पूर्वाधार विकास गर्ने। | सामाजिक समावेशीकरणमा सुधार, अधिकार सम्बन्धी जागरूकता वृद्धि। | महिला विकास शाखा, योजना शाखा | पहुँचमैत्री पूर्वाधार संख्या, सचेतना कार्यक्रममा सहभागी संख्या |
| | २. अल्पसंख्यक समूहका हकहितको लागि सचेतना कार्यक्रम सञ्चालन गर्ने। | | | |

# परिच्छेद-४
# सामाजिक विकास

## (दिगो विकास लक्ष्य ३, ४, ५ र ६)

## ४.१ दिगो विकास लक्ष्य ३ (SDG 3): सबै उमेर समूहका व्यक्तिहरूको स्वस्थ जीवन सुनिश्चित गर्ने र कल्याण प्रवर्द्धन गर्ने

### ४.१.१ विषय प्रवेश

यस गाउँपालिकाको घट्मुनामा पालिकास्तरीय एउटा अस्पत्ताल रहेको छ जस्मा अन्तरङ्ग तथा बहिरङ्ग सहितका सेवाहरु उपलब्ध छन । सामान्य किसिमका मौसमी तथा अन्य आकस्मिक विरामीहरुका लागि उपचारका लागि पालिकाबासीहरु यस अस्पत्तालबाट सेवा लिइरहेको अवस्था छ । यसका अतिरिक्त हरेक वडामा स्वास्थ्य चौकीहरु सञ्चालनमा छन् । गाउँपालिकामा ३ वटा वर्थिङ्ग सेन्टरहरु सञ्चालनमा छन । स्वास्थ्य संस्थामा नियमित स्वास्थ्य परीक्षण गराउने गर्भवती महिलाहरुको संख्या ७५ प्रतिशत रहेको छ भने स्वास्थ्य संस्थामा सुरक्षित तरिकाले बच्चा जन्माउने महिलाको संख्या ६८ प्रतिशत रहेको छ । गर्भावस्थामा आमा र बच्चाको स्वस्थताको लागि आवश्यक सुई लगाउने गर्भवती महिलाको संख्या ७० प्रतिशत रहेको छ । गाउँपालिकामा जम्मा २० जना महिला स्वास्थ्य स्वयंसेविकाहरू कार्यरत छन । ती महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई ग्रामीण समुदायमा आम मानिसहरूलाई स्वास्थ्य सम्बन्धि सचेतना दिने, सामान्य किसिमका रोगहरूमा आकस्मिक स्वास्थ्य परीक्षण गर्ने र प्राथमिक उपचार गर्ने जस्ता कार्यहरूमा गाउँपालिकाले परिचालन गरिरहेको छ भने उनीहरूको नियमित क्षमता अभिवृद्धिका कार्यहरूमा तालिम तथा अभिमुखिकरण कार्यहरू गरिरहेको छ । छ ।

### ४.१.२ लक्ष्य नं. ३ को लागि पालिकाले चाल्नु पर्ने कदमहरूः

- आधारभूत स्वास्थ्य तथा सरसफाइसँग सम्बन्धित नीति, ऐन, नियम, सिद्धान्त, योजनाको तर्जुमा तथा कार्यान्वयन गर्ने ।
- कम्तिमा १ जना मेडिकल अधिकृत सहितको सुविधा सम्पन्न स्वास्थ्य संस्था निर्माण एवं सञ्चालन गर्ने ।

- स्वास्थ्य सेवालाई प्रभावकारी वनाउन निरोधात्मक, प्रवर्द्धात्मक तथा उपचारात्मक सेवाको व्यवस्था गर्ने ।
- पालिका भित्रका निजी स्वास्थ्य संस्थाको दर्ता, नियमन, अनुगमन तथा खारेजी गर्ने ।
- स्थानीय जडिवुटीको प्रशोधन तथा आयुर्वेद औषधिद्वारा उपचार पद्धति अवलम्बनमा जोड दिने ।

४.१.३ लक्ष्य ३ अन्तरगतका प्राथमिकताहरू

१. मातृ तथा नवजात शिशु मृत्यु दर घटाउने ।
२. बालबालिकाको पोषण तथा खोप सेवा सुधार गर्ने ।
३. सवैका लागि गुणस्तरीय र सुलभ स्वास्थ्य सेवा सुनिश्चित गर्ने ।
४. संक्रामक तथा असंक्रामक रोगहरूको रोकथाम र नियन्त्रण गर्ने ।
५. मानसिक स्वास्थ्य प्रवर्द्धन तथा आत्महत्या न्यूनीकरण गर्ने ।

## दिगो विकास लक्ष्य -३ को लागि गौमुल गाउँपालिकाको कार्ययोजना

| स्थानिय सूचकहरू | योजना (कार्यहरू) | अपेक्षित उपलब्धीहरू | पालिकाको जिम्मेवार शाखा /इकाई | उपलब्धी सूचकहरू |
|---|---|---|---|---|
| १. मातृ तथा शिशु मृत्यु दर | - सुरक्षित मातृत्व कार्यक्रम | - मातृ तथा शिशु मृत्युमा कमी | - स्वास्थ्य शाखा | - मातृ मृत्यु दर (प्रति लाख) |
| | - नियमित गर्भ परीक्षण तथा प्रसूति सेवाको पहुँच विस्तार | - सुरक्षित सुत्केरी प्रथाको प्रवर्द्धन | - स्थानीय स्वास्थ्य संस्था | - संस्थागत प्रसूति दर (%) |
| | - २४ सै घण्टा सेवा दिने स्वास्थ्य संस्था स्थापना | निरन्तर स्वास्थ्य सेवा पाउने संस्था | स्वास्थ्य संस्था | २४ घण्टा स्वास्थ्य सेवा उपलब्ध गर्ने स्वास्थ्य संस्था |
| २. बालबालिकाको खोप तथा पोषण | - सम्पूर्ण खोप अभियान | - रोग प्रतिरोधात्मक क्षमता वृद्धि | - स्वास्थ्य शाखा | - पूर्ण खोप प्राप्त बालबालिकाको प्रतिशत |
| | - नियमित स्वास्थ्य परीक्षण | - बाल मृत्युदरमा कमी | - शिक्षा शाखा | - ५ वर्ष मुनिका मृत्युदर |

| | | | | |
|---|---|---|---|---|
| | - विद्यालय पोषण कार्यक्रम | वालवाकिकाको स्थास्थ्य सुधार | शिक्षा शाखा | विद्यालय पोषण प्राप्त गर्ने विद्यार्थि प्रतिशत |
| ३. सरुवा रोग नियन्त्रण | -क्षयरोग, एचआईभी/एड्सको रोकथाम र उपचार कार्यक्रम | - सरुवा रोगको संक्रमणदर घटाउने | - स्वास्थ्य शाखा | - सरुवा रोग संक्रमितहरूको वार्षिक संख्या |
| | - नियमित परीक्षण, जनचेतना अभियान | | - स्वास्थ्य स्वयंसेवका | - उपचारमा पुगेको बिरामीको अनुपात |
| ४. दीर्घ रोग (Non-communicable diseases) न्यूनीकरण | - ब्लड प्रेसर, सुगर, मोटोपनजस्ता रोगको नियमित स्क्रीनिङ | - जनस्वास्थ्यमा सुधार | - स्वास्थ्य शाखा | - नियमित स्वास्थ्य परीक्षणमा सहभागी व्यक्तिको संख्या |
| | - खानपान, व्यायाम, तम्बाकू-रक्सी विरुद्ध सचेतना | - दीर्घ रोग नियन्त्रण | - नगर जनस्वास्थ्य कार्यालय | - तम्बाकू/रक्सी प्रयोगकर्ताको प्रतिशत घटाउने |
| ५. मानसिक स्वास्थ्य तथा नशा दुर्व्यसन | - परामर्श केन्द्र स्थापना | - मानसिक समस्या र दुर्व्यसनमा कमी | - स्वास्थ्य शाखा | - मानसिक स्वास्थ्य परामर्श सेवाको प्रयोग दर |
| | - विद्यालय र समुदायस्तरमा मानसिक स्वास्थ्य कार्यक्रम | - सामाजिक पुनःएकीकरण | - महिला विकास शाखा | - दुर्व्यसनबाट मुक्त व्यक्तिको संख्या |
| | - पुनर्स्थापना कार्यक्रम | - सामाजिक पुनःएकीकरण | - महिला विकास शाखा | पुनर्स्थापित भएका व्यक्तिको संख्या |
| ६. स्वास्थ्य सेवा पहुँच र गुणस्तर सुधार | - सबै वडामा प्राथमिक स्वास्थ्य केन्द्र/स्वास्थ्य चौकी स्थापना | - सबै नागरिकलाई आधारभूत स्वास्थ्य सेवा पहुँच | - योजना शाखा | - स्वास्थ्य संस्थामा जाने बिरामीको संख्या |

| | | | | |
|---|---|---|---|---|
| | - औषधि र जनशक्ति सुनिश्चितता | | -स्वास्थ्य शाखा | - सन्तुष्ट लाभग्राहीको प्रतिशत |
| | -डिजिटल स्वास्थ्य रेकर्ड प्रणाली | | - सूचना प्रविधि शाखा | - डिजिटल स्वास्थ्य रेकर्ड प्रणालीको स्थापना |

## ४.२ दिगो विकास लक्ष्य-४ (SDG4) समावेशी तथा समातामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र सवैका लागि जीवन पर्यन्त सिकाईका अवसर प्रवर्धन गर्ने ।

### ४.२.१ विषय प्रवेश

राष्ट्रिय कुल साक्षरता दर ७६.२ प्रतिशत जसमा महिला ६९.४, पुरूष ८३.६, रहेकोमा गौमुल गाउँपालिकाको समग्र साक्षरता दर ७४.२ प्रतिशत, महिला साक्षरता दर ६७.८ प्रतिशत, पुरुष साक्षरता दर ८१.१ प्रतिशत रहेको छ ।यसले राष्ट्रिय साक्षरता तुलनामा गौमुल गाउँपालिका नजिक रहेको देखिन्छ । गाउँपालिकामा जम्मा २४ वटा बाल विकास केन्द्रहरू, आधारभूत तहका १-३ सम्म सञ्चालित विद्यालय १० वटा, १-५ सम्म सञ्चालित ५ वटा, १-८ सम्म सञ्चालित २ वटा, माध्यमिक तहका १-१० सम्म सञ्चालित ४ वटा र १-१२ सम्म सञ्चालित २ वटा विद्यालयहरु छन् । सामुदायिक सिकाइ केन्द्रहरू २ वटा रहेका छन् ।

गाउँपालिकामा रहेका समग्र शैक्षिक संस्थाहरू मध्ये ९० प्रतिशतमा शुद्ध पिउने पानीको व्यवस्था छ, ७५ प्रतिशतमा बाल मैत्री तथा लैङ्गिक मैत्री शौचालयको व्यवस्था छ । त्यसरी नै ९० प्रतिशत शैक्षिक संस्थाहरूमा नियमितरुपमा विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघले शिक्षाको गुणस्तरता कायम गर्ने गरि कार्य गरिरहेको अवस्था छ । ७५ प्रतिशतमा बाल मैत्री पठनपाठन प्रणाली लागू गरिएको छ भने ३० प्रतिशत शैक्षिक संस्थामा कम्प्यूटर, वैकल्पिक ऊर्जा जडान सहितका संरचनाहरू निर्माण गरिएका छन् । १० प्रतिशत विद्यालयमा फोहरमैला व्यवस्थापन तथा विपद् व्यवस्थापन सहितको अभ्यासमा आधारित पठनपाठन प्रणाली लागू गरिएको छ ।

तालिका नं. ६गौमुल गाउँपालिकाको वडा अनुसार साक्षरता

| वडा नं. | साक्षरता दर (प्रतिशत) |
|---|---|
| १ | ७४.८ |
| २ | ७५ |
| ३ | ७४.६ |
| ४ | ६८.९ |
| ५ | ७७.६ |
| ६ | ७५.३ |

स्रोतः राष्ट्रिय जनगणना २०७८

### ४.४.२ लक्ष्य नं. ४ को लागि पालिकाले चाल्नु पर्ने कदमहरूः

- पूर्वप्रथामिक, प्राथमिक, तथा माध्यमिक शिक्षाका साथै अनौपचारिक शिक्षा, खुला शिक्षा, बिषेश शिक्षाको नीति, कानून मापदण्डको तर्जुमा तथा कार्यान्वयन गर्ने ।
- स्थानीय स्तरमा शिक्षाको पहुँच तथा शैक्षिक प्रतिफल प्राप्त गर्ने सम्बन्धी शिक्षाको लक्ष्य तथा उद्येश्य तय गर्ने ।
- माध्यमिक तह सम्मको विद्यालयको स्थापन, मर्ज, खारेजी लगायत सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्य गर्ने ।
- कर्मचारीको व्यवस्थापन, शैक्षिक सामाग्रीको निर्माण, शैक्षिक पुर्वाधारको निर्माण सम्बन्धी कार्य गर्ने ।
- प्राविधिक तथा व्यवसायिक शिक्षामा स्थानीय पहुँचको लागि आवस्यक व्यवस्था गर्ने ।
- निजी विद्यालय तथा शैक्षिक सुविधा सम्बन्धमा आवस्यक नियमन तथा अनुगमन गर्ने ।
- विद्यार्थीहरूको प्रोत्साहन तथा छात्रबृत्ति व्युवस्थापन गर्ने ।
- स्थानीय पुस्ताकालय तथा अध्ययन कोठाको सञ्चालन तथा व्यवस्थापन गर्ने ।

### ४.४.३ लक्ष्य ४ अन्तरगतका प्राथमिकताहरू

- गौमुल गाउँपालिकामा सबै बालबालिका विद्यालय जाने र गुणस्तरीय शिक्षा प्राप्त गर्ने वातावरण सृजना गर्नु।
- शिक्षक, संरचना, सिकाइ वातावरण तथा समावेशी पहुँचमा सुधार ल्याई सबै वर्ग र समूहको समावेशी सहभागिता सुनिश्चित गर्नु।
- जीवनपर्यन्त शिक्षा प्रणालीलाई संस्थागत गर्दै डिजिटल, प्राविधिक तथा व्यावसायिक शिक्षा प्रवर्द्धन गर्नु।

# दिगो विकास लक्ष्य -४ को लागि गौमुल गाउँपालिकाको कार्ययोजना

| स्थानीय सूचकहरू | योजना (कार्यहरू) | अपेक्षित उपलब्धी | पालिकाको जिम्मेवार शाखा /इकाई | उपलब्धी सूचक |
|---|---|---|---|---|
| १. विद्यालयमा भर्ना र उपस्थित दर | सबै बालबालिकाको विद्यालय भर्ना अभियान | विद्यालय बाहिर रहेका बालबालिकाको भर्ना | शिक्षा शाखा | भर्ना दर (Gross/Net Enrollment) |
| २. विद्यालयको भौतिक पूर्वाधार | विद्यालय भवन, शौचालय, खानेपानी, विद्युतीकरण, कम्प्युटर ल्याव निर्माण | विद्यालयको पहुँच र गुणस्तरमा वृद्धि | पूर्वाधार शाखा, शिक्षा शाखा | सुविधासम्पन्न विद्यालय संख्या |
| ३. शिक्षकको क्षमता | विषयगत शिक्षकको अभाव न्यूनीकरण र तालिम प्रदान | शिक्षण स्तरमा सुधार | शिक्षा शाखा | तालिम प्राप्त शिक्षक अनुपात |
| ४. प्रविधिमा आधारित शिक्षा | डिजिटल सामग्री र SMART कक्षा सञ्चालन | आधुनिक शिक्षण प्रविधिमा पहुँच | शिक्षा शाखा, IT शाखा | प्रविधिमा आधारित कक्षाको संख्या |
| ५. समावेशी शिक्षा | बालमैत्री, अपाङ्गमैत्री कक्षा र पूर्वाधार विकास | सबै समुदायका बालबालिकाको पहुँच | शिक्षा शाखा, योजना शाखा | समावेशी संरचना भएका विद्यालय संख्या |
| ६. जीवन पर्यन्त शिक्षा | व्यावसायिक सीप विकास तालिम, महिला शिक्षा केन्द्र | वयस्क साक्षरता र सीप वृद्धि | महिला विकास शाखा | सहभागी लाभग्राही संख्या |
| ७. शिक्षामा लैङ्गिक समानता | छात्रा प्रोत्साहन कार्यक्रम, स्यानिटरी प्याड वितरण | छात्रा अनुपस्थितिमा कमी | शिक्षा शाखा, महिला शाखा | छात्रा उपस्थिति दर |

## ४.३ दिगो विकास लक्ष्य ५ (SDG 5): लैङ्गिक समानता हासिल गर्ने र सबै महिला, किशोरी र बालिकालाई सशक्त बनाउने

### ४.५.१ विषय प्रवेश

जम्मा जनसंख्याको ५१.७ प्रतिशत महिला, ३४.३ प्रतिशत बालबालिका, ७.५ प्रतिशत जेष्ठ नागरिक, १.७ प्रतिशत अपाङ्गता भएका व्यक्तिहरू रहेका छन्।लैङ्गिक अनुपात ९३.८ रहेको छ। गाउँपालिकाले वार्षिक बजेट तयार गर्दा लैङ्गिक समानता र सामाजिक समावेशीकरणको सवालमा पनि विनियोजन गर्ने गरेको छ। हरेक वर्ष विभिन्न महिला समूहहरूको क्षमता अभिवृद्धिका लागि नेतृत्व विकास, लेखा व्यवस्थापन, उद्यमशिलता स्थापना जस्ता कार्यक्रमहरू सञ्चालन हुदै आएका छन् । त्यसरी नै अपाङ्गता भएको व्यक्तिहरूको सशक्तीकरणका लागि सामाजिक विकास मन्त्रालयसँगको सहकार्यमा अपाङ्गता भएका व्यक्ति सशक्तीकरण कार्यक्रमहरू सञ्चालन गर्दै उनिहरुको उद्यमशिलता स्थापनाका लागि सहयोग उपलब्ध गराउने कार्य हुँदै आएका छन् । गाउँपालिकाले स्थानीय बालमैत्री शासन प्रणाली अन्तर्गत योजना निर्माण तथा कार्यान्वयन चरणमा समेत बालबालिकाहरूको प्रतिनिधित्व सुनिश्चित गर्ने कार्यमा सक्रियहरूमा कार्य गर्दै आएको छ भने विभिन्न दातृनिकायहरु तथा गैह सरकारी संघसंस्थाहरुको सहयोगमा विद्यालयमा दिवा खाजा कार्यक्रमहरू सञ्चालनमा छन् ।

### तालिका नं. ७ गौमुल गाउँपालिकामा वडा अनुसार महिला परिवारमूलीको संख्या

| वडा नं. | १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|---|
| महिला परिवार मूली प्रतिशत | ५ | १६.१ | १४.५ | २२ | १४.७ | १३ |

स्रोतः राष्ट्रिय जनगणना २०७८

### तालिका नं. ८ घर जग्गामा महिलाको स्वामित्व अनुसार परिवारको संख्या

| क्र.सं. | महिलाको स्वामित्व | प्रतिशत |
|---|---|---|
| १ | घर मात्र भएको | २.३ |
| २ | जग्गामात्र भएको | १.७ |
| ३ | घर र जग्गा दुवै भएको | ११.८ |
| ४ | घर र जग्गा दुवै नभएको | ७४.६ |
| ५ | उल्लेख नभएको | १.६ |

स्रोतः राष्ट्रिय जनगणना २०७८

### ४.५.२ लक्ष्य नं. ५ को लागि पालिकाले चाल्नु पर्ने कदमहरू:

- महिला हकको संरक्षण तथा प्रगति सम्बनधी GESI नीति, ऐन, नियमावली योजना मापदण्ड निर्माण तथा कार्यान्वयन गर्ने ।
- पालिका क्षेत्रभित्र नेतृत्व तहमा महिलाको राजनीतिक तथा प्रशासनिक भूमिका सक्रियताको साथ प्रवर्द्धन गर्ने। स्थानीय तहमा लैङ्गिकमैत्रि वातावरन तयार गर्ने ।
- पालिकाले उपलब्ध गर्ने शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाई लगायतका सार्वजनिक सेवामा लैङ्गिक समानता र सामाजिक समावेशीकरण सुनिश्चित अवलम्बन गर्ने ।
- लैङ्गिक हिंसा हटाउन निरोधात्मक, प्रवर्द्धात्मक तथा उपचारात्मक पद्धति अवलम्बन गर्ने ।

### ४.५.३ लक्ष्य ५ अन्तरगतका प्राथमिकताहरू

१. सबै किसिमको लैङ्गिक विभेदको अन्त्य गर्ने ।
२. सबै महिला र बालिकाको सुरक्षाको सुनिश्चितता कायम गर्ने ।
३. नेतृत्व र निर्णय प्रक्रियामा समान पहुँच हुने ।
४. लैङ्गिक हिंसा विरुद्ध शून्य सहनशीलता अवलम्बन गर्ने ।
५. लैङ्गिक समावेशी नीति र कार्यक्रम कार्यन्वयन गर्ने ।

## दिगो विकास लक्ष्य -५ को लागि गौमुल गाउँपालिकाको कार्ययोजना

| स्थानीय सूचकहरू | योजना (कार्यहरू) | अपेक्षित उपलब्धी | पालिकाको जिम्मेवार शाखा /इकाई | उपलब्धी सूचक |
|---|---|---|---|---|
| १. सबै प्रकारका लैंगिक भेदभावको अन्त्य | • लैंगिक हिंसा न्यूनीकरण कार्यक्रम | • लैंगिक भेदभावमा कमी | महिला विकास शाखा | हिंसाका उजुरी संख्या |
| | • महिला, बालबालिका तथा लैंगिक अल्पसंख्यकका लागि जनचेतना अभियान | • सामाजिक समावेशीकरण प्रवर्द्धन | महिला विकास शाखा | सचेतना कार्यक्रममा सहभागिता |
| २. महिला तथा बालिकाविरुद्धको हिंसाको अन्त्य | • सुरक्षित आवास तथा सहायता केन्द्रको स्थापना | • महिलालाई सुरक्षित वातावरण | न्यायिक समिति | सहायता केन्द्रमा आएका केस संख्या |

| | | | | |
|---|---|---|---|---|
| | • घरेलु हिंसा पीडितलाई कानुनी सहायता तथा मनोपरामर्श | • पीडितलाई तात्कालिक सहायता | स्वास्थ्य शाखा | परामर्श सेवाको उपलब्धता |
| ३. बालविवाह र हानिकारक अभ्यासको अन्त्य | • विद्यालयस्तरमा बालविवाह विरुद्ध कार्यक्रम | • बालविवाह न्यूनीकरण | शिक्षा शाखा | रोकिएका बालविवाह घटना |
| | • किशोरी सशक्तिकरण कार्यक्रम | • किशोरीहरूमा आत्मविश्वास अभिवृद्धि | स्वास्थ्य शाखा | किशोरी सहभागी कार्यक्रम संख्या |
| ४. देखिने तथा नदेखिने अवैतनिक कामको मूल्यांकन | • गृहिणी कामको मूल्याङ्कन सम्बन्धी अभिमुखीकरण | • अवैतनिक कामको सामाजिक मान्यता | महिला विकास शाखा | सहभागी महिला घरपरिवार संख्या |
| | • परिवारस्तरमा सशक्तिकरण संवाद कार्यक्रम | | योजना शाखा | |
| ५. नेतृत्वमा महिलाको सहभागिता | • महिला नेतृत्व विकास तालिम | • निर्णय तहमा महिलाको संख्या वृद्धि | प्रशासन शाखा | महिला नेतृत्वमा रहेका संस्थाहरूको संख्या |
| | • महिला सहकारी तथा व्यवसायमा लगानी प्रवर्द्धन | •आर्थिक सशक्तिकरण | सहकारी इकाई | |
| ६. प्रजनन अधिकार र सेवामा पहुँच | • किशोरी स्वास्थ्य शिक्षा कार्यक्रम | •सुरक्षित प्रजनन स्वास्थ्य | स्वास्थ्य शाखा | सहभागी किशोरी संख्या |
| | • निःशुल्क सेनेटरी प्याड वितरण तथा जनचेतना | •आत्मसम्मान अभिवृद्धि | महिला विकास शाखा | वितरण गरिएका प्याडको संख्या |

## ४.४ दिगो विकास लक्ष्य ६ (SDG6 ): सवैका लागि स्वच्छ खानेपानी र सरसफाइको उपलब्धताका साथै यसको दिगो व्यवस्थापनमा सुनिश्चित गर्ने ।

### ४.६.१ विषय प्रवेश

यस गाउँपालिकामा ९२ प्रतिशत घरपरिवारले मूलको पानी परियोजना मार्फत ट्याङ्की/धाराको शुद्ध पानी पिउ४ने गरेका छन भने ८ प्रतिशत घरपरिवारले अहिले पनि असुरक्षित पानी पिउन बाध्य छन् । पिउने पानीका विभिन्न स्रोतहरुमा मूलको पानी, कुवा तथा इनारको पानी, खोलाको पानी आदि छन् । नेपाल सरकारको देशलाई नै खुल्ला दिशा मुक्त क्षेत्र घोषणा गर्ने नीति अनुरूप यस गाउँपालिकाको सबै घरधुरीहरुमा शौचालय निर्माण भइ प्रयोगमा आएका छन् । गाउँपालिकाले हाल सम्म जम्मा ७ वटा खानेपानीका आयोजनाहरू सम्पन्न गरिसकेको छ भने ३ वटा आयोजनाहरू निर्मानाधिन छन् । ६५ प्रतिशत परिवारहरू एक घर एक धाराको अवधारणामा जोडिएका छन् । त्यसरी नै १० वटा पानीका मूल संरक्षण कार्यमा स्थानीय समुदायलाई परिचालन गर्ने काम भएको छ । पालिका र स्थानीय गैह्र सरकारी निकायहरूको संयुक्त पहलमा स्थानीय समुदायलाई शौचालयको सहि प्रयोग, शौचालय पश्चात् राम्रोसँग साबुन पानीले हात धुने, रछ्यानमा भाँडा सुकाउने चाङ तयार गरि प्रयोगमा ल्याउने, वर्षाको समयमा पिउने पानी सफा गरेर मात्र पिउने बानीको विकास गर्न समुदाय सशक्तीकरणका कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् ।

**तालिका नं. ९ खानेपानीको मूख्य स्रोतको आधारमा राष्ट्रिय र स्थानीय तुलनात्मक तालिका**

| क्र. सं. | शिर्षक | गौमुलको (प्रतिशतमा) | राष्ट्रिय (प्रतिशतमा) |
|---|---|---|---|
| १ | धारा पाईप घर परिसर बाहिर | ७२.९ | २२.४ |
| २ | धारा पाईप घर परिसर भित्र | १९.४ | ३४.६ |
| ३ | मुल धारा | ७.१ | ३.९ |
| ४ | खोला, ईनार, कुवा | ०.२ | २.९ |
| ५ | खोला, झरना | ०.२ | ०.४ |
| ६ | ढाकिएको ईनार कुवा | ०.१ | १.५ |
| ७ | ट्युवेल | - | २९.८ |
| ८ | जार वोतल | - | ४.६ |

स्रोतः राष्ट्रिय जनगणना २०७८

तालिका नं. १० गौमुल गाउँपालिकाको वडा अनुसार शौचालय प्रतिशत

| वडा नं. | १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|---|
| **शौचालय प्रयोग गर्ने प्रतिशत** | १०० | १०० | ९९.७ | ९८.७ | १०० | १०० |

स्रोतः राष्ट्रिय जनगणना २०७८

### ४.६.२ लक्ष्य नं. ६ को लागि पालिकाले चाल्नु पर्ने कदमहरूः

- सफा खानेपानी तथा सरसफाइको पहुँचसँग सम्बन्धित नीति, कानून, सिद्धान्त, योनानाको निर्ण एवं कार्यान्वयन गर्ने ।
- पानिको प्रशोधन व्यवस्थापन तथा पूर्वाधार निर्माण गर्ने ।
- अति गरिव परिवारको लागि पाईपद्वारा खानेपानी तथा सरसफाईको लागि उचित अनुदानको व्यवस्था गर्ने ।
- सरसफाइ सम्बन्धी चेतानामूलक कार्यक्रम सञ्चालन गर्ने ।
- समुदायमा आधारित, गैरनाफामूलक तथा निजी एवम् घरधुरी तहका खानेपानी तथा सरसफाई सम्बन्धी प्रावधानलाई सहयोग र नियमन गर्ने ।

## ४.६.३ लक्ष्य ६ अन्तरगतका प्राथमिकताहरू

- सार्वजनिक तथा निजी क्षेत्रका सबै नागरिकका लागि सुरक्षित र स्वच्छ खानेपानीको पहुँच सुनिश्चित गर्नु
- प्रत्येक घरधुरी र सार्वजनिक स्थलमा पूर्ण सरसफाइ सेवा सुनिश्चित गर्नु
- फोहोरमैला र ढल व्यवस्थापन प्रणालीलाई वैज्ञानिक र दिगो बनाउनु
- पानी तथा सरसफाइमा जनचेतना, व्यवहार परिवर्तन र सहभागिता आधारित कार्यक्रम सञ्चालन गर्नु

## दिगो विकास लक्ष्य -६ को लागि गौमुल गाउँपालिकाको कार्ययोजना

| स्थानीय सूचकहरू | योजना (कार्यहरू) | अपेक्षित उपलब्धि | पालिकाको जिम्मेवार शाखा /इकाई | उपलब्धि सूचक |
|---|---|---|---|---|
| १. सुरक्षित र सुलभ | • सबै घरमा धारा जडान कार्यक्रम | • हरेक घरमा सुरक्षित पानीको पहुँच | योजना शाखा | % घरधुरीमा सुरक्षित |

| | | | | |
|---|---|---|---|---|
| खानेपानीको पहुँच | • मौजूदा खानेपानी योजनाको पुनर्संरचना | •खानेपानीका स्रोतहरूको संरक्षण | पूर्वाधार शाखा | खानेपानीको पहुँच भएको |
| | • नयाँ खानेपानी स्रोतहरूको संरक्षण र स्तरोन्नति | | | |
| २. सरसफाइ र ढल व्यवस्थापन | • प्रत्येक घरमा शौचालय निर्माण अनुदान | • खुला दिसामुक्त गाउँपालिका | पूर्वाधार शाखा | खुला दिसामुक्त वडा संख्या |
| | • सार्वजनिक शौचालय निर्माण | • प्रदूषण न्यून | वातावरण शाखा | शौचालय भएको घर % |
| | • ढल निकास तथा प्रशोधन प्रणालीको विकास | • प्रदूषण न्यून | वातावरण शाखा | व्यवसथित ढल निकासको संख्या |
| ३. जलगुणस्तर सुधार | • नियमित पानीको गुणस्तर परीक्षण | • प्रदूषणमुक्त, शुद्ध पिउने पानी | स्वास्थ्य शाखा | प्रतिवर्ष परीक्षण गरिएका नमूनाको संख्या |
| | • क्लोरीनेसन (chlorination) कार्यक्रम सञ्चालन | | खानेपानी उपभोक्ता समिति | |
| ४. जल स्रोतको दिगो उपयोग | • वर्षा पानी संकलन प्रवर्द्धन | • जल संरक्षण | कृषि शाखा | निर्माण भएका रेनवाटर हार्भेस्टिङ संरचना संख्या |

# परिच्छेद-५
# पूर्वाधार विकास

**(दिगो विकास लक्ष्य ७, ९, ११)**

## ५.१ दिगो विकास लक्ष्य ७ (SDG 7): सबैका लागि किफायती, भरपर्दो, दिगो र आधुनिक ऊर्जामा पहुँच सुनिश्चित गर्ने

### ५.१.१ विषय प्रवेश

समग्र गाउँपालिकाबासीहरु मध्ये १०० प्रतिशत परिवारहरूले स्थानीय जलविद्युत योजनाको बत्तीको पहुँचमा छन् । गाउँपालिकाले १ वटा जलविद्युत आयोजनाहरू निर्माण गरिएको छ भने ५ वटा पहिले नै निर्मित जलविद्युत आयोजनाहरूको पुनर्निर्माण गर्ने कार्य भइरहेको छ । ४ आयोजनाहरू भने जीर्ण अवस्थामा छन् । गाउँपालिकाले ८०० भन्दा बढी घरहरूमा सुधारिएको चुलो बितरण गरी जडान गर्ने कार्य भएको छ ।

### ५.१.२ लक्ष्य नं. ७ को लागि पालिकाले चाल्नु पर्ने कदमहरू:

- गौमुल गाउँपालिकाले लघु जलविद्युत योजना तथा वैकल्पिक उर्जा सम्बन्धमा नीति निर्माण कार्यन्वयन तथा नियमन गर्ने ।
- स्थानीय लघु जलविद्यत परियोजनाको निर्माण तथा सञ्चालन गर्ने ।
- वैकल्पिक उर्जाका स्रोतको पहिचान, निर्माणको लागि आवस्यक अनुदान र नियमन गर्ने ।

### ५.१.३ लक्ष्य ७ अन्तरगतका प्राथमिकताहरू

१.विपन्न, सीमान्तकृत तथा ग्रामिण बस्तीहरूमा विद्युत् विस्तार गर्नु
२. वैकल्पिक तथा नवीकरणीय ऊर्जाको प्रवर्द्धन
३. सार्वजनिक भवन, विद्यालय तथा स्वास्थ्य संस्थामा ऊर्जा आपूर्ति सुनिश्चित गर्नु
४. ऊर्जा प्रयोगमा दक्षता, संरक्षण र जनचेतना अभिवृद्धि गर्नु

## दिगो विकास लक्ष्य -७ को लागि गौमुल गाउँपालिकाको कार्ययोजना

| स्थानीय सूचकहरू | योजना (कार्यहरू) | अपेक्षित उपलब्धि | पालिकाको जिम्मेवार शाखा /इकाई | उपलब्धी सूचक |
|---|---|---|---|---|
| १. सबै वडामा विद्युत पहुँच हुने | १. विपन्न तथा सीमान्तकृत वस्तीहरूमा विद्युत विस्तार | सबै घरधुरीमा विद्युत सेवा पुग्ने | पूर्वाधार तथा योजना शाखा, वडाहरू | विद्युत सेवा पुगेका घरधुरीको संख्या |
| २. वैकल्पिक ऊर्जाको प्रयोग वृद्धि | २. सौर्य बत्ती, सौर्य पम्प, बायोग्यास जडानका कार्यक्रम | वैकल्पिक ऊर्जामा पहुँच भएका घरधुरी र संस्थाहरू वृद्धि | वातावरण शाखा, महिला विकास शाखा | जडान गरिएका सौर्य/बायोग्यास इकाइको संख्या |
| ३. सार्वजनिक भवनमा ऊर्जा आपूर्ति | ३. विद्यालय, स्वास्थ्य संस्था र कार्यालयमा सौर्य प्रणाली जडान | नियमित ऊर्जामा पहुँचसहितको सेवा प्रवाह | शिक्षा शाखा, स्वास्थ्य शाखा, योजना शाखा | ऊर्जा सेवा सुधार भएका सार्वजनिक भवनहरूको संख्या |
| ४. ऊर्जा दक्षता र जनचेतना | ४. ऊर्जा संरक्षण तथा दक्ष प्रविधिबारे अभिमुखीकरण तथा तालिम | जनस्तरमा ऊर्जा प्रयोगमा सुधार र सचेतना वृद्धि | महिला विकास शाखा, वातावरण शाखा | सञ्चालन गरिएका तालिम र सहभागी संख्या |

## ५.२ दिगो विकास लक्ष्य ९ (SDG9) उत्थानशील पूर्वाधार, समावेशी र दिगो औद्योगीकरण, तथा नवप्रवर्तन (Innovation) को प्रवर्द्धन

### ५.२.१ विषय प्रवेश

गौमुल गाउँपालिकामा १ वटा एकीकृत बस्ती विकास गरिएको छ भने २८ सामूहिक आवासहरू निर्माण गरिएका छन् । प्रशासनिक भवनका सम्बन्धमा गाउँपालिकाको अत्याधुनिक भवन निर्माण गरि सञ्चालनमा आएको छ भने हरेक वडामा वडा कार्यालयहरू स्थापना गरिएका छन् ।गौमुल गाउँपालिका लगायत नेपालका अन्य क्षेत्रमा ग्रामीण विकासको अवरोधका रूपमा रहेका अन्य विभिन्न तत्वहरू मध्ये अव्यवस्थित बस्तीहरू प्रमुख छन् । यसका लागि गाउँपालिकाले एकीकृत बस्ती विकासको लागि पहल गरिरहेको छ ।

गाउँपालिकामा सामान्य किसिमले आफ्नो व्यवसाय सञ्चालनका लागि कुटानी पिसानी तथा खुद्रा पसल चिया नास्ता पसल र साना साना होटेलहरु बाहेक अन्य कुनै पनि प्रकारका साना, मझौला, तथा ठूला उद्योगहरु छैनन् । यस गाउँपालिकाबासीको मुख्य आम्दानीको स्रोतका रुपमा कृषि, पशुपन्छी पालन तथा जडीबुटी खेती हो भने केहि मानिसहरु रोजगारीमा पनि छन् । गाउँमा वित्तिय सेवाका रुपमा गाउँपालिका केन्द्रमा कुमारी बैंक रहेको छ ।प्रधानमन्त्री स्वरोजगार कोष, गाउँपालिकाको पहल आदिबाट गौमुल गाउँपालिकामा युवाहरुले विभिन्न स्थानमा रोजगारीमा जोडिने अवसर पाएका छन ।गाउँपालिकामा जम्मा ५ वटा बहुउद्देश्यीय सहकारी रहेका छन । यी सहकारीहरुले गाउँपालिकाका ५००० जना घरपरिवारलाई आफ्ना सदस्य बनाइ आर्थिक गतिविधिहरुमा समावेश गरेका छन् ।

## ५.२.२ लक्ष्य नं. ९ को लागि पालिकाले चाल्नु पर्ने कदमहरू:

- पालिकामा भू- उपयोग योजनाअनुरूप जमिनको उपयोग, भवन निर्माण ईजाजत पत्र तथा स्वीकृति, भूमि कर तथा स्थिर सम्पत्ति सम्बन्धी नीति कानून तर्जुमा तथा कार्यान्वयन र नियमन गर्ने ।
- यातायात पहुँच वृद्धि तथा बजार,व्यापार प्रवर्द्धन गर्न स्थानीय सडक पूर्वाधारहरू पुलहरू, कल्भर्ट, बत्ति ईत्यादी ) को निर्माण तथा सम्भार गर्ने ।यसका साथै खानेपानी ढल, विजुली तथा सूचना सञ्चार प्रविधि जसले उत्पादकत्व तथा जमिनको मूल्य वृद्धिमा सहयोग पुर्याउँदछ तिनको निर्माणमा तथा सम्भार गर्ने ।
- स्थानीय तहका व्यापरिक संस्थाहरूलाई ईजाजत पत्र दिने, दर्ता गर्ने, नवीकरण गर्ने दर्ता खारेज गर्ने, अनुगमन गर्ने । घरेलु उद्योग, पर्यटन तथा अन्य स्थानीय आर्थिक गतिविधिको प्रवर्द्धन गर्ने ।
- एक सय वाट क्षमतासम्मको एफ.एम रेडियोको लाईसेन्स वितरण गर्ने, नविकरण गर्ने, नियमन गर्ने एवम् दर्ता खारेज गर्ने ।

## ५.२.३ लक्ष्य ९ अन्तरगतका प्राथमिकताहरू

१. स्थानीय स्तरमा ग्रामीण तथा सहरी भौतिक पूर्वाधारको समावेशी र दिगो विकास सुनिश्चित गर्ने (सडक, पुल, यातायात, सञ्चार, भवन आदि)

२. घरेलु, लघु तथा साना उद्योगको प्रवर्द्धन तथा उत्पादन क्षमता अभिवृद्धि गर्ने

३. नवप्रवर्तन (Innovation), सूचना प्रविधि तथा विज्ञान प्रवर्द्धन गर्ने कार्यक्रम सञ्चालन गर्ने

४. औद्योगिक क्षेत्रको पूर्वाधार विकास तथा बजार सञ्जाल विस्तार गरी उद्यमशीलता प्रोत्साहन गर्ने

# दिगो विकास लक्ष्य -९ को लागि गौमुल गाउँपालिकाको कार्ययोजना

| स्थानीय सूचकहरू | योजना (कार्यहरू) | अपेक्षित उपलब्धी | पालिकाको जिम्मेवार शाखा /इकाई | उपलब्धि सूचक |
|---|---|---|---|---|
| १. मुख्य सडक, सिँचाइ, विद्युत् र सञ्चार पूर्वाधारको पहुँच र गुणस्तर | मुख्य सडकको मर्मत, नयाँ सडक निर्माण, सिँचाइ व्यवस्थापन सुधार, विद्युत् विस्तार, उच्चगति इन्टरनेट पहुँच सुनिश्चित गर्ने | यातायात सुविधा सुधार, सिंचाइयोग्य जमिन वृद्धि, विश्वसनीय विद्युत् सेवा, संचार पहुँच | योजना शाखा, भौतिक पूर्वाधार विभाग | मर्मत/निर्माण गरिएका सडकको मिटर, सिँचाइ क्षेत्रफल, विद्युत् पहुँच प्रतिशत, इन्टरनेट पहुँच दर |
| २. स्थानीय साना तथा मझौला उद्योगहरूको विकास र प्रवर्द्धन | साना उद्यमलाई तालिम, प्रविधि र ऋण उपलब्ध गराउने, बजार पहुँच विस्तार गर्ने | उद्यमशीलता वृद्धि, रोजगारी सिर्जना | उद्योग विभाग, वित्तीय संस्था | तालिम प्राप्त उद्यमी संख्या, रोजगार सृजना संख्या, ऋण वितरण संख्या |
| ३. दिगो र पर्यावरणमैत्री पूर्वाधार विकास | सार्वजनिक भवन तथा विद्यालयलाई हरित प्रविधि सहित निर्माण गर्ने | वातावरणमैत्री पूर्वाधार, दीगो विकास सुनिश्चित | योजना शाखा, वातावरण विभाग | नयाँ हरित भवन संख्या, हरित प्रमाणपत्र प्राप्त भवन संख्या |
| ४. नवप्रवर्तन र प्रविधि हस्तान्तरण | कृषि, उद्योग र पूर्वाधार क्षेत्रमा नवप्रवर्तन तालिम र प्रविधि हस्तान्तरण गर्ने | उत्पादन वृद्धि, नवप्रवर्तन प्रवर्धन | कृषि शाखा, उद्योग विभाग | तालिम लिएका संख्या, नविन प्रविधि प्रयोग गरिएका क्षेत्रहरु |

## ५.३ दिगो विकास लक्ष्य ११ (SDG11) सहर तथा मानव वसोबासलाई समावेशी, सुरक्षित, उत्थानशील र दिगो वनाउने

### ५.३.१ विषय प्रवेश

गौमुल गाउँपालिकामा १ वटा एकीकृत बस्ती विकास गरिएको छ भने २८ सामूहिक आवासहरू निर्माण गरिएका छन् । प्रशासनिक भवनका सम्बन्धमा गाउँपालिकाको अत्याधुनिक भवन निर्माण गरि सञ्चालनमा आएको छ भने हरेक वडामा वडा कार्यालयहरू स्थापना गरिएका छन् । गाउँपालिकाले बस्ती विकासका लागि वार्षिकरुपमा कार्य योजना तयार गरि कार्यान्वयन गरिरहेको छ । गौमुल गाउँपालिका लगायत नेपालका अन्य क्षेत्रमा ग्रामीण विकासको अवरोधका रूपमा रहेका अन्य विभिन्न तत्हरू मध्ये अव्यवस्थित बस्तीहरू प्रमुख छन् । यसका लागि गाउँपालिकाले एकीकृत बस्ती विकासको लागि पहल गरिरहेको छ ।

**तालिका नं. १२ गौमुल गाउँपालिकामा घरको स्वामित्व अनुसार परिवार संख्या**

| घरको स्वामित्व | परिवार संख्या प्रतिशत |
|---|---|
| आफ्नै घर | ९७.४ |
| भाडाको घर | १.६ |
| संस्थागत घर | ०.९ |

स्रोतः राष्ट्रिय जनगणना २०७८

**तालिका नं. १३ घरको गुणस्तर अनुसार परिवार संख्या विवरण**

| क्र.सं. | गुणस्तर | प्रतिशत |
|---|---|---|
| १ | सवै भन्दा पर्याप्त | ०.१ |
| २ | पर्याप्त | १.१ |
| ३ | मध्यम | ८१.२ |
| ४ | अपर्याप्त | ९.७ |

स्रोतः राष्ट्रिय जनगणना २०७८

तालिका नं. १४ घरको छाना प्रयोग गरिएको सामाग्री अनुसार परिवारको विवरण

| क्र. सं. | छानाको किसम | प्रतिशत |
|---|---|---|
| १ | ढुङ्गा/स्लेट | ७३.६ |
| २ | टायल/खटप/झिगडी | १५.६ |
| ३ | जस्ता/टिन/च्यादर | ६.६ |
| ४ | खर/पराल/छवाली | २.४ |
| ५ | सिमेन्ट/ढलान | १.०५ |
| ६ | काठ/फ्लाक | ०.७ |

स्रोतः राष्ट्रिय जनगणना २०७८

### ५.३.२ लक्ष्य नं. ११ को लागि पालिकाले चाल्नु पर्ने कदमहरूः

- स्थानीय सार्वजनक यातायात व्यवस्था लगायत स्थानीय यातायातसँग सम्बन्धित नीति, कानून, सिद्धान्त, योजनाको तर्जुमा तथा नियमन गर्ने ।
- स्थानीय वासिन्दाको सुरक्षा तथा दिगो वसाईसम्बन्धी वातावरण सुनिश्चित गर्न शहरी पूर्वाधारहरूको योजनाको कार्यान्वयन तथा व्वयस्थापन गर्ने ।
- पालिकाको केन्द्रमा न्युनतम शहरी सुविधा तथा सेवा हरू जस्तै सार्वजनिक पार्क, हरियाली स्थालहरू, सहर बत्ती, फोहरमैला व्यवस्थापन एवम् यातायात सम्बन्धी पूर्वाधारहरूको व्यवस्थित विकास सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन एवं व्यवस्थापन सम्बन्धी कार्य गर्ने ।

### ५.३.३ लक्ष्य ११ अन्तरगतका प्राथमिकताहरू

१. समावेशी, सुरक्षित र दिगो आवास तथा बस्ती विकास गर्ने ।

२. सार्वजनिक यातायात र सडक पूर्वाधारको सुधार र विकास गर्ने ।

३. प्राकृतिक विपद् जोखिम न्यूनीकरण र आपतकालीन व्यवस्थापन गर्ने ।

४. हरियाली क्षेत्र र सार्वजनिक स्थलहरूको संरक्षण तथा विकास गर्ने ।

# दिगो विकास लक्ष्य -११ को लागि गौमुल गाउँपालिकाको कार्ययोजना

| स्थानीय सूचकहरू | योजना (कार्यहरू) | अपेक्षित उपलब्धी | पालिकाको जिम्मेवार शाखा /इकाई | उपलब्धी सूचक |
|---|---|---|---|---|
| १. समावेशी, सुरक्षित र दिगो आवास तथा बस्ती विकास | - आवास विकास योजनाको तयार पार्न र कार्यान्वयन गर्ने<br>- बस्ती सुधार कार्यक्रम सञ्चालन गर्ने<br>- अपाङ्गता मैत्री पूर्वाधार विकास गर्ने | सबैका लागि सुरक्षित र समावेशी आवास उपलब्ध हुनेछ । | योजना शाखा, पूर्वाधार शाखा | आवास विकास कार्यक्रम पूरा भएको संख्या |
| २. सार्वजनिक यातायात र सडक पूर्वाधारको सुधार र विकास | - मुख्य सडकहरुमा मर्मतसम्भार र कालोपत्रे गर्ने<br>- सार्वजनिक यातायात सेवा सुधार गर्ने<br>- सडक सुरक्षाका लागि उपायहरु लागू गर्ने | यातायातको सहजता र सडक सुरक्षामा वृद्धि हुनेछ । | योजना शाखा, पूर्वाधार शाखा | सडक मर्मतको कुल किलोमिटर, दुर्घटना दर घटेको प्रतिशत |
| ३. प्राकृतिक विपद् जोखिम न्यूनीकरण र आपतकालीन व्यवस्थापन | - विपद् जोखिम नक्सा तयार गर्ने र जोखिम क्षेत्र पहिचान गर्ने<br>- आपतकालीन तयारी र राहत सामग्री व्यवस्थापन गर्ने | विपद् जोखिम न्यून र प्रभावकारी व्यवस्थापन आपतकालीन अवस्थामा प्रभावकारी विपद व्यवस्थान भएको हुनेछ | विपद् व्यवस्थापन समिति, स्वास्थ्य विपद व्यवस्थापन शाखा | जोखिम नक्सा निर्माण भएको स्थान, राहत वितरणको संख्या |

# परिच्छेद-६

# वातावरणीय व्यवस्थापन

## (दिगो विकास लक्ष्य १२, १३, १४ र १५)

## ६.१ दिगो विकास लक्ष्य १२ (SDG12) दिगो उपभोग र उत्पादन प्रणाली सुनिश्चित गर्ने

### ६.१.१ विषय प्रवेश

परम्परागत कृषि प्रणालीमा आधारित भए तापनि आधुनिक प्रविधि, व्यवसायिक उत्पादन र सिँचाइ सुविधा अभावका कारण उत्पादनशीलता न्यून देखिन्छ । यस पालिकामा गहुँ, आलु, मकै, लगायत कोदो र फापरजस्ता रैथाने अन्नबाली तथा सिमी, आलु, तोरी आदिको खेती प्रमुख छन् । जलवायु परिवर्तन, जंगली जनावरको क्षति, उर्वराशक्ति घट्दो अवस्था र सिँचाइको अपर्याप्तताले कृषि क्षेत्रबाट सोचे अनुरूप प्रतिफल आउन सकिरहेको छैन ।

पशुपालनमा गाई, भैंसी, बाख्रा, भेडा, च्यांग्रा तथा ब्रोइलर र स्थानीय जातका कुखुरा पालन प्रमुख छन् जसले खाद्य सुरक्षासँगै अतिरिक्त आम्दानीमा योगदान पुऱ्याइरहेको अवस्था छ । तर रोग नियन्त्रण उन्नत जातको पशुपन्छीको अभाव र पशु आहारको समस्याले पशुपालन व्यवसायले अपेक्षित योगदान दिन सकेको छैन गाउँपालिकाको समृद्धिका लागि कृषि र पशुपन्छी विकासलाई आधुनिकिकरण, व्यवसायीकरण तथा सिँचाइ, भण्डारण, बजारीकरण र प्राविधिक सेवा विस्तार मार्फत समृद्ध बनाउँदै कृषिमा आत्मनिर्भरता हासिल गर्ने दीर्घकालीन दृष्टिकोण आवश्यक देखिन्छ ।जसबाट दिगो उपभोग र उत्पादन प्रणाली सुनिश्चित हुन्छ ।

### ६.१.२ लक्ष्य नं. १२ को लागि पालिकाले चाल्नु पर्ने कदमहरू:

- संघीय तथा प्रादेशिक वातावरणका मापदण्डहरू समेतलाई सहयोग पुग्ने गरी दिगो खपत तथा उतपादन सम्बनधी नीति, ऐन, नियम, सिद्धान्त, योजनाको तर्जुमा तथा कार्यान्वयन गर्ने ।
- दिगो उत्पादन तथा खपतको महत्वबारे जनताको सचेतना वृद्धि गर्ने र उनीहरूले वातावरणमा पारेको प्रभाव कम गर्न ज्ञान तथा तरिकाहरू सिकाउने ।
- न्युन उर्जा खपत पद्धतिहरू अपनायर स्थानीय तहले गर्ने आफ्ना कार्यहरूमा दिगो खपत सुनिश्चित गर्ने ।
- निजी तथा गैर सरकारी क्षेत्रहरूको समन्वय एवं सहयोगमा ढल निकास तथा फोहरमैलाको मात्रा कम गर्ने । जस्तो अंग्रेजीका 3R को सिद्धान्त (कम उत्पादन, पुनः प्रशोधन गर्ने पुनः प्रयोग गर्ने ) अपनाउने ।

### ६.१.३ लक्ष्य १२ अन्तरगतका प्राथमिकताहरू

१. कृषि, पशुपालन तथा उत्पादन प्रणालीमा दिगोपनाको प्रवर्द्धन गर्ने।

२. फोहोरमैला व्यवस्थापनमा स्रोतमै छुट्याउने, पुनः प्रयोग र प्रशोधन प्रणाली लागू गर्ने।

३. वातावरणमैत्री प्रविधिको प्रयोगद्वारा स्थानीय उत्पादन प्रणालीलाई सुधार गर्ने।

४. उपभोक्ता सचेतना कार्यक्रमद्वारा दिगो उपभोग व्यवहारलाई प्रवर्द्धन गर्ने।

## दिगो विकास लक्ष्य -१२ को लागि गौमुल गाउँपालिकाको कार्ययोजना

| स्थानीय सूचकहरू | योजना (कार्यहरू) | अपेक्षित उपलब्धी | पालिकाको जिम्मेवार शाखा /इकाई | उपलब्धी सूचक |
|---|---|---|---|---|
| १. कृषि तथा पशुपालन प्रणालीमा दिगोपनाको प्रवर्द्धन | - जैविक मल प्रयोग प्रवर्द्धन गर्ने<br>- दिगो कृषि तथा पशुपालन तालिम सञ्चालन गर्ने<br>- स्थानीय बीउबिजन संरक्षण कार्यक्रम | कृषकहरूले दिगो प्रविधि अपनाउने, उत्पादन वृद्धि | कृषि शाखा, पशु सेवा शाखा | जैविक प्रविधि अपनाउने कृषकहरूको संख्या |
| २. फोहोरमैला व्यवस्थापनमा सुधार | - स्रोतमै फोहोर छुट्याउने अभियान सञ्चालन<br>- सामुदायिक कम्पोस्ट प्रणाली स्थापना<br>- रिसाइकल तथा पुनः प्रयोग कार्यक्रम | फोहोरको परिमाण घट्ने, स्वच्छ नगर | वातावरण शाखा, SWM इकाई | कम्पोस्ट गरिएको फोहोरको परिमाण, पुनःप्रयोग दर |
| ३. वातावरणमैत्री प्रविधिको प्रयोग प्रवर्द्धन | - हरित प्रविधिमा आधारित उपकरण/यन्त्र प्रयोगमा अनुदान<br>- ऊर्जा—दक्ष चुलो र ग्यास प्रवर्द्धन | स्वच्छ ऊर्जा प्रयोग वृद्धि, प्रदूषण न्यूनीकरण | वातावरण शाखा, योजना शाखा | ग्यास चुलो प्रयोग गर्ने घरपरिवारको संख्या, प्लास्टिक प्रयोग दर |

| | | | | |
|---|---|---|---|---|
| | - प्लास्टिक न्यूनीकरण कार्यक्रम | | | |
| ४. उपभोक्ता सचेतना कार्यक्रम | - विद्यालय र समुदायस्तरमा सचेतना कार्यक्रम | नागरिकमा दिगो उपभोगको चेतना वृद्धि | महिला विकास शाखा, सूचना शाखा | आयोजना गरिएको सचेतना कार्यक्रमको संख्या, सहभागीको संख्या |
| | - 'दिगो उपभोग विषयमा जनसम्पर्क अभियान | | | |
| | - बजार अनुगमन र प्रमाणीकरण | | | |

## ६.२ दिगो विकास लक्ष्य १३ (**SDG13**) जलवायु परिवर्तन र यसको प्रभाव नियन्त्रण गर्न तत्काल पहल थाल्ने ।

### ६.२.१ विषय प्रवेश

गौमुल गाउँपालिका जलवायु परिवर्तनका दृष्टिले संवेदनशील क्षेत्रमा पर्दछ । यहाँ वर्षा, खडेरी, पहिरो, हिमपहिरो तथा जलस्रोत सुक्ने समस्याहरू देखिदै छन् । वनको कटानी, वायुप्रदूषण, फोहर व्यवस्थापनको समस्या र जैविक विविधताको ह्रास चुनौतीका रूपमा रहेका छन् । वातावरणीय सचेतना, सामुदायिक वन संरक्षण र वृक्षारोपण कार्यक्रमहरू भए तापनि दीर्घकालीन जलवायु अनुकूलन रणनीति र योजना अझै अपर्याप्त रहेको देखिन्छ । गौमुल गाउँपालिकाले वातावरणीय सुधारका लागि वृक्षारोपण, सामुदायिक वन संरक्षण र विद्यालयस्तरमा हरित कार्यक्रम सञ्चालन गरिरहेको छ । विकास आयोजनाहरूमा वातावरणीय परीक्षण प्रक्रिया सुरु गरिएको छ । वातावरणीय संरक्षण र जलवायु अनुकूलनका दीर्घकालीन नीति, संस्थागत संरचना र पर्याप्त बजेट व्यवस्थापन अझै आवश्यक छ ।

**तालिका नं. १५ खाना पकाउन प्रयोग गरिने ईन्धनको विवरण**

| क्र.सं. | खाना पकाउने ईन्धन | गौमुलको प्रतिशत | राष्ट्रिय प्रतिशत |
|---|---|---|---|
| १ | काठ/ दाउरा | ९८.५ | ५१ |
| २ | एल. पी. ग्यास | १.३ | ४४.३ |
| ३ | विजुली | ०.१ | ०.५ |
| ४ | मट्टितेल | ०.१ | ०.०५ |
| ५ | गुइठा/गोवर | - | २.९ |
| ६ | वायोग्यास | - | १.२ |

स्रोतः राष्ट्रिय जनगणना २०७८

### ६.२.२ लक्ष्य नं. १३ को लागि पालिकाले चाल्नु पर्ने कदमहरूः

- जलवायु परिवर्तन अनुकुलन हुने गरी नीति, ऐन, नियम, नियमावली, सिद्धान्त, योजना तर्जुमा एवं कार्यान्वयन गर्ने ।
- वातावरणमैत्री स्थानीय योजनाहरू र सम्भाव्य प्राक्रतिक उठ्ने जोखिम सहन सक्ने क्षमताको सुनिश्चित गर्ने।
- प्रकोप व्यवस्थापनका लागि संघीय, प्रादेशिक र स्थानीय एवं निजी क्षेत्रसँग सहयोग समन्वय तथा सहकार्य गर्ने ।
- स्थानीय तहमा प्राकृतिक प्रकोपबाट भएका हानि नोक्सानीको क्षेतिपूर्तिका लागि प्रकोप व्यवस्थापन कोष खडा गर्ने तथा सञ्चालन गर्ने
- स्थानीय तहले आकस्मिक कार्यको तयारी सुनिश्चित गर्ने। यसका अलवा स्थानीय तहमा आकस्मिक कार्य व्यवस्थाहरू एवं प्रकोप पश्चात पनर्वास तथा पुनर्निर्माण योजना समेत तयार गर्ने ।

### ६.२.३ लक्ष्य १३ अन्तरगतका प्राथमिकताहरु

१. स्थानीय जलवायु परिवर्तन अनुकूलन कार्ययोजना (LAPA; Local Adaptation Plan of Action) कार्यान्वयन गर्नु।

२. जलवायुजन्य विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्रणाली सुदृढ गर्नु।

३. वातावरण संरक्षण तथा वृक्षरोपण कार्यक्रम सञ्चालन गर्नु।

४. नवीकरणीय ऊर्जा र हरित प्रविधिको प्रवर्द्धन गर्नु।

## दिगो विकास लक्ष्य -१३ को लागि गौमुल गाउँपालिकाको कार्ययोजना

| स्थानीय सूचकहरू | योजना (कार्यहरू) | अपेक्षित उपलब्धी | पालिकाको जिम्मेवार शाखा /इकाई | उपलब्धी सूचक |
|---|---|---|---|---|
| १. स्थानीय जलवायु अनुकूलन योजना कार्यान्वयनको अवस्था | स्थानीय जलवायु अनुकूलन योजना (LAPA) अद्यावधिक तथा कार्यान्वयन | जलवायु परिवर्तनको असर न्युनिकरण | योजना तथा वातावरण शाखा | अद्यावधिक गरिएको र कार्यान्वयनमा रहेको LAPA संख्या |

| | | | | |
|---|---|---|---|---|
| २. बाढी, डुबान, आगलागी, चटयाङ जस्ता विपद जोखिम न्युनिकरण | जोखिम पहिचान गरी जोखिम न्यूनीकरण संरचना (जस्तै तटबन्ध, पानी निकास) निर्माण | जोखिम न्यूनीकरण र सुरक्षित बस्ती | पूर्वाधार शाखा /विपद व्यवस्थापन शाखा | निर्मित संरचनाको संख्या र जोखिम न्यूनीकरणको तथ्यांक |
| ३. हरियाली प्रवर्द्धन र कार्बन उत्सर्जन न्यूनीकरण | सामुदायिक वृक्षरोपण, स्वच्छ इन्धसन प्रवर्द्धन, हरित विद्यालय घोषणा | हरित क्षेत्रको विस्तार र उत्सर्जन न्यूनीकरण | वन तथा वातावरण शाखा | वृक्षरोपण क्षेत्रफल (हेक्टेयर) र हरित विद्यालयको संख्या |
| ४. वातावरणीय शिक्षा र जनचेतना | विद्यालय, महिला समूह, युवासँग वातावरणीय सचेतना कार्यक्रम | वातावरण संरक्षणमा समुदायको सक्रिय सहभागिता | शिक्षा शाखा / वातावरण शाखा | सचेतना कार्यक्रमको संख्या र सहभागीको विवरण |

## ६.३ दिगो विकास लक्ष्य १४ (SDG14) दिगो विकासको लागि महासागर, समुद्र र समुद्री साधन स्रोतहरूको संरक्षण र दिगो प्रयोग गर्ने ।

### ६.३.१ विषय प्रवेश

महासागर तथा तटीय क्षेतहरूको संरक्षण गर्नुमा नेपाल भुपरिवेष्ठित मुलुक भएकोले प्रत्यक्ष जिम्मेवार नभए तापनि तटीय क्षेत्र तथा महासागरहरूमा पर्दुषण घटाउन नदीको माथिल्ला भागमा सरसफाई तथा फोहरमैलाको व्यवस्थापन गर्न जरूरी पर्दछ ।विश्वव्यापी विकास तथा वातावरणीय दिगो विकासका प्रयासहरूबीच ठुलो अन्तरसम्बन्ध भए तापनि भौगोलिम अवस्थितिको कारणले दिगो विकासका चौधौं लक्ष्य, नेपाल तथा खासगरी नेपालका स्थानीय तहसँग कम सम्बन्धित रहेको मानिन्छ । तैपनि स्थानीय, तालतलैया र हिमतालहरू संरक्षण तथा सम्बर्द्धन गर्नु आवस्यक हुन्छ ।

### ६.३.२ लक्ष्य १४ अन्तरगतका प्राथमिकताहरु

१. स्थानीय ताल, खोल्सा, जलाशय तथा जलसम्पदाको संरक्षण र सफाइको नियमित व्यवस्था गर्ने।

२. माछा पालनको प्रवर्द्धनसहित जल स्रोतको दिगो प्रयोग र जैविक विविधताको संरक्षण।

३. जल स्रोत प्रदूषण न्यूनीकरणका लागि फोहोरमैला व्यवस्थापन र सरसफाइ सचेतना अभिवृद्धि गर्ने।

४. जलाशय क्षेत्रलाई पर्यटकीय क्षेत्रको रूपमा विकास गर्दै जैविक प्रणालीको सन्तुलन कायम गर्ने।

## दिगो विकास लक्ष्य -१४ को लागि गौमुल गाउँपालिकाको कार्ययोजना

| स्थानीय सूचकहरू | योजना (कार्यहरू) | अपेक्षित उपलब्धी | पालिकाको जिम्मेवार शाखा /इकाई | उपलब्धी सूचक |
|---|---|---|---|---|
| १. स्थानीय जलाशय, पोखरी, खोल्सा, तालहरूको संरक्षण र सफाइ | प्रत्येक वडामा जल स्रोत संरक्षण अभियान संचालन गर्ने | जल स्रोतहरूको दिगो उपयोग र संरक्षण | वातावरण तथा कृषि शाखा | सुरक्षित तथा सुधारिएको जल स्रोतको संख्या |
| २. माछा पालन प्रबर्द्धन र जैविक विविधता संरक्षण | पोखरी/जलाशयहरूमा वैज्ञानिक माछा पालन प्रणाली कार्यान्वयन | रोजगारी वृद्धि, पोषण सुधार, जैव विविधता संरक्षण | कृषि शाखा / पशुपालन शाखा | व्यवसायिक माछा पालन युक्त क्षेत्रको वृद्धि प्रतिशत |
| ३. जल स्रोत प्रदूषण नियन्त्रण | फोहोरमैला व्यवस्थापन प्रणालीलाई जल स्रोत केन्द्रित बनाउने, जनचेतनामूलक कार्यक्रम संचालन गर्ने | जल स्रोतहरूको प्रदूषण स्तर न्यूनीकरण | वातावरण शाखा / फोहोरमैला व्यवस्थापन इकाई | कम प्रदूषित जल स्रोतको प्रतिशत |
| ४. जलाशय क्षेत्रको पर्यटकीय उपयोग | स्थानीय जलाशयलाई वातावरणमैत्री पर्यटन क्षेत्रका रूपमा विकास गर्ने | पर्यटनको माध्यमबाट आर्थिक विकास र जैविक सन्तुलन | योजना शाखा / पर्यटन प्रवर्द्धन समिति | पर्यटन गन्तव्यका रूपमा विकास गरिएका जलाशय क्षेत्रको संख्या |

## ६.४ दिगो विकास लक्ष्य १५ (SDG15) पारस्थितिकीय प्रणालीको संरक्षण, पुनर्स्थापना र दिगो उपयोगको प्रबर्द्धन गर्ने, वनको दिगो व्यवस्थापन गर्ने, मरूभूमीकरण र भूक्षय रोक्ने तथा जैविक विविधताको संरक्षण गर्ने ।

### ६.४.१ विषय प्रवेश

यस गाउँपालिकामा ६ वटा सामुदायिक वन, ५ वटा निजी वन, ३ वटा कबुलियत वन र १ वटा सकारी वन रहेका छन् भने ५५ प्रतिशत परिवारहरू वनमा आबद्ध रहेका छन् । गाउँपालिकाले सबै प्रकारका वन व्यवस्थापनका लागि वृक्षा रोपन जस्ता कार्यहरू गरेको छ ।

गाउँपालिकामा जम्मा ५ स्थानमा भूक्षयको कारण बस्ती नै जोखिममा पर्ने अवस्था आएको देखिन्छ भने ४ स्थानमा विकास निर्माणका कारण भूक्षय हुने अवस्था रहेको देखिन्छ । पालिकामा ५ हेक्टर सरकारी जमिन खाली रहेको छ जहाँ वृक्षारोपण जस्ता कार्यक्रमहरू सञ्चालन गर्न जरुरी देखिन्छ । गाउँपालिकामा भएका ५ वटा जलस्रोतहरू मध्ये २ वटा जलस्रोतहरू जोखिममा रहेका छन् । यसका लागि जलस्रोत व्यवस्थापनको एकीकृत योजना तयार गरि लागू गर्नु पर्ने देखिन्छ ।

### ६.४.२ लक्ष्य नं. १५ को लागि पालिकाले चाल्नु पर्ने कदमहरूः

- प्रभावकारी वातावरणीज व्वयस्थापन सुनिश्चित गर्ने सम्बन्धमा नीति, ऐन, कानून, योजना तथा नियमावली तर्जुमा एवं कार्यान्वयन गर्ने ।
- भूसंरक्षण तथा जलाधाधार व्यवस्थापन प्रभाबकारी रूपमा गर्ने ।
- स्थानीय तहमा सामुदायिक वन, ग्रामीण तथा शहरी वन, धार्मिक वन तथा कवुलियती वनको संरक्षण, प्रवर्द्धन, प्रयोग, नियमन तथा व्यवस्थापन गर्ने ।
- नदीले छोडेका ठाउँहरू वा नदी कटानहरू, नहरका किनारहरू तथा सडक किनारहरूमा वृक्षारोपणको व्यवस्थापन गर्ने ।
- स्थानीय तहमा निजी तथा व्यावसायिक वनको प्रवर्द्धन तथा नियमन गर्ने ।
- स्थानीय तहमा सार्वजनिक खुला जमिन तथा खाली ठाउँहरूमा वृक्षारोपण, सम्भार, प्रयोग तथा व्यवस्थापन गर्ने ।
- स्थानीय तहमा जडिबुटी तथा अन्य गैरकाष्ठ वन पैदावरको सर्वेक्षण संकलन प्रवर्द्धन, प्रशोधन तथा बजार व्यवस्थापन गर्ने ।
- बीउबीजन बेर्ना तयारीका सथै बगैंचाका स्थापना, व्यवस्थापन तथा प्रवर्द्धन गर्ने ।
- नर्सरी बिरूवा उत्पादन, वितरण, वृक्षारोपण तथा प्रवर्द्धन गर्ने ।
- मानव तथा वन्यजन्तवीचको द्वन्द्व व्वयस्थापन गर्ने ।

६.४.४ लक्ष्य १५ अन्तरगतका प्राथमिकताहरु

१. वन संरक्षण र दिगो व्यवस्थापन

२. जैविक विविधता संरक्षण र पुनर्स्थापना

३. मरूभूमीकरण रोकथाम र जमिन क्षयीकरण न्यूनिकरण

४. वातावरणीय प्रदूषण नियन्त्रण र फोहोर व्यवस्थापन सुधार

## दिगो विकास लक्ष्य -१५ को लागि गौमुल गाउँपालिकाको कार्ययोजना

| स्थानीय सूचकहरू | योजना (कार्यहरू) | अपेक्षित उपलब्धि | पालिकाको जिम्मेवार शाखा /इकाई | उपलब्धि सूचक |
|---|---|---|---|---|
| १. वन क्षेत्रको संरक्षण र दिगो व्यवस्थापन | - गाउँपालिका क्षेत्रका वन संरक्षण अभियान सञ्चालन गर्ने<br>- सामुदायिक वन व्यवस्थापन समितिहरूलाई क्षमता अभिवृद्धि गर्ने<br>- वन क्षेत्रमा वृक्षारोपण कार्यक्रम संचालन गर्ने | वन क्षेत्रको विस्तार र संरक्षण सुनिश्चित हुने | वन तथा वातावरण शाखा | वन क्षेत्रको प्रतिशत वृद्धिदर |
| २. जैविक विविधता संरक्षण र पुनर्स्थापना | - जैविक विविधता संरक्षणका लागि संरक्षित क्षेत्र स्थापना गर्ने<br>- स्थानीय वन्यजन्तु र वनस्पतिका लागि अभ्यारण्य बनाउने<br>- जैविक विविधता संरक्षणसम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गर्ने | जैविक विविधताको संरक्षण र पुनर्स्थापना हुने | वन तथा वातावरण शाखा | संरक्षित क्षेत्रको हेक्टर र वन्यजन्तु संख्या |
| ३. जमिनको कटान र क्षयीकरण न्यूनिकरण | - जमिन कटान रोक्न स्थानीय जनतालाई सचेतना कार्यक्रम सञ्चालन गर्ने<br>- जमिन संरक्षणका लागि चिरा नहर तथा तालाब निर्माण गर्ने | जमिनको कटान र क्षयीकरणमा कमी आउने | कृषि शाखा, वातावरण शाखा | जमिन कटान भएको क्षेत्रफलमा कमी |

| | | | | |
|---|---|---|---|---|
| | -कटान रोक्न स्थानीय कानून लागू गर्ने | | | |
| ४. वातावरणीय प्रदूषण नियन्त्रण र फोहोर व्यवस्थापन सुधार | - फोहोर व्यवस्थापन प्रणाली सुधार गर्ने (वर्गीकृत फोहोर संकलन) | वातावरणीय प्रदूषण न्यूनिकृत हुने र सफा गाउँपालिका बन्ने | वातावरण शाखा | फोहर वर्गिकरण गरी त्यसको उचित व्यवस्थापन गर्ने परिवार संख्या |
| | - नदीनालामा फोहोर नफाल्ने अभियान सञ्चालन गर्ने | | | नदीमा फोहोर फाल्ने काममा न्युन भएको हुनेछ । |
| | - सरसफाइमा स्थानीय समुदायको सहभागिता सुनिश्चित गर्ने | | | |

# परिच्छेद-७
# संस्थागत विकास र सुशासन

**(दिगो विकास लक्ष्य १६ र १७)**

## ७.१ दिगो विकास लक्ष्य १६ (SDG16) दिगो विकासका लागि शान्तिपूर्ण र समावेशी समाजको प्रवर्द्धन गर्ने, सवैको न्यायमा पहुँच प्रदान गर्ने, सवै तहमा प्रभावकारी जवाफदेही र समावेशी संस्था निर्माण गर्ने ।

### ७.१.१ विषय प्रवेश

गौमुल गाउँपालिकाले नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन २०७४ का आधारमा विभिन्न नीति, नियम र कार्यविधि तयार पारेको छ । यी नीति कार्यान्वयनमा एकरूपता, अद्यावधिक प्रक्रिया तथा सबै तहका कर्मचारी र जनप्रतिनिधिहरू बीच सहकार्य आवश्यक देखिन्छ । गाउँपालिकाले नीति तथा ऐन निर्माण प्रक्रियामा नागरिक सहभागिता सुनिश्चित गर्ने प्रयास गरेको छ । वार्षिक नीति तथा कार्यक्रम सार्वजनिक सुनुवाइमार्फत अघि बढाइएको छ । सार्वजनिक सेवा प्रवाह पारदर्शी बनाउन सूचना प्रवाह तथा सेवा गुनासो व्यवस्थापन प्रणाली स्थापना गरिएको छ । सवैको न्यायमा पहुँच प्रदान गर्ने, सवै तहमा प्रभावकारी जवाफदेही र समावेशी संस्था निर्माण गर्ने ।

### ७.१.२ लक्ष्य नं. १६को लागि पालिकाले चाल्नु पर्ने कदमहरू:

- नगर प्रहरी सञ्चालन, नियमन तथा व्यवस्थापन प्रभावकारी र कुशल बनाउने ।
- उपप्रमुख वा उपाध्यक्षको नेतृत्वमा न्यायिक समितिबाट व्याय सम्पादन छिटो, छरितो र नश्पक्ष गर्ने ।
- मध्यस्थता तथा मेलमिलापमा जोड दिने ।
- समावेशी तथा सहभागितामुलक योजना तर्जुमामा, बजेट तर्जुमा तथा कार्यान्वयन प्रक्रिया सुनिश्चत गर्ने
- स्थानीय विकासका सुचकहरूलाई विद्युतीय माध्यमद्वारा सार्वजनिक गरेर उत्तरदायित्व प्रवर्द्धन गर्ने ।

### ७.१.३ लक्ष्य १६ अन्तरगतका प्राथमिकताहरु

१. शान्तिपूर्ण र समावेशी समाजको प्रवर्द्धन गर्ने ।
२. न्यायमा सबैको पहुँच सुनिश्चित गर्ने ।
३. पारदर्शिता, जवाफदेहीता र भ्रष्टाचार नियन्त्रण गर्ने ।
४. स्थानीय संस्थाहरूको क्षमता विकास र सेवा गुणस्तर सुधार गर्ने ।

# दिगो विकास लक्ष्य -१६ को लागि गौमुल गाउँपालिकाको कार्ययोजना

| स्थानीय सूचक | योजना (कार्यहरू) | अपेक्षित उपलब्धि | पालिकाको जिम्मेवार शाखा /इकाई | उपलब्धि सूचक |
|---|---|---|---|---|
| १. घरेलु हिंसा उजुरी संख्या | हेल्प डेस्क स्थापना र सचेतना कार्यक्रम | उजुरी संख्या ५०% ले घट्ने | न्यायिक समिति, महिला शाखा | उजुरी संख्या वर्षेनि घटेको हुनेछ । |
| २. न्यायिक समितिद्वारा मेलमिलापबाट समाधान भएका मुद्दाको प्रतिशत | समिति सदस्य तालिम तथा व्यवस्थापन प्रणाली सुधार | ८०% मुद्दा मेलमिलापमार्फत समाधान | न्यायिक समिति | मेलमिलापबाट समाधान भएको मुद्दा प्रतिशत |
| ३. जन सुनुवाई तथा सामाजिक लेखा परीक्षण कार्यक्रम संख्या | वडास्तरमा बार्षिक जन सुनुवाई | सबै वडामा वर्षेनि १ कार्यक्रम | योजना शाखा, वडा कार्यालय | सार्वजनिक सुनुवाईको वार्षिक संख्या |
| ४. सूचना सार्वजनिक गर्ने दर | वेबसाइट र सूचना बोर्ड अद्यावधिक | १००% सूचना समयमै सार्वजनिक | सूचना अधिकारी, IT शाखा | प्रकाशित सूचनाको संख्या |
| ५. अनलाइन जनगुनासो समाधान दर | गुनासो टिपोट तथा अनुगमन प्रणाली सञ्चालन | ९०% गुनासो १५ दिनभित्र समाधान | IT शाखा, प्रशासन | समाधान भएका गुनासो प्रतिशत |
| ६. सेवा प्रवाह सन्तुष्टि दर | नागरिक सन्तुष्टि सर्वेक्षण र सेवा सुधार | ८०% नागरिक सन्तुष्ट | प्रशासन शाखा | सर्वेक्षणमा सन्तुष्ट जनसंख्या अनुपात |

| | | | | |
|---|---|---|---|---|
| ७. कर्मचारी तथा जनप्रतिनिधिको तालिम सहभागिता | सुशासन, सेवा सुधार, मानव अधिकार तालिम | सबै कर्मचारीले कम्तीमा १ तालिम | प्रशासन शाखा | तालिममा सहभागीको संख्या |
| ८. मानव अधिकार सचेतना कार्यक्रम संख्या | विद्यालय र समुदायमा चेतना कार्यक्रम | वर्षमा १० कार्यक्रम | शिक्षा शाखा, महिला विकास शाखा | सञ्चालन भएका कार्यक्रम संख्या |

## ७.२ दिगो विकास लक्ष्य १७ (SDG17) दिगो विकासको लागि विश्वव्यापी साझेदारी सशक्त वनाउने र कार्यान्वयनको लागि स्रोत साधन सुदृढ गर्ने

### ७.२.१ विषय प्रवेश

जनताको निकटतम तहको सरकार भएकोले दिगो विकस लक्ष्य हासिल गर्न गौमुल गाउँपालिका निर्णायक भूमिका खेल्नेछ । यो पालिका गरिवी निवारण तथा दिगो विकास लक्ष्यका बहुआयमिक चुनौतीहरूलाई सम्बोधन गर्न उपयुक्त नीतिको विकास गर्दछ । यो पालिका संघ, प्रदेश र स्थानीय तहसँग संविधानले गरेको सहकारिता, समन्वय र सहअस्तित्वको सिद्धान्त वमोजिम सहकार्य गरिरहेको छ । सामुदायिक संस्थाहरू, निजी क्षेत्र तथा नागरिक समाजबीच साझेदारी तथा सहजीकरण गर्न प्रोत्साहन गर्ने गरेको छ । सवैलाई समेटेर स्रोत परिचालन गर्न तथा दिगो विकासका लक्ष्य प्राप्त गर्न गौमुल गाउँपालिका सवैसँग सहकार्य गर्न प्रतिवद्ध छ ।

### ७.२.२ लक्ष्य नं. १७ को लागि पालिकाले चाल्नु पर्ने कदमहरूः

- यस दिगो विकास कार्ययोजनाको कार्यान्वयन र अनुगमन प्रभावकारी वनाउने ।
- आफ्नो क्षेत्रभित्र राष्ट्रिय विकासका उद्येश्यहरू प्रवर्द्धन हुने किसिमका कार्यक्रमहरू संयुक्त रूपमा सञ्चालन गर्ने र यसमा सहभागितात्मक ढङ्गले काम गर्ने ।
- स्थानीय विकासका लक्ष्यहरू हासिल गर्न स्थानीय तहले आफ्नै राजश्व स्रोतबाट आर्थिक स्रोतहरू सृजना गर्ने ।
- स्थानीय स्तरमा दिगो विकास लक्ष्य हासिल गर्न सार्वजनिक निजी साझेदारी अवधारणा अपनाउने
- नागरिकको इन्टरनेट पहँच (पुस्तकालयहरू, सामुदायिक केन्द्र आदि ) सहयोग गर्न स्थानीय तहले प्रयास गर्ने ।

### ७.२.३ लक्ष्य १७ अन्तरगतका प्राथमिकताहरु

**१. वित्तीय स्रोत अभिवृद्धि र पारदर्शिता**

- स्थानीय विकासका लागि बजेटको पर्याप्त व्यवस्था र प्रभावकारी उपयोग गर्ने ।
- अनुदान, सहायता र आम्दानी स्रोतहरूको पारदर्शिता र जवाफदेहीता प्रवर्द्धन गर्ने ।

**२. सहयोग र साझेदारीको मजबुतीकरण**

- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकास संस्था, निजी क्षेत्र, नागरिक समाजसँग सहकार्य गर्ने ।
- सहकार्य मार्फत प्राविधिक, वित्तीय र प्रबन्धकीय स्रोतको प्रवाह गर्ने ।

**३. प्रविधि र नवप्रवर्तनको पहुँच विस्तार**

- सूचना तथा सञ्चार प्रविधिको उपयोग र पहुँच सुधार
- स्थानीयस्तरमा नवप्रवर्तन र प्राविधिक सहयोगको प्रवर्द्धन

**४. आर्थिक, सामाजिक तथा वातावरणीय डेटा संकलन र व्यवस्थापन**

- तथ्यांक सङ्कलन, विश्लेषण र साझेदारी प्रणाली सुदृढीकरण
- योजना र नीति निर्माणमा आधारभूत डेटा प्रयोग

**५. नीति सुसंगतता र समन्वय प्रवर्द्धन**

- स्थानीय, प्रदेश र संघीय तहबीच नीति समन्वय
- विकास योजनाहरूमा विभिन्न निकायहरूबीच सहकार्य

**६. स्थानीय क्षमता विकास**

- जनप्रतिनिधि र कर्मचारीहरूको क्षमता अभिवृद्धि
- दिगो विकास लक्ष्य सम्बन्धी प्रशिक्षण र सचेतना कार्यक्रमहरू सञ्चालन

**७. सामाजिक समावेशीता र समानता प्रवर्द्धन**

- सबै वर्गको सहभागीता सुनिश्चित गर्ने कार्यक्रमहरू
- लैङ्गिक समानता र सामाजिक न्याय सुनिश्चित

# दिगो विकास लक्ष्य -१७ को लागि गौमुल गाउँपालिकाको कार्ययोजना

| स्थानीय सूचक | योजना (कार्यहरू) | अपेक्षित उपलब्धि | पालिकाको जिम्मेवार शाखा /इकाई | उपलब्धि सूचक |
|---|---|---|---|---|
| १. स्थानीय विकासका लागि बजेट व्यवस्थापन र पारदर्शिता | वार्षिक बजेट तयारीमा समावेशी प्रक्रिया अपनाउने, अनुदान र सहयोगको पारदर्शिता सुनिश्चित गर्ने | बजेटमा विभिन्न वर्गको सहभागिता र पारदर्शिता वृद्धि | वित्तीय शाखा, योजना शाखा | बजेट अनुमोदनमा सहभागीता प्रतिशत, पारदर्शिता सूचक |
| २. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय साझेदारी स्थापना | संघीय, प्रदेश र विकास साझेदारहरूसँग नियमित समन्वय बैठक गर्ने, साझेदारी सम्झौता गर्ने | सहकार्य र स्रोत प्रवाहमा वृद्धि | प्रमुख प्रशासकीय अधिकृत, योजना शाखा | सम्पन्न समन्वय बैठक संख्या, साझेदारी सम्झौताहरू |
| ३. सूचना तथा सञ्चार प्रविधि पहुँच विस्तार | नगरका सबै कार्यालयमा ICT उपकरण र इन्टरनेट सेवा विस्तार, डिजिटल सेवा प्रवाह सुरु गर्ने | सबै कार्यालयमा डिजिटल सेवा र ICT पहुँच सुनिश्चित | IT शाखा, प्रशासन शाखा | ICT उपकरण स्थापना संख्या, डिजिटल सेवाको प्रयोग दर |
| ४. तथ्यांक सङ्कलन र व्यवस्थापन सुदृढीकरण | वार्षिक तथ्यांक संकलन तालिका निर्माण गर्ने, डेटा व्यवस्थापन प्रणाली लागू गर्ने | तथ्यांक संकलन र विश्लेषणमा सुधार | योजना शाखा, IT शाखा | तथ्यांक संकलन पूर्णता %, रिपोर्ट तयार हुने समय |
| ५. नीति समन्वय र सूचना साझेदारी | स्थानीय, प्रदेश र संघीय तहबीच नीति समन्वय समितिहरू गठन गर्ने र नियमित बैठक गर्ने | नीति र कार्यक्रमहरूको एकरूपता र समन्वय | प्रमुख प्रशासकीय अधिकृत, योजना शाखा | समितिको बैठक संख्या, नीति एकरूपता सूचक |

| | | | | |
|---|---|---|---|---|
| ६. कर्जनप्रतिनिधि क्षमता विकास | दिगो विकास लक्ष्य र साझेदारी सम्बन्धी तालिम सञ्चालन गर्ने | सबै कर्मचारी र प्रतिनिधि तालिम प्राप्त गर्ने | प्रशासन शाखा | तालिममा सहभागी संख्या, तालिम प्रभाव मूल्याङ्कन |
| ७. सामाजिक समावेशीता प्रवर्द्धन | अल्पसंख्यक, महिला, बालबालिका र कमजोर वर्गका लागि सहभागीता कार्यक्रम सञ्चालन गर्ने | सामाजिक समावेशीता र समानता सुनिश्चित | महिला विकास शाखा, महिला शाखा | सहभागीहरूको वर्ग अनुसार संख्या, सामाजिक समावेशीता सूचक |

# परिच्छेद-८

# अनुगमन तथा मूल्याङ्कन

गौमुल गाउँपालिका तयार गरेको दिगो विकास लक्ष्य सम्बन्धी कार्ययोजनाको अनुगमन तथा मूल्याङ्कन गर्न देहाय बमोजिम ६ सदस्यीय निर्देशन समिति गठन गरिनेछ ।

१) गाउँपालिकाको अध्यक्ष - अध्यक्ष

२) गाउँपालिकाको उपअध्यक्ष- अपाध्यक्ष

३) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत- सदस्य

४) अध्यक्षले निजी क्षेत्र र नागरिक समाजवाट मनोनित गरेका दुई जना प्रतिनिधि (१ जना महिला अनिबार्य )

५) प्रशासन शाखा प्रमुख- सदस्य सचिव

उल्लेखित समितिले माथि बनेको आवधिक योजनामा गरिएका अनुगमन सूचकहरु, उल्लेखित आवधिक योजना अनुसार बार्षिक योजनामा संलग्न कार्यक्रम अपेक्षित उपलब्धि, लाभग्राहीको संख्या, वजेट विस्तृत कार्ययोजना आदीलाई मुख्य सूचक वनाई यसलाई थप मापनयोग्य बनाउनु अरू सूचकहरू थप गर्न सक्नेछ । कार्ययोजनाको मूल्याङ्कन वार्षिक रूपमा हरेक वर्ष गरिनेछ । अनुगमन सूचकहरुको आधारमा नियमित कार्यतालिका बनाई अनुगमन गरिनेछ । र वर्षको एक पटक विज्ञको समेत सहयोग लिई मुल्याङ्कन गरिनेछ । अनुगमनको विधि र साधनको निर्माण अनुगमन समितिले गर्नेछ । उक्त विधि र उपकरणहरूको प्रयोग गरी गरिएको अनुगमन तथा मूल्याङ्कनबाट आएका तथ्याङ्कहरूलाई कम्प्युटर प्रणालीमा पालिकामा संकलन गरिनेछ । संकलित तथ्याङ्कको वर्गिकरण र विश्लेषण गरी हरेक वर्ष अनुगमन तथा मूल्याङ्कनको प्रतिवेदन तयार गरिनेछ । नियमित रूपमा गरिएको अनुगमन र वार्षिक रूपमा गरिएको मूल्याङ्कनको प्रतिवेदन हरेक वर्ष नगरसभा समक्ष पेश गरिनेछ ।

# अनुसूची -१

## गौमुल गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

**घट्टमुना, वाजुरा**

अनुसूची-१

दिगो विकासका लक्ष्य स्थानीयकरण राय सुझाव संकलन फाराम

**सहभागिको आधारभूत विवरण**

नामः

पदः

कार्यालयःगौमुल गाउँपालिका ( अन्य भए खुलाउने.......................................)

वडा नं.

सम्पर्क नं.

कार्यक्रमको प्राथमिकता देखाउन सवैभन्दा वढी प्राथमिक कार्यक्रमलाई १, दोश्रोलाई२, तेश्रोलाई ३........गरी क्रमस कोड गर्नु पर्नेछ ।

| SDGs NO. | लक्ष्य | स्थानीय समस्या | समस्या सामाधान को लागि आवस्यक कार्यक्रम | वडा/ टोल | अपेक्षित उपलब्धी | लागत रकम रू. |
|---|---|---|---|---|---|---|
| १ | सवै क्षेत्रबाट सबै प्रकारका गरिबी अन्त्य गर्ने । | | | | | |
| २ | भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा उन्नत पोषण सुनिश्चत गर्ने र दिगो कृषि प्रबर्द्धन गर्ने । | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवन सुनिश्चित गर्दै समृद्ध जीवनस्तर प्रवर्द्धन गर्ने । | | | | | |
| ४ | समावेशी तथा समातामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र सबैका लागि जीवन पर्यन्त सिकाईका अवसर प्रवर्धन गर्ने । | | | | | |
| ५ | लैंगिक समानता हासिल गर्ने र सबै महिला, किशोरी र बालिकालाई सशक्त बनाउने | | | | | |
| ६ | सबैका लागि स्वच्छ खानेपानी र सरसफाइको उपलब्धताका साथै यसको दिगो व्यवस्थापनमा सुनिश्चित गर्ने । | | | | | |
| ७ | किफायती, विश्वसनीय, दिगो, र आधुनिक उर्जामा सबैका लागि पहुँच सुनिश्चित गर्ने । | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | भरपर्दो, समावेशी र दिगो आर्थिक वृद्धि तथा सबैका लागि पूर्ण र उत्पादनशील रोजगारी र मर्यादित कामको प्रवर्द्धन गर्ने । | | | | | |
| ९ | उत्थानशील पूर्वाधारको निर्माण, समावेशी र दिगो औद्योगीकरणको प्रबर्द्धन र नविन खोजलाई प्रोत्साहान गर्ने । | | | | | |
| १० | मुलुकभित्र तथा मुलुकहरूबीचको असमानता घटाउने | | | | | |
| ११ | सहर तथा मानव वस्तीहरू समावेशी, सुरक्षित, उत्थानशील र दिगो बनाउने | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १२ | दिगो उपभोग र उत्पादन प्रणाली सुनिश्चित गर्ने । | | | | | |
| १३ | जनवायु परिवर्तन र यसको प्रभाव नियन्त्रण गर्न तत्काल पहल थाल्ने । | | | | | |
| १४ | दिगो विकासको लागि महासागर, समुद्र र समुद्री साधन स्रोतहरूको संरक्षण र दिगो प्रयोग गर्ने । | | | | | |
| १५ | पारस्थितिकीय प्रणालीको संरक्षण, पुनर्स्थापना र दिगो उपयोगको प्रबर्द्धन गर्ने, वनको दिगो व्यवस्थापन गर्ने, मरूभूमीकरण र भूक्षय रोक्ने तथा जैविक विविधताको संरक्षण गर्ने । | | | | | |
| १६ | दिगो विकासका लागि शान्तिपूर्ण र समावेशी समाजको प्रवर्द्धन गर्ने, सवैको न्यायमा पहुँच प्रदान गर्ने, सवै तहमा प्रभावकारी जवाफदेही र समावेशी संस्था निर्माण गर्ने । | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १७ | दिगो विकासको लागि विश्वव्यापी साझेदारी सशक्त वनाउने र कार्यान्वयनको लागि स्रोत साधन सुदृढ गर्ने | | | | | |

थप राय, सुझाव उल्लेख गर्नुहोस

| | |
|---|---|
| १............................................... | |
| २............................................... | |
| ३.................................................... | |
| ४.................................................. | |

# अनुसूची २: सन्दर्भ सामाग्रीहरू

१) दिगो विकास लक्ष्य स्थानीयकरण स्रोत पुस्तिका, राष्ट्रिय योजना आयोग, २०७७

२) गौमुल गाउँपालिकाको आवधिक योजना २०८२।८३-८६।८७

३) स्रोह्रौ योजना आर्थिक वर्ष (८१।८२-८५।८६)

४) दिगो विकास कार्यन्वयन विधि स्थानीय तहको लागि हाते पुस्तिका

५) दिगो विकास लक्ष्य सांकेतिकरण स्रोत पुस्तिका २०७९

६) स्थानीय सरकार सञ्चालन ऐन, २०७४

७) गौमुल गाउँपालिकाको आर्थिक ऐन

८) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्रकाशित विभिन्न प्रतिवेदन

९) अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत लगायत जनप्रतिनिधि र कर्मचारी ज्यू सँगको छलफलबाट प्राप्त तथ्य तथ्याङ्क

१०) समाजसेवी वुद्धिजिवी सँगको छलफल तथा अन्तरक्रिया


गौमुल गाउँपालिका
बाजुरा








गौमुल गाउँपालिका
बाजुरा







गौमुल गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

घट्मुना, बाजुरा, सुदूरपश्चिम प्रदेश, नेपाल

SUSTAINABLE DEVELOPMENT GOALS

*"दिगो विकासका लक्ष्यहरु:*
*स्थानीय तहको सक्रियता, समावेशी विकासको सुनिश्चितता"*


गौमुल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घट्मुना, बाजुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

टेलिफोन नं.
9848492727

ईमेल
ito.gaumulmun@gmail.com

वेबसाइट
https://gaumulmun.gov.np